# कानुनी समाचार



FREEDOM FORUM

• Democracy • Media Freedom • Human Rights • Development

फ्रिडम फोरम अनुसन्धान एवं वकालतकर्ता प्राज्ञिक समुदायको साझा पहल हो । लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित रहने उद्देश्यले २०६२ सालमा यसको स्थापना भएको हो ।

मानव स्वतन्त्रताको उच्चतम् मूल्यप्रति प्रतिबद्ध पत्रकार, कानुन व्यवसायी, मानव अधिकारकर्मी, प्राध्यापक-शिक्षक, समाजशास्त्री, अर्थशास्त्री, राजनीतिशास्त्री तथा विकास कार्यकर्ताहरूको साझा मञ्चका रूपमा यो फोरम स्थापना गरिएको हो ।

समुन्नत लोकतान्त्रिक समाज यसको लक्ष्य हो । मुलुकका विभिन्न क्षेत्रमा छरिएर रहेका स्वतन्त्रताका पुजारीहरू यसका सदस्य हुन सक्छन् । नागरिक समाज, आमसञ्चार, पेसागत क्षेत्र र तल्लो तहका सामुदायिक संगठनहरूसँग सहकार्य गरेर अगाडि बढ्ने हाम्रो नीति रहेको छ ।

सम्पूर्ण स्वतन्त्रता मानव सभ्यताको अनन्त चाहना हो । स्वतन्त्रताभन्दा मूल्यवान अरू केही छैन भन्ने फ्रिडम फोरम ठान्दछ ।

FREEDOM FORUM
• Democracy • Media Freedom • Human Rights • Development
Thapathali, Kathmandu, Tel: 4102030, E-mail:freedomforum@enet.com.np

# कानुनी समाचार



FREEDOM FORUM

• Democracy • Media Freedom • Human Rights • Development

# कानुनी समाचार

## (अदालती पत्रकारिता तालिममा सहभागी प्रशिक्षार्थीमध्ये अध्ययनवृत्ति प्राप्त प्रशिक्षार्थीहरुले गरेको कानुनी रिपोर्टिङ्गको नमूना संकलन)

FREEDOM FORUM
● Democracy ● Media Freedom ● Human Rights ● Development

कार्यालय : प्रसुतिगृह रोड, थापाथली, काठमाडौं, घर नं. २२, आदर्शमार्ग
पो.ब.नं. २४२९२, फ्याक्स : ०९७७–०१–४१०२०२२, फोनः ४१०२०३०
ईमेलः info@freedomforum.org.np, freedomforum@enet.com.np
Web: freedomforum.org.np, nepalpressfreedom.org

सर्वाधिकार © फ्रिडम फोरम (स्वतन्त्रता मञ्च) मा सुरक्षित।

**सम्पादन :** रामप्रसाद दाहाल / सुवास शर्मा

**प्रकाशक :** फ्रिडम फोरम
www : nepalpressfreedom.org
www : freedomforum.org.np
**इमेल** : freedomforum@enet.com.np
info@freedomforum.org.np
पोष्ट बक्स नं. २४२९२, फोन नं. ४१०२०३०
थापाथली, काठमाडौं, नेपाल

**प्रकाशन मिति :** २०६५, असार
**प्रति :** १०००
**लेआउट :** श्याम महर्जन 'कोर्पा'
**मुद्रण :** नेपाल प्रिण्टिङ सर्पोट, अनामनगर, काठमाडौं
फोन ४२६५८२१

# भूमिका

नेपालको पत्रकारिताको क्षेत्रमा कानुनी पत्रकारिताले छुट्टै विषयकोरुपमा आफ्नो विशेष स्थान वनाउँदैछ। कानुनी पत्रकारिताको अभ्यासले सञ्चारकर्मी र प्रेस स्वयंलाई जिम्मेवार, दक्ष र प्रभावकारी बनाई देशको न्यायिक प्रणालीलाई जनउत्तरदायी र सहज बनाउनका लागि महत्वपूर्ण सहयोग पुऱ्याउने अनुभव हुन थालेको छ। प्रभावकारी न्याय सम्पादनका लागि सञ्चारकर्मीले सहजकर्ताको भूमिका निर्वाह गर्न सक्दछन्।

फ्रिडम फोरमले कानुनी क्षेत्रमा समाचार संकलन-सम्प्रेषण गरिरहेका तथा गर्ने रुची राखेका सञ्चारकर्मीहरूको सीप, क्षमता र दक्षता अभिवृद्धिका लागि सर्वोच्च अदालत र पुनरावेदन अदालत क्षेत्रलाई केन्द्रित गरी देशका विभिन्न पाँच स्थानमा कानुनी पत्रकारिता तालिम सम्पन्न गरेको छ ।

वि.सं. २०६४ सालको असारको पहिलो हप्ताबाट थालनी गरिएको यो कार्यक्रम सोही वर्षको माघको अन्तिम हप्तामा समापन भएको थियो । काठमाडौंमा पुनरावेदन अदालत क्षेत्रमा कार्यरत रहेका सञ्चारकर्मीहरूका लागि सुरु भएको प्रशिक्षणको यो अभियान धनकुटा, पोखरा, दाङ हुँदै पुनः काठमाडौंमा सर्वोच्च अदालत क्षेत्रमा कार्यरत सञ्चारकर्मीहरूलाई प्रशिक्षित गर्दै सम्पन्न भएको थियो । प्रशिक्षण कार्यक्रम ५ दिनको थियो तर सहभागी, सञ्चारकर्मी र कानुन र न्यायसँग सम्वद्ध व्यक्तिहरूको सुझावलाई कदर गर्दै काठमाडौंमा सञ्चालन भएको अन्तिम प्रशिक्षण भने ६ दिनसम्म सञ्चालन गरिएको थियो ।

सञ्चारकर्मीको क्षमता बढाउँदै उनीहरूमा व्यवसायिक दक्षता अभिवृद्धि गर्ने यस कार्यक्रमभित्र मुख्यतः दुईवटा विषयवस्तु अन्तर्निहित रहेका थिए । पहिलो चरणअन्तर्गत प्रशिक्षण कार्यक्रम समावेश थियो भने

दोस्रो चरणअन्तर्गत प्रशिक्षणमा सहभागी भएकामध्ये उत्कृष्ट सहभागी सञ्चारकर्मीलाई कानुनी पत्रकारिता लेखनवृत्ति प्रदान गर्ने थियो ।

कार्यक्रमको पहिलो चरणअन्तर्गत देशभरिका सञ्चारकर्मीहरूमध्ये ९४ जनालाई छनौट गरी प्रशिक्षण प्रदान गरियो भने दोस्रो चरणअन्तर्गत एउटा प्रशिक्षण कार्यक्रमबाट प्रशिक्षित सञ्चारकर्मीहरूमध्येबाट ५ जना उत्कृष्ट सञ्चारकर्मीलाई छनौट गरी लेखनवृत्ति प्रदान गरियो । यसरी फ्रिडम फोरमले सञ्चालन गरेका पाँच वटा प्रशिक्षण कार्यक्रमबाट २५ जना सञ्चारकर्मीलाई अदालती/कानुनी क्षेत्रमा अनुसन्धानात्मक रिर्पोटिङ्ग लेखनवृत्ति दिइयो ।

लेखनवृत्तिका लागि सहभागी छनौट गर्न प्रशिक्षकद्वय धर्मेन्द्र झा र श्रीकृष्ण भट्टराई तथा फ्रिडम फोरमका अध्यक्ष तारानाथ दाहालको एक मूल्याङ्कन समिति थियो । लेखनवृत्तिका लागि सहभागी छनौट गर्दा सबै प्रशिक्षार्थीबाट प्रस्ताव आह्वान गरिएको थियो । उत्कृष्ट सहभागीहरू छनौटका लागि दुई मुख्य आधार अवलम्वन गरिएको थियो : (१) सहभागीले पेश गरेको विषयको सान्दर्भिकता, स्पष्टता र रिर्पोटिङ्ग शैली-प्रस्तुति र, (२) सहभागीहरूले प्रशिक्षणका समयमा देखाएको सक्रियता र प्रतिवद्धता । प्रशिक्षार्थीहरूको मूल्याङ्कनका लागि मूल्याङ्कन फारम बनाई तथ्यगत आधारमा सहभागीलाई अङ्क प्रदान गरी छनौट गरिएको थियो ।

छानिएका वृत्ति प्राप्तकर्ताहरूलाई दुई महिनाको समयावधिभित्र छनौट भएको प्रस्तावको क्षेत्रभित्र रही कम्तिमा ५ वटा समाचार संकलन गरी प्रकाशन वा प्रसारण गर्नुपर्ने दायित्व सुम्पिएको थियो । यसरी लेखनवृत्तिप्राप्त गरेका २५ जना सञ्चारकर्मीहरूमध्ये २३ सहभागीले समयमै कार्य सम्पन्न गरेका थिए । यस क्रममा एक सय १० वटा समाचार प्रकाशन-प्रसारण भए । यस अवधिमा अदालती समाचारले नेपाली सञ्चारमाध्यममा राम्रो स्थान पायो र प्रभाव पनि पाऱ्यो । यो क्रम अहिले पनि निरन्तर देख्न पाउनु सन्तोषको विषय हो ।

वृत्ति प्राप्तकर्ताहरूले संकलन गरेका समाचार सामाग्रीमध्ये केही सामाग्रीलाई सामान्य सम्पादनसहित यस पुस्तिकामा प्रकाशन गरिएको छ । साथै, सम्पादनको क्रममा देखिएका कमी-कमजोरीहरूलाई पनि यसमा सुझावका रुपमा संक्षेपमा प्रस्तुत गरिएको छ । यो प्रकाशनको उद्देश्य

अदालती समाचार केवल ठूल-ठूला संवैधानिक तथा जनसरोकारका विषयसम्बन्धी मुद्दामात्र हुँदैनन्, सामान्य र सर्वसाधारणका विषय पनि समाचार बन्न सक्छन्, त्यस्ता समाचार अदालत एवं कानुन कार्यान्वयन गर्ने निकायहरूमा केन्द्रदेखि जिल्ला तहसम्म दिनहुँ यत्रतत्र भेटिन्छन् र ती प्रकाशन र प्रसारण लायक समाचार हुनसक्छन् भनेर दृष्टान्त दिनु हो ।

यस पुस्तिकामा समेटिएका समाचारलाई पाँच भागमा विभाजन गरिएको छ । पहिलो भागमा पुनरावेदन अदालत, पाटन क्षेत्रअन्तर्गतका वृत्तिप्राप्तकर्ताहरूको समाचारहरूलाई प्रस्तुत गरिएको छ । दोस्रो भागमा धनकुटा, इलाम, विराटनगर र राजविराज पुनरावेदन अदालतले समेटेका क्षेत्रका र तेस्रोमा हेटौंडा, बाग्लुङ, पोखरा र बुटवल पुनरावेदन अदालतले समेटेका क्षेत्रका वृत्ति प्राप्तकर्ताहरूका समाचारहरूलाई प्रस्तुत गरिएको छ । चौथो भागमा बाँके, सुर्खेत, तुल्सीपुर, महेन्द्रनगर, डोटी र जुम्ला पुनरावेदन अदालतले समेटेका क्षेत्रका सञ्चारकर्मीहरूको समाचारलाई समेटिएको छ भने अन्तमा सर्वोच्च अदालत क्षेत्रका वृत्ति प्राप्तकर्ताहरूको समाचारहरू प्रस्तुत गरिएको छ । यी मोडल रिपोर्टिङ्ग नभई कानुनी पत्रकारिताका क्षेत्रमा अगाडि बढ्न प्रेरणा दिने नमुना समाचार मात्र हुन् ।

यस पुस्तिकाले कानुनी पत्रकारिताको क्षेत्रमा रिर्पोटिङ्गको सीप प्रवर्द्धन गर्न सकारात्मक सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लिइएको छ । प्रस्तुत पुस्तक संयोजन र सम्पादनमा खट्नु हुने फ्रिडम फोरमका कानुनी डेस्कका अधिवक्ता **मित्र सुवास शर्मा र पत्रकार मित्र रामप्रसाद दाहाल** दुवैमा विशेष धन्यवाद छ । यसैगरी तालिम कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न संलग्न हुनुहुने प्रशिक्षकद्वय धर्मेन्द्र झा र श्रीकृष्ण भट्टराई तथा सबै अतिथि प्रशिक्षकहरू एवं स्थानीय संयोजक साथीहरूप्रति पनि आभार प्रकट गर्दछु । अन्तमा कानुनी सहायता परियोजनाका कार्यक्रम संयोजक कृष्ण पोखरेलसहित सबै सहकर्मीहरूलाई पनि धन्यवाद ज्ञापन गर्दछु ।

**तारानाथ दाहाल**
अध्यक्ष
**फ्रिडम फोरम**

# विषय सूची


| क्रम सं. | विषय | पेज नं. |
|---|---|---|
| | **भाग एक** | |
| १. | पेशी चढ्दै/थन्किदै भ्रष्टाचार मुद्दा | ३ |
| २. | तराईका पुराना पोखरी लोप हुने अवस्थामा | ७ |
| ३. | बलात्कारको अभियोगमा युवक थुनामा | १० |
| ४. | अदालतमा मेलमिलाप केन्द्र स्थापनाः छ महिनामा २४ मुद्दा छिनिए | १५ |
| | **भाग दुई** | |
| ५. | चौध वर्षपछि अदालतबाट सिरक फिर्ता | १९ |
| ६. | झगडियाबीच अदालत बाहिरै मिलापत्र | २२ |
| ७. | दोहोरो अंश पाउने फैसला | २५ |
| ८. | अंश मुद्दा बढ्यो | ३१ |
| ९. | बलात्कृतले क्षतिपूर्ति पाएनन् | ३४ |
| १०. | कर्मचारी नहादा अदालतको काम प्रभावित | ३७ |
| | **भाग तीन** | |
| १०. | अदालतको आदेश पालना भएन | ४१ |
| ११. | अदालतकै आदेशमा बालक गैरकानुनी थुनामा | ५४ |
| १२. | अदालतमा अव्यवस्थित अभिलेख | ५९ |
| १३. | यी मुद्दा अदालत पुग्दैनन् | ६१ |
| १४. | धरौटी फिर्ता हुन्छ र ? | ६३ |
| | **भाग चार** | |
| १५. | गर्भपतनलाई वैधता : थाहा नपाउने महिला अधिक | ६७ |
| १६. | किन हुन्छ महिलाका मुद्दा फछ्र्यौटमा ढिलाई ? | ७१ |
| १७. | बन्द इजलास नियमावलीमा छ, व्यवहारमा छैन | ७४ |
| १८. | दलित कानुन व्यवसायी पलायन | ७७ |
| १९. | अधिकांश मुद्दा कर्तव्य ज्यानसम्बन्धी | ७९ |
| | **भाग पाँच** | |
| २१. | सञ्चारगृहले लत्याए अदालतको फैसला | ८३ |
| २२. | अलपत्र आदेश | ८९ |
| २३. | सर्वोच्चका न्यायाधीशको एक वर्षको काम | ९३ |
| २४. | प्रशासकीय अदालतलाई थप अधिकार चाहियो | ९७ |
| | **अनुसूचीहरू** | |
| २५. | अनुसूची-१ | १०७ |
| २६. | अनुसूची-२ | ११२ |
| २६. | अनुसूची-३ | ११३ |
| २७. | तालिममा सहजकर्ताहरू | ११४ |
| २८. | फ्रिडम फोरम : कानुनी पत्रकारिता तालिम,फेलोसिप कार्यक्रम,मूल्यांकन फाराम | ११५ |
| २९. | फ्रिडम फोरमका प्रकाशनहरू | ११६ |

# भाग
# एक

# पेसी चढ्दै/थन्किादै भ्रष्टाचार मुद्दा

## सर्वोच्च अदालतले नै कानुन पालना गरेन



◆ **रामबहादुर रावल**
**दृष्टि साप्ताहिक**

सर्वोच्च अदालतमा विचाराधीन अधिकांश भ्रष्टाचारसम्बन्धीको मुद्दाको फैसलामा ढिलाई हुने गरेको छ, यसबाट अदालतमाथि नै औंला ठड्याउने स्थिति पैदा भएको छ ।

सर्वोच्च अदालतबाट प्राप्त तथ्यांकअनुसार, हाल चार सय ८१ भ्रष्टाचार मुद्दा विचाराधीन छन् । यीमध्ये तीन सय ६६ मुद्दा फैसलायोग्य छन् । यो कूल विचाराधीन मुद्दा सङ्ख्याको ७६ प्रतिशत हो ।

अधिकांश मुद्दा पेसीमा

**अधिकांश मुद्दा पेसीमा चढ्दै/थन्किँदै गरेका छन् । परिपक्व भइसकेका कतिपय मुद्दा पेसीमा रहे पनि बेञ्चले हेर्दै नहेरी फर्काउने गरेको अनुभव सर्वोच्चकै कर्मचारीहरुले सुनाए ।**

चढ्दै ⁄ थन्किँदै गरेका छन् । परिपक्व भइसकेका कतिपय मुद्दा पेसीमा रहे पनि बेञ्चले हेर्दै नहेरी फर्काउने गरेको अनुभव सर्वोच्चकै कर्मचारीहरूले संगालिरहेका छन् ।

पूर्वमन्त्री चिरञ्जीवी वाग्लेको मुद्दाको पेसी गत पुस १५ गते थियो । तर, न्यायाधीशहरूले 'हेर्न नभ्याएको' भन्दै इजलासबाट त्यसै फर्काइदिए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गैरकानुनीरुपमा अकूत सम्पत्ति आर्जन गरेको अभियोगमा दायर गरेको मुद्दा विशेष अदालतले आंशिक ठहर गरेको थियो । विशेष अदालतको उक्त निर्णयविरुद्ध वाग्ले र अख्तियार दुवै पक्षले ०६१ असोज १८ गते सर्वोच्च अदालतमा पुनरावेदन दिए । छोरा देवेन्द्र र श्रीमतीसमेत वाग्ले परिवारले पूर्ण सफाईको माग गरेका छन् भने अख्तियारले अभियोग पूर्ण ठहर हुनुपर्ने जिकिर लिएको छ ।

यही प्रकृतिको ४१ वटा मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छन् । तीमध्ये ३३ वटा फैसलाको चरणमा छन् । अकूत सम्पत्ति आर्जनसम्बन्धी आठ वटा मुद्दा 'अङ्ग नपुगेको'ले पेसीमा नचढेको सर्वोच्चले जनाएको छ । आवश्यक कागजात तथा अन्य प्राविधिक प्रक्रिया नपुगेको अवस्थालाई अदालती भाषामा अङ्ग नपुगेको भनिन्छ । अङ्ग नपुगेका भ्रष्टाचारसम्बन्धी मुद्दा सर्वोच्चमा विचाराधीन छन् । सर्वोच्चको मुद्दा शाखाको भ्रष्टाचारसम्बन्धी फाँटको अभिलेखअनुसार, सरकारी सम्पत्ति हिनामिनाका ९० मुद्दामा ७३ वटा फैसलायोग्य भइसकेका छन् । अनियमित कर्जा प्रवाहसम्बन्धी एक सय ८१ मुद्दामध्ये एक सय २३ फैसलायोग्य छन् । नक्कली प्रमाणपत्रसम्बन्धी ९२ मा ८७, घुससम्बन्धी सातमा पाँच, राजस्व छली, नक्कली कागज खडा गरेको, वनपैदावर नोक्सानीलगायतका विविध ७० विचाराधीन मुद्दामा ४५ वटा फैसलाको चरणमा प्रवेश गरे पनि अन्तिम निर्णय आएको छैन ।

सर्वोच्च अदालत स्रोतका अनुसार, न्यायाधीशको अभावले गर्दा पनि फैसलामा ढिलाई भइरहेको छ । यसलाई सहप्रवक्ता हेमन्त रावल घुमाउरो पारामा स्वीकार गर्छन् । 'त्यसो होइन भन्न सकिने अवस्था पनि छैन' उनी भन्छन्- 'तर, यो मात्र प्रमुख कारण होइन ।' अहिले सर्वोच्चमा १५ जना स्थायी न्यायाधीश छन् भने १० अस्थायी पद खाली छन् ।

'मुद्दा बेञ्चसम्म पुग्न सजिलो र चाँडो होस् भनेर हामीले छुट्टै फाँट (भ्रष्टाचार मुद्दासम्बन्धी) खडा गरिदियौँ । बाँकी बेञ्चले हेर्ने कुरा हो' रावलले भने- 'अदालतका कार्यविधि पूरा गर्दै जाँदा निर्णयमा केही ढिलाई हुनु स्वभाविक हो ।'

छुट्टै फाँट खडा भए यता १८ वटा भ्रष्टाचार मुद्दा फैसला भएका छन् । तीमध्ये सबैजसो मुद्दामा भ्रष्टाचारका अभियुक्तले सफाई पाएका छन् । २०५४ पुस ४ गतेदेखिका भ्रष्टाचार मुद्दा सर्वोच्च अदालतमा थाँती रहेका छन् । भ्रष्टाचार निवारण र विशेष अदालत ऐनमा भने पुनरावेदन भएको तीन महिनाभित्र भ्रष्टाचार मुद्दाको किनारा लगाइसक्नुपर्ने उल्लेख छ । सर्वोच्च अदालतले नै ऐन उल्लङ्घन गरेर विगत १० वर्षअघिदेखिका मुद्दा थाँती राखेको छ ।

उसो त प्रधानन्यायाधीश केदारप्रसाद गिरीले नियुक्ति पाएदेखि नै भ्रष्टाचार मुद्दाले न्यायालयलाई सर्वाधिक विवादमा पारेकाले यससम्बन्धी विशेष कदम चाल्ने बताएका थिए । तर, अहिले मुख्य विवादको विषय निरुपण नहुँदा भ्रष्टाचारसम्बन्धी अनुसन्धान गरी मुद्दा चलाउने निकाय अख्तियारसमेत अन्योलमा परेको छ ।

गोविन्दराज जोशीलगायतका धेरै भ्रष्टाचार अभियुक्तका मुद्दा हद-म्यादको कारण देखाई विशेष अदालतले खारेज गरिदिएपछि विशेष अदालतप्रति चर्को आलोचना भइरहेको छ । त्यसविरुद्ध अख्तियारले सर्वोच्चमा पुनरावेदन गरेको थियो । जोशीको मुद्दामा विवादास्पद फैसला भएपछि अख्तियारले भ्रष्टाचारजस्तो मुद्दामा हद-म्यादको प्राविधिक कारण देखाएर भ्रष्टाचारीलाई चोख्याउन नहुने तर्क गरेको छ । यस विवादमा सर्वोच्चले चाँडो निर्क्यौल दिनुपर्ने भन्दै चौतर्फी चासो व्यक्त गरिए पनि अझै सर्वोच्चले निर्णय दिनसकेको छैन । जोशी मुद्दामा पुनरावेदन भएको एक वर्ष पुग्न लागिसकेको छ । खुमबहादुर खड्का, सावित्री राजभण्डारी, पदमप्रसाद पोखरेल, गोकर्ण पौडेललगायतका मुद्दामा पनि हद-म्यादकै कारण देखाएर सफाई दिइएको छ ।

सर्वोच्चले जोशी-मुद्दामा विशेष अदालतको निर्णय सदर गरे विशेषमा रहेका सबैजसो मुद्दा यसै आधारमा खारेज हुनेछन् भने निर्णय उल्टाए मुद्दाभित्र पुनः न्यायालय पस्नेछ ।

## विचाराधीन भ्रष्टाचार मुद्दा

| मुद्दा | जम्मा | फैसलायोग्य | अङ्ग नपुगेका |
|---|---|---|---|
| अकूत सम्पत्तिसम्बन्धी | ४१ | ३३ | ८ |
| नक्कली प्रमाणपत्र | ९२ | ८७ | ५ |
| अनियमित कर्जा प्रवाह | १८१ | १२३ | ५८ |
| सरकारी सम्पत्ति हिनामिना | ९० | ७३ | १७ |
| घूस | ७ | ५ | २ |
| विविध/राजस्व छली/नक्कली कागज खडा/वनपैदावार नोक्सानी | ७० | ४५ | २५ |
| **जम्मा** | ४८१ | ३६६ | ११५ |
| **प्रतिशत** | १०० | ७६ | २४.०० |

**सुझाव :**

- समग्रमा विषयवस्तु र प्रस्तुति राम्रो छ।
- भ्रष्टाचारसम्बन्धी संवेदनशील मुद्दाको फैसलामा के कारणले विलम्ब भएको छ भन्ने कुरालाई उठाइएको छ।
- स्टोरीमा विषयसँग सम्बन्धित कानुनी प्रावधानहरूलाई उल्लेख गरेको भए राम्रो हुने थियो।
- भ्रष्टाचारसम्बन्धी ऐन हद–म्यादसम्बन्धी कानुनी व्यवस्था के कस्ता रहेका छन् खुलाएको भए राम्रो हुने थियो ?
- तथ्याङ्कको स्रोत खुलेन।

# तराईका पुराना पोखरी लोप हुने अवस्थामा

◆ **सन्तोषकुमार चौधरी**
**अन्नपूर्ण पोष्ट दैनिक**

**अधिकांश पोखरी सरकारी र सार्वजनिक जग्गाको परिभाषाभित्र पारी सरकारीकरण गरिसकिएका छन् । सरकारीकरण भएका पोखरी संरक्षणको अभाव र अतिक्रमणमा परी अस्तित्व नै गुमाउने अवस्थामा पुगेका छन् । पोखरीको हकवाला र जग्गा मिच्दै लानेका बीचमा विवाद भई मुद्दा-मामिलासमेत बढ्दै गएको छ । सप्तरी जिल्ला विकास समितिको २०३९ सालको प्रोफाइलअनुसार त्यतिबेला जिल्लामा सात हजारभन्दा बढी पोखरी थिए ।**

कानुनी जटिलताका कारण तराईका हजारौं किसानबाट खोसिएका पुराना पोखरीको स्वामित्व पुनर्स्थापित भएको छैन । त्यस्ता पोखरी अनुत्पादक, उपयोगविहीन र लोप हुने अवस्थामा छन् । राणाकालीन कडा कानुनका डरले २००४ सालको स्रेस्तामा मिनही लेखाएकै कारणले किसानहरू जग्गाधनी प्रमाणपुर्जाबाट वञ्चित रहिआएका छन् ।

अधिकांश पोखरी सरकारी र सार्वजनिक जग्गाको परिभाषाभित्र पारी सरकारीकरण गरिसकिएका छन् ।

सरकारीकरण भएका पोखरी संरक्षणको अभाव र अतिक्रमणमा परी अस्तित्व नै गुमाउने अवस्थामा पुगेका छन् । पोखरीको हकवाला र जग्गा मिच्दै लानेका बीचमा विवाद भई मुद्दा-मामिलासमेत बढ्दै गएको छ । सप्तरी जिल्ला विकास समितिको २०३९ सालको प्रोफाइलअनुसार त्यतिबेला जिल्लामा सात हजारभन्दा बढी पोखरी थिए । जिविसका पूर्व उपसभापति मुक्तिनाथ मण्डलले तीन हजारभन्दा बढी पुराना पोखरी जग्गाधनीबाट खोसिएको र स्वामित्व हस्तान्तरणको विवादमा रहेको जानकारी दिनुभयो ।

पोखरी र कुवा तराईका परम्परागत पानीका स्रोत हुन् । सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक महत्व बोकेका त्यस्ता पोखरी सार्वजनिक सरोकारको विषय भए पनि कानुनी जटिलताका कारण आफूहरूको सम्पत्तिसम्बन्धी मौलिक हकमा आघात पुगेको किसानहरू बताउँछन् । सप्तरीको २ नं. जोगिनीया निवासी शिवराम मण्डलले भन्नुभयो- पोखरीमा कोही डुबेर मरेमा खुनी मुद्दा लाग्ने डरले पुर्खाले मिनही गराए तर अहिले हाम्रो हक नै खोसिएको छ ।

त्यतिबेला पोखरीबाट आयआर्जन नहुने र मालपोत नियम कडा भएकाले २००४ सालको स्रेस्तामा मिनही भनी लेखाएका धनीको वंशजले सोही कारणले पोखरीको स्वामित्व हात पार्न सकेनन् । अधिवक्ता असोककुमार चौधरीले भन्नुभयो- पोत नआउने जग्गालाई मिनाहा कायम गर्ने राज्यकै नीतिअनुसार मिनाही लेखाएकालाई पछि सम्पत्ति फर्काउने व्यवस्था गर्नुको सट्टा सरकारले खोस्ने काम गऱ्यो ।

नापी विभागका एक अधिकारीका अनुसार मिनही पोखरी दर्ताका लागि कानुनी व्यस्था छैन । तर २००४ सालको स्रेस्तामा मिनही जनाइए पनि त्यसअघिको प्रमाणबाट नम्बरी देखिए मन्त्रीपरिषद्ले पोखरी दर्ताका लागि स्वीकृति दिने गरेको उनले बताए । उनले स्रेस्तामा मिनही उल्लेख भएका पोखरी स्वतः सरकारी मानिएको उल्लेख गरे । उता अधिवक्ता चौधरीले मन्त्रीपरिषद्ले दिने स्वीकृति भनेको कुनै प्रक्रिया नभएको बताउनुभयो । वहाँले अपवादमा मात्र त्यस्तो घटना देखिएको बताउनुभयो । सरकारी जग्गामा रुपान्तरित पोखरी संरक्षण र मर्मत सम्भारको अभाव तथा खिचौलामा परी

लोप हुने अवस्थामा पुगेका छन् भने त्यसको हकवाला र पोखरीको जग्गा मिच्ने व्यक्तिको बीचमा बारम्बार झगडासमेत हुँदैआएको छ । बभनगामाकट्टिका सन्तलाल मण्डलका अनुसार त्यस्तै पोखरीको विवादमा केही वर्षअघि कुटाकुट हुँदा दर्जनौ घाइते भएका थिए । दुई दशकअघि सप्तरी जिल्ला पञ्चायतले त्यस्ता पोखरीको कर लिएर रसिद काटिदिन गाउँ पञ्चायतलाई निर्देशन दिइएको थियो । कतिपयले त्यसरी कर बुझाउने गरे पनि त्यसैको आधारमा अदालतबाट स्वामित्व हुन नसकेको बताउनुभयो । नापी विभाग कित्ता नापी महाशाखाका नापीटोली प्रमुख बज्रभान यादवले मिनाही पोखरीको स्वामित्व समस्या समाधान गर्न आयोग नै बनाउनुपर्ने बताउनुभयो ।

**सुझाव :**

- **यो अदालती रिर्पोटिङ्ग होइन ।**
- **विषय सान्दर्भिक भए पनि कानुनी र अदालती केशहरू स्पष्ट उल्लेख भएनन् ।**
- **विषयलाई स्पष्ट गर्न सम्बन्धित कानुनी प्रावधानहरूलाई सागसागै उल्लेख गरी विश्लेषण गरेको भए राम्रो हुने थियो ।**
- **भूमिसम्बन्धी कानुनलाई अध्ययन गरेको पाइएन ।**

# बलात्कारको अभियोगमा युवक थुनामा

◆ **युवराज पुरी**
**अन्नपूर्ण पोष्ट दैनिक**

विद्यालयबाट फर्कँदै गरेको छात्रालाई अपहरणपछि बलात्कार गरेको अभियोगमा थाङ्पालकोट-२ का माईला तामाङ (नगरकोटी) थुनामा छन् ।

चिलाउने मा.वि. थाङ्पालकोटमा कक्षा सातमा अध्ययनरत १५ वर्षीया छात्रालाई श्रीमती बनाउने बहानामा अपहरण गरी बलात्कार गरेको अभियोगमा उनलाई माघ ६ गते जिल्ला प्रहरी कार्यालयले नियन्त्रणमा लिएको थियो । प्रहरीले अनुसन्धान कार्य पूरा गरेपछि पीडितको तर्फबाट सरकारी

**कानुनअनुसार केटीले संरक्षकको मञ्जुरीविना विवाह गर्न २० वर्ष उमेर पूरा भएको हुनुपर्छ। उमेरको सम्बन्धमा अदालतलाई शंका लागेमा जन्म दर्ता प्रमाणपत्रलगायतको अन्य कागजात पनि मगाउन सक्ने जिल्ला अदालतका श्रेस्तेदार अधिकृत वसन्तजंग थापाले बताउनुभयो। थापाका अनुसार एउटै विद्यालयले दुईखालको चिठ्ठी लेखेको बारे विद्यालयसँग थप कागजात माग्न सक्छ।**

# चौबिसभाइ माओवादीको धुइाधुइाती खोजी

◆ **युवराज पुरी**
**सिन्धुप्रवाह साप्ताहिक**

अन्तरिम व्यवस्थापिका संसद्मा सामेल नेकपा (माओवादी)का अध्यक्ष प्रचण्डसहित दुई दर्जन नेता कार्यकर्ताविरुद्ध द्वन्द्वका बेला सरकारद्वारा दायर मुद्दा जिल्ला अदालतमा अझै चलिरहेको छ ।

माओवादी अध्यक्ष प्रचण्ड, वरिष्ठ नेता डा.बाबुराम भट्टराई, केन्द्रीय सदस्य अग्नीप्रसाद सापकोटासहित ६ जनाको नाममा हत्या अभियोग र केन्द्रीय सदस्य सापकोटासहित १६ जना नेता कार्यकर्ताका नाममा आगजनी मुद्दा चलिरहेको हो ।

प्रचण्डसहित प्रतिवादी रहेको हत्या अभियोगमा दायर मुद्दामा 'असारे' भन्ने ईश्वरीप्रसाद दाहाल, जिल्ला इन्चार्ज ध्रुव पराजुली र झम्क पराजुलीलाई पनि विपक्षी बनाइएको छ। सात वर्षअघि ठोकर्पा प्रहरी चौकी आक्रमण गरी प्रहरीको हत्या गरेको अभियोगमा प्रचण्डसहित सातजना माओवादी नेताविरुद्ध सरकारले मुद्दा दायर

वकिल माधवप्रसाद घिमिरे र अधिवक्ता भेषराम ढकालले माघको २८ गते हदैसम्मको सजाय माग-दावी गर्दै जिल्ला अदालतमा मुद्दा दायर गर्नुभएको थियो । अभियुक्तको तर्फबाट अधिवक्ता पुण्य खनाल, रोहिणीराज जोशी र महानिधि सेढाइँले राजी-खुशीले विवाह गरेकाले जबर्जस्ती करणीको मुद्दा चलाउनु नपर्ने दावी गरिएको थियो । जिल्ला न्यायाधीश महेशप्रसाद पुडासैनीको इजलाशले पुर्पक्षको लागि अभियुक्तलाई थुनामा राख्ने आदेश दिएको सरकारी वकिल घिमिरेले बताउनुभयो ।

छात्राको उमेर विवाद देखिएको अदालत स्रोतले जनाएको छ । सुरुमा जाहेरी दिने समयमा चिलाउने मा.वि. थाङ्पालकोटले छात्राको उमेर १५ वर्षमात्र भएको लिखित जानकारी दिएको थियो । प्रतिवादीका तर्फबाट

गरेको थियो । सोही अभियोगमा मुद्दा चलाइएका पूर्व वनमन्त्री मातृका यादवको मुद्दा भने सरकारले फिर्ता लिएको छ ।

जिल्लामा पहिलोपटक ३० असार ०५७ मा माओवादीले ठोकर्पा प्रहरी चौकी आक्रमण गरेको थियो । सो आक्रमण चार जना प्रहरीको हत्या भएको थियो भने हतियार पनि लुटिएको थियो ।

आक्रमणपछि २१ चैत ०५७ मै सरकारले जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो । विपक्षी यादवका हकमा भने गत भदौ १३ गते मुद्दा फिर्ता लिइएको छ । नेपाल सरकारको २७ वैशाख ०६३ को निर्णयअनुसार यादवविरुद्धको मुद्दा फिर्ता लिइएको हो । सरकारले नेता यादव र सुरेश आलेमगरविरुद्ध दायर सबै मुद्दा फिर्ता लिने निर्णय गरेको थियो ।

सरकारले सो मुद्दा १ साउन ०६१ बाट मुल्तवीमा राखेर कारवाही अघि बढाएको थियो । यादवको मुद्दा फिर्ता लिएपछि

साक्षी बक्न आउनेहरूले ती छात्राको उमेर १६ वर्षभन्दा माथि रहेको दावी गरेका छन् । उनीहरूले पनि सोही विद्यालयबाट १६ वर्ष पुगिसकेको औपचारिक जानकारीसहितको ल्याएको पत्र पीडित छात्रालाई कानुनी सहयोग गर्दैआएका कानुन व्यवसायी भेषराम ढकालले बताउनुभयो । ढकालका अनुसार साक्षीहरूले १६ वर्ष उमेर पुगिसकेको र राजी-खुशीले विवाह गरेको अदालतमा दावी गरेका छन् ।

१६ वर्ष पूरा भएको प्रमाणित भएमा अभियुक्तलाई कम सजाय हुनसक्ने ढकाल बताउनुहुन्छ । १६ वर्ष पुगेको प्रमाणित भए पनि दुई जनाको बीचमा विवाह हुन नसक्ने कानुनी प्रावधान छ । कानुनअनुसार केटीले संरक्षकको मञ्जुरीविना विवाह गर्न २० वर्ष उमेर पूरा भएको हुनुपर्छ । उमेरको सम्बन्धमा अदालतलाई शंका लागेमा जन्म दर्ता प्रमाणपत्रलगायतको अन्य कागजात पनि मगाउन सक्ने जिल्ला अदालतका श्रेस्तेदार अधिकृत वसन्तजंग थापाले बताउनुभयो ।

अदालतले अध्यक्ष प्रचण्डसहित बाँकी ६ जना विरुद्ध गत १३ भदौमा पुन मुद्दा दर्ता गरेर कारवाही अघि बढाएको अदालतबाट थाहा भएको छ । राज्यविरुद्धको अपराध मुद्दामा उनीहरूका नाममा विशेष अदालतमा मुद्दा कारवाही प्रक्रियामा रहेकाले सो अभियोगको मुद्दा मुल्तवीमा राखिएको थियो ।

माओवादी नेता सापकोटासहित १६ जनाको नाममा आगजनी गरेको अभियोगमा सरकारले २७ असार ०५९ मा जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो । २८ असार ०५८ मा नवलपुर इलाका प्रहरी कार्यालय आगजनी गरेको अभियोगमा सो मुद्दा दायर गरिएको हो ।

अध्यक्ष प्रचण्डसहित सबै नेता कार्यकर्ताविरुद्धको दुवै मुद्दा अझै यथावत् राखी कारवाही प्रक्रियामा रहेको अदालतका यादव सुब्बा शंकर श्रेष्ठले बताए ।

पीडित छात्राले विवाहको बहानामा जबर्जस्ती करणी गरेको भनी दिएको जाहेरीका आधारमा तामाङलाई नियन्त्रणमा लिएर कारवाही चलाइएको प्रहरीको भनाई छ । अनुसन्धानमा संलग्न प्रहरी निरीक्षक दधिराम न्यौपाने दावी गर्नुहुन्छ- 'पीडितको स्वास्थ्य परिक्षणको प्रतिवेदनबाट पनि करणी भएको पुष्टि भएको छ ।'

सो विद्यालयका शिक्षक अनिश लामाले दिएको जानकारीअनुसार विद्यालयबाट थाङ्पालधाप-८ लेखखर्कस्थित घर जाँदै गर्दा किशोरीलाई गुन्सा गाविसस्थित जङ्गलबाट माईलासहित तीन जनाको समूहले अपहरण गरी घरमा लगेका थिए । अपहरणमा संलग्न अन्य अभियुक्त अझै फरार छन् । फरार अभियुक्तहरूलाई म्याद जारी गरिएको भए पनि अदालतमा उपस्थित नभएको अदालतले जनाएको छ । अभियुक्त तामाङ र उनका परिवारले बुहारी बनाउने भन्दै तीन दिनसम्म घरमा थुनेर राखेको पीडित छात्रालाई उधृत गर्दै कानुन व्यवसायी ढकाल बताउनुहुन्छ ।

पीडितका अनुसार तामाङ परिवारसमेत ती छात्रालाई बुहारी बनाउन सहमत भएका थिए । आफूलाई सोध्दै नसोधी विवाह गरेको भन्दै जबर्जस्ती घरमा लगेर राखेको पीडित छात्राले बताएकी छिन् । आफूलाई जबर्जस्ती करणी गरेको उनले अदालतमा बयान दिएकी छिन् ।

अपहरण गरेको तीन दिनपछि जानकारी पाएर झण्डै सात सय जना शिक्षक र विद्यार्थीको जुलुसले ती छात्राको उद्धार गर्नुका साथै अभियुक्त तामाङलाई शिक्षक, विद्यार्थी र अभिभावकले प्रहरीकहाँ लगेका थिए । प्रहरी चौकी थाङ्पालकोटले कारवाही गर्नुको साटो उल्टै ती छात्रासँग विवाह गराउने प्रयास गरेको स्थानीयबासीको आरोप छ । 'थाङ्पालकोटमा मात्रै हैन, ईलाका प्रहरी कार्यालय मेलम्चीमा समेत प्रहरी निरीक्षकले मिलाउने प्रयास गरेका थिए' एक स्थानीयबासीले दाबी गरे- 'पीडित र गाउँलेले नमानेपछि मात्र कारवाहीको प्रक्रिया सुरु भयो ।'

प्रहरी निरीक्षक न्यौपानेले भन्नुभयो-'अपराध हो भन्ने थाहा हुँदाहुँदै प्रहरीले मिलाउने प्रयास गरेको आरोपको खण्डन गर्छन् ।' कुनै पनि हालतमा दोषीलाई कारवाही हुनुपर्ने उनको अडान छ । मुलुकी ऐनको जबर्जस्ती करणी महलअनुसार १४ वर्षदेखि १६ वर्षसम्मका किशोरीलाई बलात्कार गर्नेलाई ६ देखि १० वर्षसम्म कैद सजाय र उचित क्षतिपूर्ति दिलाउने व्यवस्था छ ।

**सुझाव :**

- **ब्रेकरका समाचारमा माओवादी पक्षको प्रतिक्रिया आएन ।**
- **समाचारदाताले चाहीा ती घटनामा यहाा नाम लेखिएका नेता संलग्न रहे/नरहेको खोजी गरेको भए राम्रो हुने थियो ।**
- **संविधानसभा चुनावपछिको स्थितिमा यो मुद्दा के भयो भन्ने जिज्ञासा भेटिएन ।**
- **अभियुक्त र अभियोग लगाउने परिवारसाग कुरा गरेको देखिएन । परिवारका सदस्यसाग भेट्नै पर्थ्यो ।**
- **फरार को-को व्यक्ति हुन खुलेन ।**
- **विद्यालयले उमेर किन फरक पार्‍यो भनेर विद्यालयसँग सोधिएन ।**

# अदालतमा मेलमिलाप केन्द्र स्थापना

# छ महिनामा २४ मुद्दा छिनिए



◆ **शारदा सिलवाल**
**स्वतन्त्र समाचार सेवा**

पुनरावेदन अदालत पाटनमा मेलमिलाप केन्द्र स्थापना भएको छोटो अवधिमा मेलमिलापमार्फत् मुद्दा छिनिएका छन् । केन्द्र स्थापना भएको छ महिनामा २४ मुद्दामा मेलमिलाप भइसकेको केन्द्रका इजलास अधिकृत रामप्रसाद न्यौपानेले जानकारी दिनुभयो ।

करिव ३ हजार विचाराधीन मुद्दा रहेको पुनरावेदन अदालत पाटनमा केन्द्र स्थापना भएपछि पठाइएका ९४ मुद्दामध्ये २५ विचाराधीन छन् । केन्द्रका प्रमुख

**मेलमिलाप केन्द्रमा मुद्दा दुई किसिमले आउने गर्दछन्। पहिलो दुवै पक्षले मिलाप गर्ने निवेदन दिएर र दोस्रो वेञ्चले आवश्यकता महसूस गरेर। मध्यस्तकर्ताको संयोजनमा मिल्न मेलमिलाप केन्द्रमा पठाउन सक्छ। मुद्दा मिलापत्र गरेर दुवै पक्षले कागज गरी दुई न्यायाधीशले प्रमाणित गरेपछि मुद्दाले विधिवत् किनारा पाउँछ। बढीमा तीन महिनाभित्रमा मुद्दाले किनारा पाइसक्नुपर्ने मेलमिलाप केन्द्रको प्रावधान रहेको छ।**

न्यौपानेका अनुसार ४५ वटा मुद्दा मेलमिलाप केन्द्रमा मेलमिलाप सम्भव नभएपछि पुनः इजलासमा फर्किएका छन् । यहाँबाट मुद्दा छिनिँदा कसैको हार र जीत हुँदैन । मेलमिलाप केन्द्रको मुद्दा मिलाउने गतिलाई तिव्रता दिन कानुन व्यवसायीको भूमिका पनि महत्वपूर्ण हुने अधिकृत न्यौपाने बताउनुहुन्छ ।

मेलमिलाप केन्द्रमा मुद्दा दुई किसिमले आउने गर्दछन् । पहिलो दुवै पक्षले मिलाप गर्ने निवेदन दिएर र दोस्रो वेञ्चले आवश्यकता महसूस गरेर । मध्यस्तकर्ताको संयोजनमा मिल्न मेलमिलाप केन्द्रमा पठाउन सक्छ । मुद्दा मिलापत्र गरेर दुवै पक्षले कागज गरी दुई न्यायाधीशले प्रमाणित गरेपछि मुद्दाले विधिवत् किनारा पाउँछ । बढीमा तीन महिनाभित्रमा मुद्दाले किनारा पाइसक्नुपर्ने मेलमिलाप केन्द्रको प्रावधान रहेको छ ।

धादिङ वैरेनीकी मनकुमारी खड्का वर्षौंदेखि आफ्नो र श्रीमान्बीचको सम्बन्ध मेलमिलाप केन्द्रले मिलाई दिएकोमा खुशी हुँदै भन्छिन्- वर्षौंदेखि खेपेको मुद्दा पनि डेढ महिनाको बीचमा सकियो र श्रीमान्सँग पनि राम्रो भयो । केही दिन अगाडि मात्रै मुद्दा मिलाइदिएका बोधिराज पाण्डे पनि खुशी छन् ।

पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ५३ (ख) मा मेलमिलाप सम्बन्धित व्यवस्थाका आधारमा मेलमिलाप केन्द्र स्थापना भएको हो । हाल पुनरावेदन अदालत पाटनमा ४२ जना तालिम प्राप्त मध्यस्थकर्ता रहेका छन् ।

**सुझाव :**

- **मेलमिलाप केन्द्रको स्थापना कहिले भएको हो ?**
- **कस्ता-कस्ता प्रकृतिका मुद्दाहरू मिलापत्र भएका छन् भन्ने कुरा समाचारमा खुलेन ।**
- **मिलापत्र गर्ने प्रचलन** (Trend) **कस्तो छ ?**

# भाग दुई

# चौध वर्षपछि अदालतबाट सिरक फिर्ता

◆ रमेशचन्द्र अधिकारी
कान्तिपुर दैनिक

**अदालतको स्टोरमा कयौं सामाग्री सडे-गलेको अवस्थामा राखिएका छन्। त्यहाँ कति सामाग्री छन्, लेखाजोखा नै छैन, सुब्बा वीर्षबहादुर राईले भने- सामाग्री लिन सम्बन्धित मानिस नै आउँदैनन् त्यसैले लिलाम गरेर ती सामान आम्दानी पनि बाँधिने गरिएको छ। त्यसरी स्टोरमा राखिएका सामान लिन आउने वीरलै मध्येकी विष्णुमाया रहेको बताउँदै राईले भन्नुभयो- यो त आश्चार्य नै भयो, हामीले केही दिनमा नै लिलाम गर्न लागेको सामाग्री करिब पन्ध्र वर्षपछि पनि लिन आए।**

साँढे चौध वर्षअघि हराएको सिरक र छाता फेला पार्न नसकेपछि खोज्न अदालतको शरणमा आएकी एक वृद्धाले ती सामाग्री पाउन सफल भएकी छिन् ।

धनकुटा नगरपालिका-१ की विष्णुमाया तामाङ्गको घरैबाट वि.सं.२०५० साल असारमा एउटा सिरक र छाता हराएको थियो । ती सामाग्री छिमेकी भुपाल तामाङ्गले चोरेको भन्दै विष्णुमायाका श्रीमान् मण्डलसिंले प्रहरीमा जाहेरी दिएका थिए ।

तर श्रीमान्को समेत मृत्यु भएपछि हराएका सामाग्री खोज्दा-खोज्दै



**साढे चौध वर्षपछि सामान लिन आएकी विष्णुमाया अदालतको परिसरमा सिरक बोक्दै ।**
तस्वीर -रमेशचन्द्र अधिकारी, कान्तिपुर

हैरान भएकी ७० वर्षीया विष्णुमायाले अन्त्यमा अदालतमा आफ्ना सामाग्री हात पारिन् । आफ्नो सामान चोर्ने स्थानीय भुपाल तामाङ्ग भएको मण्डलसिं तामाङ्गले किटानी जाहेरी दिएको आधारमा प्रहरीले भुपालको घरबाटै ती सामान त्यसैबेला फेला पारेको थियो । लगत्तै अदालतमा मुद्दा दिएपछि बरामद गरिएको सामाग्री प्रहरीले अदालतमा जिम्मा लगाएको अदालतका खरिदार रमेश पोखरेलले बताए । उनले भने-'पहिले-पहिले सामान लिन आउनेबारे पत्राचार गरियो, तर कोही नआएपछि स्टोरमा दाखिला गरिएको थियो ।'

अदालतमा आफ्नो सामाग्री रहेको केही दिनअघि मात्र विष्णुमायाले छिमेकीबाट जानकारी पाएकी थिइन् । आइतबार अदालतमा आफ्नो सामाग्री लिन गएकी उनले प्वालै-प्वाल परेका सिरक र छाता पाउँदा अलमल्ल परिन् । उनले भनिन्, उसबेलाको नयाँ सिरक मुसाले खाएको भेटें ।

अदालतमा सामाग्री लिन आफ्नी नातिनीसमेत साथ लिएर आएकी विष्णुमायाले अदालतको स्टोरबाट ती सामाग्री पाउँदा आँशु खसालिन् र भनिन्, यो सिरक म र श्रीमान्ले मेलापात गरेर कमाएको पैसाले बनाएका थियौं, ढिला गरेरै पनि पाएँ, तर उनी (श्रीमान्) मबाट टाढा भइसकेका छन् । उनले आफ्ना श्रीमान्को यादका लागि मक्किएर कामै नलाग्ने भए पनि ती

सामाग्री घर लगिन् । उनको सिरक कपास बाहिरै निस्कने गरी मक्किएको छ । साँढे चौध वर्षअघि ३ सयमा सिरक र १ सय ५ रुपैयाँमा खरिद गरेको छाता पाउँदा आफूलाई निक्कै खुशी लागेको बताउँदै विष्णुमायाले भनिन्, यी दुवै चिज श्रीमान्को सम्झनाका लागि पनि घरमा राख्छु ।

अदालतको स्टोरमा कयौं सामाग्री सडे-गलेको अवस्थामा राखिएका छन् । त्यहाँ कति सामाग्री छन्, लेखाजोखा नै छैन, सुब्बा वीर्षबहादुर राईले भने- सामाग्री लिन सम्बन्धित मानिस नै आउँदैनन् त्यसैले लिलाम गरेर ती सामान आम्दानी पनि बाँधिने गरिएको छ । त्यसरी स्टोरमा राखिएका सामान लिन आउने वीरलै मध्येकी विष्णुमाया रहेको बताउँदै राईले भने- यो त आश्चर्य नै भयो, हामीले केही दिनमा नै लिलाम गर्न लागेको सामाग्री करिब पन्ध्र वर्षपछि पनि लिन आए ।

अदालतको स्टोरमा प्रहरीले बरामद गरेका टेलिभिजन, रेडियो, घडीलगायतका सामाग्री पनि रहेका छन् । सुनचाँदीका गरगहना चाहीँ तत्काल लग्ने गरिएको राईले बताए । तर अदालतले आवश्यक मात्रामा सम्बन्धित पक्षलाई सामान लिन आउनेबारे पत्राचार नगरेको जनगुनासो बढेको छ । तर जिल्ला न्यायाधीश अर्जुनप्रसाद कोइरालाले अदालतमा दाखिला गरिएको सबै सामाग्री स्टोरमा जतनसाथ राखिएको जानकारी दिए । उनले भने- सामाग्रीका लिन आउन सम्बन्धित व्यक्तिलाई समयमा नै खबर गरिने पद्धति रहेको छ, लिन नआउनेको सुरक्षित राखिने गरिएको छ ।

**सुझाव :**

- **विषयवस्तु राम्रो र स्पष्ट छ ।**
- **यसले हाम्रो परम्परागत न्याय प्रणालीलाई झल्काउाछ ।**
- **के कारणले विष्णुमायाले समयमै जानकारी नपाएकी हुन् भन्ने खुलेन ।**
- **अदालतले कति समय सामान सुरक्षित राख्ने गर्छ ?**
- **अदालतबाट फैसला भएपछि बरामद सामानका फिर्ता गर्ने सम्बन्धी कानुनी व्यवस्थाहरू के कस्ता छन् भन्ने कुरा उल्लेख गरेको भए समाचार थप जानकारीमूलक हुने थियो ।**

# झगडियाबीच अदालत बाहिरै मिलापत्र

◆ **रमेशचन्द्र अधिकारी**
**कान्तिपुर दैनिक**

**सरकारी तथा गैरसरकारी संस्थाहरले मध्यस्थकर्ताको माध्यमले मुद्दा मिलापत्र गराउने कार्यलाई तीव्रता दिएका छन्। जिल्ला अदालतसहित अर्धन्यायिक निकायहरुमध्ये अर्धन्यायिक निकायहरुमध्ये नगरपालिका, गाउँ विकास समिति, प्रहरीलगायतका निकायमा समेत मिलापत्रको माध्यमले पक्ष-विपक्षको विवादको अन्त्य गरिने कार्यमा तीव्रता आएको छ।**

जग्गासम्बन्धी मुद्दा गर्दैआएका धनकुटा-४ की पवित्रा खाती र कमला खातीले अदालत बाहिरै मिलापत्र गरे ।

जिल्ला अदालत पुगेका दुवैको विवाद मिलापत्रमा टुङ्गिएपछि उनीहरूको मित्रता बढेको छ । उनीहरूको असाहय सेवा केन्द्रले मिलापत्र गराएको हो । विवादको मिलापत्रको माध्यमले समाधान हुँदा दुवै पक्षको जीत हुँदोरहेछ कमलाले भनिन् । उनको कुरामा पवित्राले पनि सहमति जनाइन् । यसरी मिलापत्रलाई सकारात्मक रुपमा लिन थालेका जिल्लाका सर्वसाधारण अदालतमा व्यर्थ

लामो समयसम्म मुद्दा खेपिरहने झन्झटबाट मुक्त हुनुपर्छ भन्ने पक्षमा छन् । जिल्लामा मिलापत्र गराउने कार्यमा सरकारी तथा गैरसरकारी संस्थाहरू धेरै देखिएका छन् । मध्यस्थकर्ताको संख्या कम्तिमा पाँच दर्जनको हाराहारीमा पुगिसकेको छ । मिलापत्र गराउने मध्यस्थकर्तालाई उचित पारिश्रमिक र तालिमको व्यवस्था कतैबाट नमिलाइएको मध्यस्थकर्ताहरूको गुनासो रहेको छ ।

पुनरावेदन र जिल्ला अदालतसहित अर्धन्यायिक निकायहरूमध्ये नगरपालिका, गाउँ विकास समिति, प्रहरीलगायतका निकायमा समेत मिलापत्रको माध्यमले पक्ष-विपक्षको विवादको अन्त्य गरिने कार्यमा तीव्रता आएको छ । सामान्य प्रकृतिको विवादमा पनि अदालत धाउने प्रवृत्तिको अन्त्य गर्नका लागि जिल्लामा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरले मध्यस्थकर्ताको माध्यमले त्यस्ता मुद्दाको मिलापत्र गराउने कार्यलाई तीव्रता दिएका छन् । जिल्ला अदालतसहित अर्धन्यायिक निकायहरूमध्ये नगरपालिका, गाउँ विकास समिति, प्रहरीलगायतका निकायमा समेत मिलापत्रको माध्यमले पक्ष-विपक्षको विवादको अन्त्य गरिने कार्यमा तीव्रता आएको छ ।

जिल्ला अदालतले सामान्य प्रकृतिको विवादलाई मिलापत्रका माध्यमले समाधान गर्ने कार्य अगाडि बढाइएको श्रेस्तेदार वीर्षबहादुर राईले बताए । लेनदेन साँध-सिमाना, लोग्ने-स्वास्नीबीचमा हुने घरायसी समान्य कुटपिटलगायत प्रकृतिका विवादलाई मध्यस्थकर्ताको माध्यमले मिलापत्र गराइने जानकारी राईले दिए ।

अदालतमा यस वर्ष आधा दर्जन विवाद मिलापत्रको माध्यमबाट टुंग्याइएको छ । त्यसैगरी प्रहरी कार्यालयले पनि गाउँ घरमा मिल्न नसकेर आएका सामान्य प्रकृतिका विवाद मिलापत्रकै माध्यमले समाधान गर्ने गरेको जनाएको छ । असाह्य सेवा केन्द्रले त आफ्नो प्रमुख कार्यक्रम नै मध्यस्थकर्ता उत्पादन केन्द्रित बनाएको छ । 'सामान्य प्रकृतिका विवादलाई अदालत पुऱ्याउनुअघि नै मिलापत्र गराउने कार्यलाई सबैभन्दा बढी प्राथमिकतामा राखेका छौं', कार्यक्रम संयोजक कमल श्रेष्ठले बताए ।

उक्त संस्थाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले दिएको अधिकार प्रयोग गरी सामाजिक सरोकारको विवादको मिलापत्र गराउन मध्यस्थता सेवा कार्यक्रम सञ्चालन गरेको कार्यक्रम संयोजकले जानकारी दिए । संस्थाले जिल्लाका ३५ गाविस र एक नगरपालिकामा मध्यस्थकर्ता उत्पादन गरी

हालसम्म एक सय ७० मध्यस्थकर्ता उत्पादन गरिसकेको छ । त्यसक्रममा प्रत्येक गाविसमा २७ जनाका दरले मध्यस्थकर्ता उत्पादन गरी गाउँ घरमा मिलापत्रका माध्यमले विवादको समाधान गर्दैआएको छ । २०६० सालदेखि सञ्चालन गरेको उक्त अभियानमा करिव तीन सय विवाद मिलापत्रका माध्यमले समाधान गरिएको जनाइएको छ । यस वर्षमात्र उक्त संस्थाले ७० वटा विवाद मिलाइएको प्रशिक्षक दीपक गुरागाईंले जानकारी दिए ।

पुनरावेदन अदालतले पनि मिलापत्रकर्ताको नियुक्ति गरेको रजिष्ट्रार घिमिरेले जानकारी दिए । जिल्ला अदालत र गैरसरकारी संस्थाको तुलनामा पुनरावेदन अदालतमा सामान्यरुपमा मात्र मिलापत्र गराउनेको प्रभाव रहेको उनले बताए । लेनदेन साँध-सिमाना पति-पत्नी कुटपिटका विवादलाई मध्यस्थकर्तामार्फत् मिलापत्र गराउन थालिएको हो । अदालतमा यस वर्ष आधा दर्जन विवाद मिलापत्र टुङ्ग्याइएको छ । अधिवक्ता डा.गोपालबहादुर भट्टराईका अनुसार मिलापत्रलाई मुलुकी ऐन अदालती बन्दोवस्तको ९२ नं.का आधारमा सरकारवादीबाहेकका मुद्दाका कार्यान्वयनका रुपमा व्यवस्था गरिएको छ ।

मिलापत्र गर्दा बक्साउने (अदालतमा बुझाउने शुल्क) तिर्नुपर्ने प्रावधान रहेकाले उक्त शुल्क हटाइए मिलापत्रको प्रभावकारिता बढ्ने उनले बताए । जिल्लामा ३५ गाविस र १ नगरपालिकामा १७० मध्यस्थकर्ता क्रियाशील रहेका छन् । २०६० देखि सञ्चालित अभियानले तीन सय विवाद समाधान गरिएको छ ।

**सुझाव :**

- **विषयवस्तुले जनतालाई मिलापत्र गर्नुपर्छ भन्ने सकारात्मक सन्देश दिएको छ ।**
- **मध्यस्थकर्तामा सैद्धान्तिक ज्ञान नहादा मेलमिलापमा कस्तो असर पर्छ भन्ने कुरालाई पनि समावेश गरेको भए राम्रो हुने थियो ।**
- **मध्यस्थकर्ता हुनका लागि कानुनमा के कस्तो योग्यताका प्रावधानहरू छन् । उल्लेख गरेको भए राम्रो हुन्थ्यो ।**
- **मिलापत्र गराउादा के कस्तो कठिनाई हुन्छन् भन्ने उल्लेख छैन् ।**
- **मिलापत्र गराइएका दुवै पक्ष सन्तुष्ट नै छन् त भन्ने खुलेन ।**

# दोहोरो अंश पाउने फैसला


◆ **सन्तवीर लामा**

**ब्लाष्ट दैनिक**




जिल्ला अदालत धनकुटाले अंश विवादसम्बन्धी एउटा विवादास्पद फैसला सुनाएको तथ्य प्राप्त भएको छ । फैसलाले अंशियारहरूले वकसपत्रबाट प्राप्त गरेको सम्पत्तिमा अंशवण्डा नलाग्ने मुलुकी ऐनको प्रावधानको समेत उपेक्षा गरेको छ ।

धनकुटा नगरपालिका-३ पारिपात्लेका टेककुमारी कार्कीसमेतले आफ्नै श्रीमान् र कान्छी सौताविरुद्ध हालेको अंश चलन मुद्दामाथि जिल्ला अदालतले गरेको फैसलाविरुद्ध पुनरावेदन अदालतमा मुद्दा पुगेको छ । यो मुद्दा अहिले विचाराधीन छ ।

**टेककुमारीले अंशवापत पाएको जग्गा आफ्नो माइतीलाई बेचबिखन गरी पुनः अंश पाऊँ भनी आफू र कान्छी श्रीमतीलाई प्रतिवादी बनाई जालसाजी गरी अदालतमा मुद्दा दर्ता गरेको डिल्लीको दावी छ।**

जिल्ला अदालत धनकुटाले दुई अंशियारबीच भएको राजीनामाको कागजात मगाएर १७ भदौ २०६४ मा फैसला सुनाएको थियो । पुनः टेककुमारीसमेतले अंश पाउने गरी डिल्लीबहादुरको नाममा तायदाती फाँटवारीको आधारमा फैसला गरिएको हो ।

जेठी श्रीमती टेककुमारी र कान्छी श्रीमती इन्दिरासँगै बस्न नमिलेपछि डिल्लीबहादुरले आफ्नो नामको सुनसरी, भरौला-१ (ख) कित्ता नं.२४८ को जग्गा जेठी श्रीमतीलाई आधा अंशवापत् २०४६ साल बैशाख ५ गते मालपोत कार्यालय सुनसरीबाट कित्ताकाट गरिदिएका थिए ।

प्रतिवादी आफ्नै श्रीमान् डिल्लीबहादुर कार्की र कान्छी सौता इन्दिरा कार्कीविरुद्ध अंश माग गर्दै ०६१ बैशाख १७ गते टेककुमारीसमेतबाट अंश चलन मुद्दा दर्ता भएको थियो ।

तर, टेककुमारीले अंशवापत पाएको जग्गा आफ्नो माइतीलाई बेचबिखन गरी पुनः अंश पाऊँ भनी आफू र कान्छी श्रीमतीलाई प्रतिवादी बनाई जालसाजी गरी अदालतमा मुद्दा दर्ता गरेको डिल्लीको दावी छ ।

दर्ता भएको अंश चलन मुद्दामा अंशियारहरूले वकसपत्रबाट प्राप्त गरेको सम्पत्तिमा मुलुकी ऐन अंश वण्डाको १८ नं. बमोजिम सम्पत्तिमा वण्डा नलाग्ने स्पष्ट कानुनी व्यवस्था छ । टेककुमारीको एक छोरीमात्र छिन् भने इन्दिराका १ छोरा र २ छोरी रहेका छन् । फैसलामा चित्त नबुझी कान्छीका छोरा दलबहादुरले पुनः पुनरावेदन गरेका छन् ।

पुनरावेदन वार धनकुटाका सचिव रोहितकुमार डाँगी अंशियार-अंशियारबीच मालपोत कार्यालयमा गएर जग्गा राजीनामा गरिसकेपछि अंशियारहरू छुट्टिइसकेको मानिने भएकाले पुनः अंश बण्डा नहुने सिद्धान्त सर्वोच्च अदालतबाट विभिन्न फैसलामार्फत् प्रतिपादित भएको बताउँछन् ।

अधिवक्ता नगेन्द्रभक्त श्रेष्ठले मुलुकी ऐनको सातौं संशोधनपछि कसैले दान-वकस पाएको सम्पत्तिमा अंशवण्डाको १८ नं. बमोजिम वण्डा गर्न कर लाग्दैन भन्ने स्पष्ट कानुनी व्यवस्था छ भन्छन् ।

जिल्ला अदालत धनकुटाका न्यायाधीश अर्जुनप्रसाद कोइरालाले भने फैसलामा चित्त नबुझेको खण्डमा पुनरावेदन गर्ने कानुनी मार्ग रहेको बताउँछन् ।

# फैसलामा विलम्ब

अदालतमा दायर भएका अंश मुद्दा फैसलामा ढिलाई हुने गरेको जनगुनासो बढ्दो छ । धनकुटा ताखुंवा-४ का ६५ वर्षीय जीतबहादुर रानामगरले अंश मुद्दामा अलमलिएको ४ वर्ष बित्यो । मुलुकी ऐन अंश वण्डाको १४ नं.बमोजिम सामान्यतया अंश मुद्दा एक वर्षभित्रै फैसला गरिसक्नुपर्ने उल्लेख छ । तर, मगरको हकमा यो व्यवस्था लागू हुन सकेन । उनी जस्तै गुनासो गर्नेको संख्या धनकुटामा अत्यधिक छ ।

जीतबहादुरका बुबा दलबहादुरका ४ भाइ छोरामध्ये कान्छा हुन् । आमाबुबा पालनपोषण गरेर बसेका जीतबहादुर र साइला दाजु वीरबहादुरबीच अंशवण्डा नगरी मानोसम्म अलग गरी घर व्यवहार चलाउँदै आएका थिए ।

२०३५ सालको नापीको समयमा बुबा दलबहादुरको नाममा रहेको केही जग्गा जीतबहादुर र वीरबहादुर रानामगरको नाममा दर्ता भएको भए पनि दाजुभाइबीचको अंशवण्डा नभएकोले दाजु वीरबहादुरबाट कान्छा जीतबहादुरले अंश पाऊँ भनी २०६१ पुस १० गते जिल्ला अदालत धनकुटामा अंश चलन, चलन मुद्दा दर्ता गरेका थिए ।

### बहुविवाहले अंश मुद्दा बढ्यो

धनकुटामा बहुविवाह बढ्दै गएकाले अंश मुद्दा बढ्दो छ । धनकुटा, तेलिया-९ का टेकबहादुर लिम्बू (४९) अहिले अंश मुद्दा फैसला कुरिरहेका छन् । बुवा बमबहादुर लिम्बूले कान्छी आमापट्टिको भाइबुहारीको नाममा अंश भर्पाई र बकसपत्र गरी अंश दिएको भन्दै २०६४ असार ४ गते उनले जिल्ला अदालत धनकुटामा अंश चलन मुद्दा दायर गरेका छन् । बमबहादुरले ०३५ सालमा टेकबहादुरलाई व्यवहारिक ढङ्गले १५ रोपनी जग्गा अंशवापत छुट्याई दिएका थिए । तर बुवा वमबहादुरले जेठी कान्छीका छोराहरूबीच एकआपसमा बण्डा पास नै नगराई आफूले भोग चलन गरिरहेको १५ रोपनी जग्गासमेत

कान्छी आमापट्टिको भाइबुहारीलाई पास गरिदिएकाले आफू अदालतको ढोकामा पुग्न बाध्य भएको टेकबहादुर बताउँछन् ।

उनले बुबा, भाइ सूर्यबहादुर, डिकबहादुर र बुहारी बुद्धमायाविरुद्ध जिल्ला अदालत धनकुटामा अंश भर्पाई तथा लिखत र हालैको वकस-पत्र लिखत दर्ता बदर गरिपाऊँ भनी मुद्दा दायर गरेको छन् । तर वमबहादुरको मृत्यु भइसकेको छ । वादी टेकबहादुर र प्रतिवादी भाइबुहारीले अदालतसामु साक्षी वकपत्र नगरेकाले मुद्दा पेशी चढेको जिल्ला अदालत स्रोतले जनाएको छ ।

बुवाको मृत्युपश्चात् तेलियाका सामुदायिक मध्यस्थकर्ता हरि श्रेष्ठ र कानुन व्यवसायीहरूको सक्रियतामा भाइ-भाइमा मिलापत्र गर्ने सहमति भएपछि दुवै पक्षको वादी-प्रतिवादीको साक्षीहरूको वकपत्र नगराइएको वादीको तर्फबाट उक्त मुद्दा हेरिरहेका एक कानुन व्यवसायी बताउनुहुन्छ । मुद्दा खेप्न अदालत आएका टेकबहादुर भन्छन्-"म सानो छँदा बुबाले कान्छीआमा ल्याउनुभयो । हामीलाई हेर्नुभएन, त्यो पनि ठिकै थियो तर मर्ने बेलामा मैले भोगचलन गरेको मेरो अंशसमेत कान्छीआमापट्टिको भाइबुहारीको नाममा पास गरिदिँदा दुःख लागेको छ ।"

धनकुटा अर्खौले जितपुर-२ का दुई छोरीकी आमा वर्ष ३१ की खिनामाया राईको कथा-व्यथा भने बेग्लै छ । श्रीमान् धनबहादुर राई परपुरुषसँग सल्किएको भन्दै खान-लाउन नदिई घरबाट निकाला गरेको दावी गर्दै न्यायको खोजीमा सामुदायिक मध्यस्थकर्ता कमल नेपालको सहयोगमा अदालतको ढोका ढक्ढक्याउन आएको बताउँछिन्, उनी । खिनामायाले श्रीमान्विरुद्ध सम्बन्ध-विच्छेद गरी आधा अंश दिलाई पाऊँ भनी ०६३ असार ३० गते जिल्ला अदालत धनकुटामा अंश मुद्दा दायर गरेकी छन् ।

श्रीमान्ले चाहीँ ०४६ साल कात्तिकमा जिल्लाको परेवादिन-७ का रिट्टे भन्ने रणबहादुर राईसँग विवाह गरेकाले खिनमायासँग सम्बन्ध-विच्छेद गरी अंश दिनु नपर्ने प्रतिउत्तर अदालतमा पठाएका छन् । खिनमाया अर्कैसँग गएको भनी सिधुवा प्रहरी चौकीमा ९ मंसिर २०४६ मा निवेदन दिएको उनले जनाएका छन् । खिनमायासँग रहेका दुई छोरी आफ्नै हो भन्ने चाहीँ उनले स्वीकार गरेका छन् । यो मुद्दा विचाराधीन छ ।

उता तेह्रथुम जिरीखिम्तीकी अम्बिका बुढाथोकी (४१) ले ३ वर्षसम्म अदालत धाएर आफ्नै श्रीमान् खड्गबहादुर बुढाथोकीबाट आधा अंश पाएकी छिन् ।

वादी जेठी श्रीमती अम्बिकाले छोरा नजन्माएको आरोप लगाई कान्छी श्रीमती ल्याउने प्रतिवादी श्रीमान् खड्गबहादुरबाट अंश पाउने गरी जिल्ला अदालत तेह्रथुमले ०६४ वैशाख ७ गते वादीको नाममा मुद्दा फैसला गरेको थियो । तर प्रतिवादी खड्गबहादुरले भने जेठी श्रीमती अम्बिकालाई अंश पहिले नै दिइसकेको हुँदा पुनः अंश दिनु नपर्ने दावी गर्दै जिल्ला अदालत तेह्रथुमले गरेको फैसला बदर गरिपाऊँ भनी पुनरावेदन अदालत धनकुटामा मुद्दा दायर गरेका थिए । पुनरावेदन अदालत धनकुटाले पनि मुद्दा सुनुवाईको चरणमा जिल्ला अदालत तेह्रथुमले गरेको फैसलालाई सदर गरिदियो ।

त्यस्तै धनकुटा तांखुवा-७ की जुनादेवी दाहाल राई (३०) ले श्रीमान् भुवनसिं दाहालले खान-लाउन नदिएको भन्दै जिल्ला अदालत धनकुटामा अंश मुद्दा दायर गरेकी छिन् । अन्तरजातीय विवाह गरेकी जुनादेवीलाई श्रीमान्ले अदालतसामु तायदाती फाँटवारी पेश गरी प्रतिवादीको तर्फबाट प्रतिउत्तर नफर्काएकाले ४ वर्षसम्म मुद्दा किनारा लागेको छैन ।

यी केही उदाहरणमात्र हुन अंश मुद्दाको । वि.सं.१९१० को मुलुकी ऐनको महल १३ मा बाबु-बाजेको पालादेखि नै अंशबण्डा नभएको खण्डमा छोरा, नाति, पनातिको पालासम्म पनि अंश लिन पाउने उल्लेख छ । मुलुकी ऐनको ११ औं र १२ औं संशोधनपछि विशेष गरी वहुविवाह, सम्बन्ध-विच्छेद, महिला घरेलु हिंसा, जेठी-कान्छीको विषयलाई लिएर अंश चलन मुद्दाका लागि अदालत धाउनेको संख्या वृद्धि भएको छ ।

जिल्ला अदालत धनकुटाको मुद्दा दायरी फाँटको तथ्याङ्कअनुसार, ०६४ माघ मसान्तसम्ममा देवानी मुद्दाअन्तर्गत अंशसम्बन्धी १ सय १९ वटा मुद्दा परेका छन् । जसमध्ये १७ वटा मुद्दामा मेलमिलाप भइसकेको छ ।

खोज्यो भने हक-अधिकार पाइन्छ भन्ने चेतनास्तरकै कारण अंश चलान, सम्बन्ध-विच्छेद, महिला हिंसाको मुद्दा बढेको धनकुटा जिल्ला न्यायाधीश अर्जुनप्रसाद कोइराला बताउनुहुन्छ ।

धनकुटा जिल्ला वार एकाई स्थापना भएको ४ वर्ष यता वहुविवाह, अंश

चलन, अन्तरजातीय विवाह, सम्बन्ध-विच्छेद आदि गरी ३ सय ५० मुद्दाको किनारा लगेको छ । ६१ वटा अंश चलनलगायतका मुद्दाहरू जिल्ला अदालत धनकुटामा विचाराधीन रहेको महिला वार एकाईका अध्यक्ष हिमादेवी बस्नेतले बताउनुहुन्छ ।

पुनरावेदन अदालत धनकुटामा भने चालू आर्थिक वर्ष सुरु भए यता १ सय २६ वटा मुद्दा दायर भएकोमा २४ वटा मात्र फछ्र्यौट भएका छन् । हालसम्म देवानी अंश चलन मुद्दामा ४६ वटा मुद्दा दायर भएकोमा ५ वटा मात्र फैसला भएको पुनरावेदन अदालत धनकुटाका रजिष्ट्रार सुदिप दङ्गालले जनाउनुभयो । पुनरावेदन अदालत धनकुटामा सरकारवादी मुद्दा १७ वटामा ४, व्यक्तिवादी मुद्दा ५३ वटामा १२, निषेधाज्ञामा ४ वटामा २ र परमादेश आदेशमा ५ वटा मुद्दा परेकोमा २ वटा मुद्दा फछ्र्यौट भएको जानकारी उहाँले दिनुभयो ।

**सुझाव :**

- **विषयवस्तु राम्रो छ ।**
- **सम्पत्ति दान-वकसमा कसरी प्राप्त हुनआयो भन्ने खुलेन ।**
- **मुलुकी ऐनको अंशवण्डाको १८ नम्बरमा के छ ?**
- **स्टोरीले पारिवारिक झमेलाबाट कति पीडा ल्याउाछ भन्ने देखाएको छ ।**
- **फैसला विलम्बबारे अदालतको भनाई आएन ।**
- **विषयवस्तुमा सर्वोच्च अदालतबाट यस प्रकृतिका मुद्दामा प्रतिपादित नजिरहरू पनि संक्षेपमा खुलाएको भए हुने थियो ।**

# अंश मुद्दा बढ्यो

◆ एलिना हिङमाङ
द धनकुटा हेराल्ड साप्ताहिक

'मेरो छोरा महेन्द्र भट्टराई २४ वर्ष अगाडि घरबाट फुलपाती हेर्न भनेर धनकुटाबाट आए पनि घर फर्केन, मैले आस मारिसके, अहिले छोरीको घरमा बस्दैआएकी छु एक सय वर्षसम्म बाँच्छु होला त्यतिञ्जेलको खर्च र क्रिया खर्च पुग्ने चाहीं दिलाइदिनुपर्छ' उनको अनुनय यही छ ।

महिला हिंसाका कारण धनकुटा जिल्ला अदालतमा अंश विवादका मुद्दाहरू बढ्दो छ। अदालतको दर्ता फाँटको तथ्याङ्कअनुसार २०६४ पुस मसान्तसम्ममा यससम्बन्धी एक सय १६ वटा मुद्दाहरू परेका छन् भने १४ वटा मुद्दाको फैसला भइसकेको छ।

महिला हिंसाकै कारण धनकुटा जिल्ला अदालतमा अंशसम्बन्धी मुद्दा लडिरहेकी तांखुवा-६ की ८२ वर्षीय इन्द्रमाया भट्टराईले आफ्नो श्रीमान्को मृत्युपश्चात् सौतेनी छोरा अविदल भट्टराईले खान-लगाउन नदिएपछि अदालतमा अंश

## प्रहरीमा उजुरीको ओइरो

अदालतमा मात्र हैन, जिल्ला प्रहरी कार्यालय धनकुटामा समेत महिला हिंसाका घटनाहरूसम्बन्धी उजुरी बढ्दो छ। २०६० देखि अहिलेसम्म जबर्जस्ती करणीको ६, जिउ मास्ने-बेच्ने २ वटा, जबर्जस्ती करणी उद्योग ४ र बहुविवाहको १ वटा गरी १३ वटा मुद्दा जिल्ला प्रहरी कार्यालयमार्फत् जिल्ला अदालतमा पुगेका हुन् ।

कतिपय विवाद आपसी सहमतिद्वारा समाधान गरिएको जिल्ला प्रहरी कार्यालयले बताएको छ । कार्यालयका अनुसार, अहिले सबैभन्दा धेरै महिलाका मुद्दाहरू आउने गरेको छ, जसमा कुटपिट, बहुविवाह, सम्बन्ध-विच्छेद, गाली-बेइज्जति आदि पर्छन् । कुटपिटसम्बन्धी उजुरीहरू धेरै रहेको जिल्ला प्रहरी कार्यालय धनकुटाकी सन्ध्या बस्नेत बताउँछिन् ।

पाऊँ भनी मुद्दा हालिन् । 'मेरो छोरा महेन्द्र भट्टराई २४ वर्ष अगाडि घरबाट फुलपाती हेर्न भनेर धनकुटाबाट आए पनि घर फर्केन, मैले आस मारिसके, अहिले छोरीको घरमा बस्दैआएकी छु एक सय वर्षसम्म बाँच्छु होला त्यतिञ्जेलको खर्च र क्रिया खर्च पुग्ने चाहीँ दिलाइदिनुपर्छ' उनको अनुनय यही छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ को धारा २० को उपधारा ३ मा महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिनेछैन र त्यस्तो कार्य कानुनद्वारा डण्डनीय हुनेछ' भन्ने उल्लेख भए तापनि महिलाहरूप्रति हुने हिंसाहरू झन् बढ्न थालेका छन् । महिला अधिकारकर्मी गीता अधिकारी भन्छिन्- 'कतिपय सचेत वर्गका महिलाहरू आफू पीडित भएको कुरा बाहिर ल्याउन चाहँदैनन्, उनीहरू पीडामा नै रहिरहेका हुन्छन् । उनीहरूलाई परिवार र आफ्नो इज्जतको डर हुन्छ । 'मुद्दा लड्नेहरूले भने सफलता पाएकैछन्' उनले थपिन् ।

२०५८ मा मुलुकी ऐन, ११ औं संशोधन भएपछि इन्द्रमायाका जस्तै अंशसम्बन्धी मुद्दाहरू लिएर महिलाहरू अदालतमा आउने क्रम बढेको देखिन्छ । हक र अधिकार खोज्यो भने पाइन्छ भन्ने चेतना वृद्धि भएकाले गर्दा अंश मुद्दा

बढेको तर्क जिल्ला न्यायाधीश अर्जुनप्रसाद कोइरालाको छ । महिलामाथि हुने गाली-बेइज्जतिसम्बन्धी मुद्दाहरू पनि धेरै मात्रामा आउन थालेको उनले बताए ।

धनकुटा जिल्ला अदालत वार एशोसियसन, महिला वार इकाईको तथ्याङ्कअनुसार २०६० सालयता अहिलेसम्म ८० वटा मुद्दाहरू अदालत र वार इकाइमा दर्ता भएका छन् भने अदालतमा दर्ता नगराई आपसी छलफलद्वारा अहिलेसम्म ३ सयदेखि ४ सयको हाराहारीमा समझदारीमा आएका मुद्दाका पक्ष-विपक्ष र अदालती फैसलादेखि न्याय पाएकाहरू भने अहिले आएर स्थापित भएको पाइएको छ । अहिले पुनः पुराना समस्याहरू लिएर तिनै महिलाहरू नआएको कुरा महिला शाखाकी अध्यक्ष तथा अधिवक्ता हिमादेवी बस्नेत बताउनुहुन्छ ।

हाल महिला वार इकाईले असाहय महिलाहरूलाई निःशुल्क कानुनी सहायता प्रदान गर्नुका साथै दस्तुर एक हजार रुपैयाँभन्दा कम रकम रहेको मुद्दा शाखाको तर्फबाट सम्बन्धित गाविसको सिफारिसमा व्यहोर्ने गर्दछ । पुनरावेदन अदालत मुद्दा फाँटका अनुसार, अहिले अदालतमा महिला हिंसासम्बन्धी पाँच वटा मुद्दाहरू चलिरहेका छन् । नागरिक समाजकी अगुवा शीला नेपाली पुरातनवादी सोच र विषेष गरी महिला हिंसा पुरुषले मात्र गर्ने नभई महिलाले महिलालाई पनि गर्ने गरेका छन्, भन्छिन् । 'महिलामाथि भने अत्यधिक मादक पदार्थ सेवन गरी हिंसा गरिन्छ' उनले भनिन् ।

महिलाहरू आत्मनिर्भर नहुनु, शिक्षामा महिलाहरूको अग्रसरतामा कमी हुनु, पुरुषमा भर पर्नुले महिला हिंसाले बढावा पाएको कुसुम सीप विकास प्रशिक्षण केन्द्रकी सञ्चालिका कुसुम नेपालीको भनाई छ ।

**सुझाव :**

- **विषयवस्तु राम्रो छ । यसले महिलामाथि हुने हिंसाको झलक दिन्छ ।**
- **पुरुषको भनाई पनि राखेको भए स्टोरी सन्तुलित हुने थियो ।**
- **कानुनहरू निरन्तर संशोधन भइरहेका हुन्छन् । यसबारेमा समाचारदाता सचेत भए राम्रो हुन्छ ।**

# बलात्कृतले क्षतिपूर्ति पाएनन्




◆ **मनोज श्रेष्ठ**

**अन्नपूर्ण पोष्ट दैनिक**


भोजपुर देउराली-१ कि १५ वर्षीया कल्पना रोक्काले भोजपुर जिल्ला अदालत र मोरङ पुनरावेदन अदालतबाट न्याय त पाइन तर अदालतले तोकेबमोजिम क्षतिपूर्ति पाउन सकिनन् । दुबै अदालतले जबर्जस्ती करणी मुद्दामा पिडकलाई आठ वर्ष कैद सजाय र उसले पाउने अंशको आधा दिलाइदिनु भनी फैसला सुनाएको थियो ।

त्यसैगरी, मोरङ्ग डंग्राहाको २२ वर्षीय दिलबहादुर खवासले १५ वर्षकी तुलसा खड्कालाई बलात्कार गरेको अभियोगमा १२ वर्ष कैद र आधा अंश

**बलात्कारको मुचुल्का प्रहरीले राम्ररी उठाइदिएर सरकारी अधिवक्तासम्म पुऱ्याएको पाईंदैन । पहिलो चरणमा प्रहरीले सबै काम नगरिदिएकोले सरकारी अधिवक्ताले पिडकको चलअचल सम्पत्तिको बारेमा ठोसरूपमा खोजतलास पनि गर्दैनन्।**

पीडितलाई दिन अदालत मोरङ्गबाट फैसला सुनाइयो । तर कारागारमा रहे पनि उनले पीडितलाई क्षतिपूर्ति होइन, उल्टै जिल्ला अदालतको फैसलाविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर गरेका छन् । मोरङ्ग सिजुवाका रविशंकर भट्टराईले पनि आफ्नै सात वर्षीया छोरीलाई ५ रुपैयाँको प्रलोभन देखाएर बलात्कार गरेपछि पूर्पक्षका लागि मोरङ्ग जिल्ला कारागारमा छन् । यस्तै झड्केली ११ वर्षीया छोरीमाथि यौनशोषण गर्ने मोरङ्ग लेटाङ्गका वीरबहादुर विक पनि जेलको छिंडीमा जीवन काटिरहेका छन् ।

मुलुकी ऐन जबर्जस्ती करणीको महलको दफा १० अनुसार पिडकलाई १० देखि १५ वर्ष जेल सजाय तथा उसको आधा अंश पीडितलाई दिने व्यवस्था छ । बलात्कारसम्बन्धी मुद्दाहरू जिल्ला अदालत मोरङ्गमा प्रत्येक वर्ष २० भन्दा बढी दर्ता हुँदैआएका छन् । मोरङ्ग जिल्ला अदालत तहशील शाखाका अधिकृत वसन्त घिमिरे दायर भएका आधाभन्दा बढी मुद्दामा दोषीलाई सजाय तोकिने गरी फैसला भएको तर पीडितले क्षतिपूर्ती भने नपाएको बताउँछन् । 'कतिपय घटनामा पीडितले क्षतिपूर्ती माग्दै निवेदन दिन आउँदैनन्' घिमिरे भन्छन् ।

आर्थिक वर्ष ०६२/६३ मा २४, ०६३/६४ मा ४१ र चालू आवको असारसम्म १८ वटा बलात्कारसम्बन्धी मुद्दा दर्ता भएका छन् । देकबहादुर खड्का विरुद्ध स्वस्ती बराल भएको जवर्जस्ती करणी मुद्दामा सर्वोच्च अदालतले प्रतिवादीको चलअचल सम्पत्तिको यकिन गरी वादीलाई आधा अंश अविलम्व दिनू भनी फैसला गरेको थियो ।

बलात्कार गर्ने अपराधीहरूलाई कारवाही नहुनुका खास कराण खोलिदिएका छन्- मोरङ्ग जिल्ला अदालतका श्रेस्तेदार विष्णुहरि अर्यालले । कुनै ठाउँमा बलात्कार भएमा पहिलो मुचुल्का प्रहरीले राम्ररी उठाइदिएर सरकारी अधिवक्तासम्म दिएको पाईंदैन । त्यसैगरी पहिलो चरणमा प्रहरीले सबै काम नगरिदिएकोले सरकारी अधिवक्ताले पिडकको चलअचल सम्पक्तिको बारेमा ठोसरुपमा खोजतलास गर्दैनन् । अन्ततः फैसला पीडितको पक्षमै हुन्छ । तर फैसला हुँदासम्म पिडकले आफ्नो नामको सम्पत्ति नामसारी गरिसकेका हुन्छन् । प्रमुख जिल्ला अधिकारी माधवप्रसाद रेग्मीले अदालतको फैसला प्रहरीको सहयोगमा कार्यान्वयन हुने गरेको बताउँछन् । अधिवक्ता विनयहरि दाहालको अनुभव पनि श्रेस्तेदार अर्यालको भन्दा खासै फरक छैन । उनी भन्छन् बलात्कृत युवतीहरू आफ्नो बेइज्जत हुने डरले पनि यस्ता

मुद्दा लडेर क्षतिपूर्ति लिनतिर लाग्दैनन् ।

महिला हिंसाविरुद्ध काम गर्दैआएको ओरेक नेपालकी अध्यक्ष डा.रेणु राजभण्डारी बलात्कारका घटनालाई फितलोरुपमा हेर्ने कानुन बढी जिम्मेवार भएको दाबी गर्नुहुन्छ । अपरिचितबाट भन्दा परिचितबाटै युवती र महिलाहरू असुरक्षित हुने गरेको राजभण्डारीको दावी छ । बालबालिकाहरू सबैभन्दा बढी असुरक्षित आफ्नै परिवारभित्रका सदस्यबाट हुन्छन् भन्ने तथ्य यसअघि केही भारतीय मनोवैज्ञानिक संस्थाहरूले गरेको खोज-अनुसन्धानबाट सार्वजनिक भइसकेको छ ।

विटर चकलेक चाइल्ड सेक्सुअल एव्यूज इन इण्डियाकी लेखिका पिंकी विरानीले त बालबालिकासँग यौन अनाचार गर्नु भारतीय परिवारभित्र गाडिएर बसेको वास्तविक तथ्य भएको घोषणा गरेकी छिन् । नेपाली परिवारिक रीति-थिति, धर्म-संस्कार र रहन-सहन भारतीय समाजको भन्दा धेरै फरक नभएकोले यो वास्तविकता यहाँ पनि लागू भएको छ भनेर मोरङ्गका घट्नाले देखाएको छ ।

अधिकांश बाल-मनोवैज्ञानिकहरूका अनुसार, धनी या गरिव, सहर या गाउँ जुनसुकै समाजमा ५० प्रतिशत बालयौन दुर्व्यवहार आफन्तबाट हुने गरेको र त्यसमा पनि बाबुबाट बालिकाहरू धेरै पीडित हुने गरेको तीतो तथ्य छ ।

**सुझाव :**

- **मुलुकी ऐनको जवरजस्ती करणीको महलमा भएका करणीसम्बन्धी व्यवस्थाहरू र डण्ड सजायसम्बन्धी व्यवस्थालाई संक्षेपमा उल्लेख गरेको भए विषयवस्तु थप जानकारीमूलक हुने थियो ।**
- **के कारणले गर्दा पीडितहरूले अदालतको फैसला कार्यान्वयनको लागि अदालतसम्म नपुगेका रहेछन् भनी पीडितहरूको भनाईलाई स्थान दिनसकेको भए राम्रो हुने थियो ।**
- **वाक्य संयोजन र शब्द छनौटमा ध्यान दिनुपर्ने देखिन्छ ।**

# कर्मचारी नहुादा अदालतको काम प्रभावित



◆ सन्तोष सुवेदी
गोरखापत्र दैनिक

सिराहा जिल्ला अदालतमा दरबन्दीअनुसार कर्मचारी नहुँदा अदालतबाट सम्पादन हुने न्यायिक काम प्रभावित भएको छ ।

विभिन्न कारण दर्शाउँदै केही कर्मचारीहरू सरुवा भएर गएका छन् भने केही काजमा गएका छन् । तिनको स्थानमा अरू कर्मचारीको पदपूर्ति भएको छैन । तीन जना न्यायाधीश, एक/एक जना श्रेस्तेदार तथा तहसीलदारका अतिरिक्त अदालतको फाँट हेर्ने ११ जना नायब सुब्बा, १८ जना डिट्ठाको दरबन्दी

**तीन जना न्यायाधीश, एक/एक जना श्रेस्तेदार तथा तहसीलदारका अतिरिक्त अदालतको फाँट हेर्ने ११ जना नायब सुब्बा, १८ जना डिठ्ठाको दरबन्दी रहेकोमा अदालतको काम अहिले चार जना नायब सुब्बा तथा चार जना डिठ्ठाले चलाउनु परेको छ। त्यस्तै अदालतको क्षेत्राधिकारभित्र पर्ने विभिन्न गाविसहरुमा म्याद तामेली गर्ने तामेलदारहरुमध्ये आठ जनाले जसोतसो अदालतका अन्य फाँटहरु हेरिदिएका छन्।**

रहेकामा अहिले अदालत चार जना नायब सुब्बा र चार जना डिट्ठाले चलाउनु परेको छ । त्यस्तै अदालतको क्षेत्राधिकारभित्र पर्ने विभिन्न गाविसहरूमा म्याद तामेली गर्ने तामेलदारहरूमध्ये आठ जनाले जसोतसो अदालतका अन्य फाँटहरू हेरिदिएका छन् ।

'सरुवा तथा काजमा गएका कर्मचारीहरूको साटो सर्वोच्च अदालतले अर्को कर्मचारीहरूलाई यहाँ पठाउनुपर्ने हो' अदालतका एक नायव सुब्बाले भने-'अहिलेसम्म पठाइएको छैन, यसबाट सेवाग्राहीलाई समेत असर परेको छ ।'अदालतमा अन्य कर्मचारीहरूबाट हुने कार्यहरू गर्न तामेलदारहरूलाई अदालतमा राखिएकाले उनीहरूले आफ्नो क्षेत्रका सेवाग्राहीहरूलाई समयमै म्याद तामेल गर्न भ्याइरहेका छैनन् । म्याद तामेल गरी प्रत्येक महिनाको २ र १६ गते अदालत प्रशासनमा बुझाउनुपर्ने चलन छ । यसो हुन नसक्दा जनताको समयमै न्याय प्राप्त गर्ने हकमाथि गम्भीर असर परेको छ ।

नेपाल वार एशोसिएसन, जिल्ला वार इकाई सिरहाका अध्यक्ष नागेश्वरप्रसाद साहले अदालतमा जग्गा खिचोला, जमिन मूल्याङ्कन, चलन चलाई पाऊँ भन्नेजस्ता देवानी मुद्दाहरूको काममा साह्रै ढिलाई भइरहेको जानकारी दिए । जिल्ला अदालत सिरहाका श्रेस्तेदार योगेन्द्र साहले सेवाग्राहीको चाप बढे पनि कर्मचारीहरूको अभावका कारण छिटो-छरितो काम हुन नसकेको स्वीकार गरे । कर्मचारीको पूर्ति गर्न केन्द्रसँग अनुरोध गरिएको उनले बताए ।

**सुझाव :**

- **कर्मचारी नहुादा रोकिएका कामको विवरण आएन ।**
- **म्याद तामेली नहुादा मुद्दामा परेको प्रभावलाई तथ्याङ्कमा देखाइएको भए राम्रो हुने थियो ।**
- **मुद्दामा ढिलाई भएका तथ्यहरू आएन ।**
- **अदालतमा मुद्दाको चाप छ/छैन भनेर तथ्याङ्कले स्पष्ट पार्नुपर्थ्यो ।**
- **कर्मचारी पूर्तिबारे सम्बन्धित निकाय अर्थात् सर्वोच्च अदालत भनाई समेट्न सकेको भए राम्रो हुन्थ्यो ।**

# भाग तीन

# अदालतको आदेश पालना भएन

## फोहोरमा लुकेको राजनीति मूल कारण



◆ **विक्रम खड्का**
**लुम्बिनी दैनिक**

बुटवल नगरपालिकाबाट दैनिक निष्काशन हुने फोहोर तिनाउ नदीमा नफ्याँक्न भन्दै पुनरावेदन अदालत बुटवलले निषेधाज्ञा आदेश जारी गरेको ३ वर्षसम्म समस्या जहाँको-तहीँ छ। बुटवल नगरपालिकाले अदालतको आदेश कार्यान्वयनमा आलटाल गरेको देखिन्छ।

दैनिक ३० मेट्रिक टन उत्पादन हुने फोहोर व्यवस्थापन गर्ने जिम्मेवारी पाएको बुटवल नगरपालिकाले बुटवलको तिनाउ खोलामा जथाभावी फ्याँक्दैआएको छ।

**बुटवल नगरपालिकाले फोहोर नदीमा फ्याँक्दा लाखौँ किसानलाई प्रत्यक्ष मार परेको छ । अर्कोतर्फ तिनाउ नदीको पानी प्रदूषित हुँदा जैविक विविधतामा समेत असर परेको छ । त्यसको रोकथामका लागि नगरपालिकाविरूद्ध धर्ना, ज्ञापनपत्र र मुद्दा दर्ता भएका छन् ।**

# क्लिकमै मिसिल

**विक्रम खड्का/लुम्बिनी दैनिक**

गुल्मीको धुर्कोटबाट आफ्नो मुद्दाको मिसिल खोज्न पुनरावेदन अदालत बुटवलमा आएका सोमबहादुर खत्री अदालतको प्रविधि देखेर तीन छक्क परे । दाजुभाइबीचको अंशसम्बन्धी मुद्दाको फैसलाको मिसिल खोज्न उनी बुटवल आएका थिए ।

सरासर अभिलेख शाखामा पुगेर अदालतका सुब्बा रेवती ज्ञवालीलाई मिसिलका लागि उनले आग्रह गरे । १० वर्षअघिको मिसिल त्यो पनि ३० औं हजारका बीचमा तुरुन्त पाइन्छ भन्ने कल्पना उनलाई थिएन । तर मुद्दामा वादी-प्रतिवादीको नाम तथा फैसला भएको मिति के टिपाएका थिए, डायरी नम्बर १०३ मा ६२४५ नम्बरको र्‍याकबाट उनलाई चाहिएको सबै मिसिल मिनेटमै आइपुग्यो । धेरै वर्षपछि अदालत कुचेका सोमबहादुर पुनरावेदन अदालतमा कम्प्युटरबाट तुरुन्त काम भएको देख्दा आश्चर्यमा समेत परे । नपरुन् पनि कसरी ? केही वर्ष पहिला त्यही अदालतमा मिसिल खोज्न आउँदा २-३ दिन अग्रिम नाम टिपाएर बस्नु परेको अनुभव उनीहरूसँग ताजै छ ।

तिनाउ नदीमा फोहोर फाल्दा नदीको पानी प्रयोग गर्ने बुटवलबाट तलपट्टिका लाखौं जनतालाई प्रत्यक्ष असर पुगेको भन्दै पुनरावेदन अदालत बुटवलमा त्यसका विरुद्ध रिट दायर गरिएको थियो ।

सार्वजनिक सरोकारको उक्त विषयमा बुटवलको वातावरणीय सचेतना तथा कानुनी जनसरोकार मञ्चले २०६१ साल मंसिर १६ गते बुटवल नगरपालिकाविरुद्ध अदालतमा रिट दायर गरेको हो ।

बुटवलबाट निष्काशन हुने फोहोर मैला व्यवस्थित गर्न नसक्दा त्यसबाट जल-प्रदूषण र जैविक विविधता विनाशको समस्या त छँदैछ फोहोर उत्पादनमा कुनै भूमिका नभएका निर्दोष व्यक्तिहरू पीडित बनेका छन् ।

अदालतहरू पुरानै ढर्रामा चलेको बेला यद्यपि पुनरावेदन अदातल बुटवल भन्ने अहिले पुरै कम्प्युटर प्रणालीमा गएको छ । विभिन्न शाखामा १२ वटा कम्प्युटरबाट काम हुने गरेको पुनरावेदन अदालत बुटवलका रजिष्ट्रार थिरबहादुर चन्द बताउँछन् । पुनरावेदन अदालतमा कम्प्यूटरको संरचना निर्माणमा यसअघिका रजिष्ट्रार डिल्लीराज आचार्यको ठूलो योगदान रहेको कर्मचारीहरू बताउँछन् ।

'आचार्य रजिष्ट्रारसाबले एकाएक कम्प्यूटर सिक्न इन्ष्टिच्यूटमा जान सबै कर्मचारीलाई आग्रह गर्नुभयो । त्यसैले अदालतका ४० जना बढी कर्मचारी बुटवलको ट्राफिकचोकको ग्लोबल कम्प्युटर इन्ष्टिच्यूटमा कम्प्यूटर सिकेका छौं अभिलेख शाखाका सुब्बा ज्ञवालीले भने-'हामीले कम्प्युटर सिकेको पैसासमेत तिर्न परेन ।' यद्यपि पुनरावेदन अदालत बुटवलमा २६ वटा कम्प्यूटर रहे पनि आधा जति सञ्चालनमा छैनन् । कर्मचारीहरूलाई आधारभूत तालिम मात्र दिइएको कारण कम्प्यूटरमा दक्षता नहुँदा समस्या भएको कर्मचारीहरूको गुनासो छ ।

पुनरावेदन अदालत बुटवलले रूपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, गुल्मी र अर्घाखाँचीका मुद्दाहरू हेर्ने गर्दछ । ती जिल्लाका ३० हजार मिसिलहरू कम्प्यूटरमा दर्ता गरेर अभिलेख शाखामा राखिएको

बुटवलको तिनाउ नदीमा सिधैं फोहोर मैला फ्याँक्दा शंकरनगर, आनन्दवन, मोतिपुर, टिकुलीगढ, धकधईलगायतका बासिन्दाहरूलाई प्रत्यक्ष असर पुगेको छ । सो क्षेत्रका खेतमा सिँचाईका लागि तिनाउ नदीबाट बाँध बाँधेर लगेको १६/३६ सिँचाई नहरबाट फोहोर मैला खेतहरूमा पुग्ने गरेको छ ।

वर्षौंसम्म पनि नसड्ने फोहोर तथा सिसा र औषधिका बोत्तलहरू पानीले बगाएर खेतमा लैजाने गरेको सोही सिँचाई नहर समितिका अध्यक्ष रोमणिप्रसाद पाठक बताउँछन् । 'प्रत्येक वर्ष २-४ जना किसान खेतमा काम गर्दा खुट्टामा सिसा गडेर घाइते बन्छन्' उनले भने- '१६ हजारभन्दा बढी किसानलाई बुटवल नगरपालिकाले नदीमा फोहोर फ्याँकेर अनाहकमा सजाय

छ । प्रत्येक जिल्लाका मिसिलहरू फरक-फरक दराजमा फाइल गरी राखेको हुँदा आधा दर्जन कर्मचारी आवश्यक पर्ने अभिलेख शाखामा अब २ जनाले मात्र पनि सेवा दिन सक्ने त्यहाँ कार्यरत कर्मचारीहरूको भनाई छ । आफैँमा संवेदनशील क्षेत्र मानिने अदालतमा कम्प्यूटर प्रणालीका कारण मिसिलहरू हेर्न निकै सजिलो भएको बारका पूर्व अध्यक्ष विनोद गौतम बताउँछन् । 'कम्प्युटर प्रविधिले विवरणहरू हेर्न घण्टौं कुर्न पर्दैन, अभिलेख शाखामा निकै सजिलो छ' उनले भने ।

त्यसो त पुनरावेदन अदालत बुटवलमा भएको सबै क्रियाकलाप कम्प्यूटरबाट घरमै बसेर पनि हेर्न सकिन्छ । अदालतमा हुने मुद्दाको फैसला घरमै कम्प्युटरमा हेर्न सकिने बनाइएको छ । पुनरावेदन अदालत बुटवलको वेबसाइट www.acbutwal.com रहेको छ ।

२०४८ सालमा स्थापना भएको पुनरावेदन अदालत बुटवलमा मुख्य न्यायाधीशसहित ८ जना न्यायाधीशको दरबन्दी रहेको छ । यद्यपि अहिले एक जना न्यायाधीशले अवकाश लिएका र एक जनाको सरुवा भएपछि २ जना न्यायाधीश पद खाली रहेको बुझिएको छ ।

दिएको छ ।'

बुटवल बजारको बस्ती नबस्दै निर्माण भएको १६-३६ सिँचाई नहरबाट सिँचाई गरेर ४ लाख बासिन्दाको लागि सो खेतबाट अन्न फल्ने गर्दछ । खेतहरूमा प्लाष्टिक, औषधिका सिसी, सिरिन्ज गएर थुप्रिने गर्दछन् । यस्ता वस्तुका कारण वार्षिक उब्जनीमा ठूलो गिरावट आउन थालेको किसानहरू बताउँछन् ।

त्यसो त बुटवल नगरपालिकालाई तिनाउमा फोहोर नफाल्न आग्रह गर्दै १६-३६ सिँचाई नहर समितिले पटक-पटक ध्यानाकर्षण गराएको छ । अदालतको आदेशको समेत वेवास्ता गर्ने नगरपालिका गम्भीर नभएको आरोप उनीहरूको छ । त्यसो त सिँचाई कुलोको पानी बुटवलको वडा नं. ११, १२, १३, १५ तथा शंकरनगर, मोतीपुर, आनन्दवन, कहरिया, भलवाडी, सिद्धार्थनगरलगायतका जनताले पिउनदेखि गाईभैंसी र कपडा धुनसमेत प्रयोग

गर्दैआएका छन् । डा.प्रकाश बुढाथोकीका अनुसार त्यस क्षेत्रका वासिन्दाहरूलाई ८० प्रतिशत रोग पानीका कारण लाग्ने गरेको छ । उनले भने औषधी र फोहोरका कणहरू सिधैँ शरीरमा जाँदा समस्या बढ्ने गर्दछ ।

समस्या सबैलाई घामजस्तै छर्लङ्ग छ । बुटवल नगरपालिकाले फोहोर नदीमा फ्याँक्दा लाखौं किसानलाई प्रत्यक्ष मार पुगेको छ । अर्कोतर्फ तिनाउ नदीको पानी प्रदूषित हुँदा जैविक विविधतामा समेत असर परेको छ । त्यसको रोकथामका लागि नगरपालिकाविरुद्ध धर्ना, ज्ञापनपत्र र मुद्दा दर्तासमेत भएका छन् । तर समस्याको समाधान गर्न सहयोग गर्छौं भन्ने निकाय कोही नदेखिनु अर्को समस्या भएको छ ।

बुटवल नगरपालिकाले नदीमा फोहोर फ्याँक्नु बाध्यता भएको जिकिर गर्दैआएको छ । समस्या समाधानका लागि आफूहरू लागिरहे पनि अन्य निकायको सहयोग प्राप्त नभएको बुटवल नगरपालिकाका प्रशासकीय अधिकृत कृष्णप्रसाद ज्ञवाली बताउँछन् । 'फोहोर विसर्जन गर्ने समस्या झन् पछि झन् जटिल बन्दै गइरहेको छ । हामी सबैसँग सहकार्य गरेर अघि बढ्न तयार छौं' उनले भने ।

बुटवल नगरपालिकामा बढ्दै गएको मानव वस्तीले फोहोर पनि बढ्दै गएको छ । बुटवल नगरपालिकाभित्र ढाई लाख स्थायी बासिन्दा र अस्थायी बासिन्दा बस्ने गर्दछन् । मान्छेको वृद्धिसँगै दैनिकरुपमा निष्काशन हुने फोहोर मैला पनि बढ्दो छ । तर समस्याको समाधानतर्फ कत्ति पनि पहल भएको छैन । फोहोर मैला व्यवस्थापन गर्ने जिम्मा नगरपालिकाको रहेको भन्दै अन्य सबै निकाय पन्छिएर बस्नु तथा नगरपालिकामा आर्थिक अभाव र सरोकारवालाहरूको सहयोग हुन नसकेको भन्दै बस्नुले समस्या झन् बल्झिँदै गएको छ । नगरपालिकाका अधिकृत कृष्ण ज्ञवाली भन्छन्- 'हामीले अघिल्लो साल नै फोहोर व्यवस्थापन गर्न ल्याडफिल्ड साइट निर्माण गर्ने योजना बनाएका हौं । बुटवल-१५ बेलबासमा ५० हेक्टर क्षेत्रफलको जग्गा पनि हेरेका थियौं । तर स्थानीय बासिन्दाको असहयोगका कारण अलपत्र परेको छ' उनले भने । बुटवल १५ बेलवासमा ल्याडफिल्ड साइट निर्माणको लागि बुटवल नगरपालिकाले बनाएको योजना योजनामै सीमित भएको छ । फोहोर दिनहुँ बढेको-बढ्यै छ । नदीमा फोहोर फ्याँकिइरहेको अवस्था छ तर अदालती आदेशको कसैले टेरपुच्छर लगाएको छैन ।

## पीडितप्रति नगरपालिकाको बेवास्ता

जनताको सेवा र सुविधाका लागि काम गर्न निर्माण गरिएको नगरपालिका आफ्नो जिम्मेवारीप्रति गैरजिम्मेवार बन्न थालेपछि त्यसप्रति अविश्वास बढ्नु स्वभाविक हो । बुटवल नगरपालिकाप्रति सर्वसाधारणको यस्तै भावना विकसित भएको छ । वातावरणीय अधिकारको यथोचित व्यवस्था मिलाउने नगरपालिका गम्भीर नहुँदा यस्तो भावना बढेको हो । बुटवलमा वर्षौंदेखि बल्भिmदैआएको फोहोर मैला व्यवस्थापन गर्ने काममा नगरपालिकाले जग्गा तथा आर्थिक अभाव भएको भनेर उम्किन खोज्नु गैरजिम्मेवारी कार्य भएको नागरिक समाजका अध्यक्ष पदमबहादुर कार्की बताउँछन् । समस्यालाई सतहमै पुगेर टुङ्ग्याउने प्रयास नभएको भन्दै उनी भन्छन्- 'यो भएन, ऊ भएन भनेर बुटवल नगरपालिकाले जनतामाथि खेलवाड गर्नु भएन ।'

समस्या झन् पछि झन् बढे पनि तिनाउ नदीमा फोहोर फाल्दा प्रत्यक्ष पीडित बनेका सर्वसाधारणहरू अहिले बोल्दा-बोल्दै थाकेका छन् । नहर समितिका अध्यक्ष पाठक भन्छन्- 'कति भन्ने हो र सधैँ अब हुन्छ अब हुन्छ भन्ने गरिन्छ समस्या समाधानमा एक प्रतिशत पनि काम भएको छैन ।' उनले भने-'सम्मानित अदालतले दिएको आदेश त कार्यान्वयन भएन हामीले भनेर अब केही हुनेवाला छैन ।'

त्यसो त हाम्रो समाजमा समस्याको समाधान गर्न आन्दोलनमै उत्रिने र त्यसपछि मात्र पहलको प्रयास हुने प्रचलन बढेको छ । नगरपालिकाविरुद्ध आन्दोलनमै नउत्रिँदासम्म समाधान नहुने रुपन्देहीको शंकरनगरका हरि कँडेलको भनाई छ । दुई वर्ष अगाडि खेतमा काम गर्दा खुट्टामा सिसा बिझेको स्मरण गर्दै उनी भन्छन् क्षतिपूर्ति दिन्छु भनेर आश्वासन दिए पनि एक सुको पाइएन् ।

## विश्वास जित्न नसक्दा जग्गा दिन मान्दैनन्

नगरपालिकाले फोहोर मैला जथाभावी फ्याँक्ने गरेका कारण त्यस्तो फोहोर फ्याँक्ने ल्याण्डफिल्ड साइट निर्माणका लागि समेत जग्गा पाएको

छैन । उसको गैरजिम्मेवारी कार्यले गर्दा जनतासँग विश्वास गुमाएको स्थानीयबासीहरूको आरोप छ । बुटवल नगरपालिका-१५ तामनगरस्थित चारपाला सामुदायिक उपभोक्ता समूहको संरक्षणमा रहेको जग्गालाई नगरपालिकाले प्रस्ताव गरेको थियो । तर तिनाउ नदीमा जथाभावी फोहोर फालेर सो क्षेत्रभन्दा तलका बासिन्दाको वातावरणीय अधिकारबारे नगरपालिकाले बेवास्ता गरेको प्रत्यक्ष अनुभव गरेका तामनगरका बासिन्दाले आफ्नो क्षेत्रमा जग्गा दिन मानेका छैनन् ।

नगरपालिकाले व्यवस्थित परियोजना बनाई फोहोर व्यवस्थापन गर्ने गरी जति आश्वस्त पार्न खोजे पनि स्थानीय बासिन्दाले विश्वास गरेका छैनन् । यसरी लामो समयसम्म सर्वसाधारणको जनजीवनप्रति पूरै बेवास्ता गरेका कारण बुटवल नगरपालिकालाई फोहोर फाल्ने ठाउँ पाउनका लागि फलामको चिउरा चपाउनु जत्तिकै गाह्रो भएको छ ।

## फोहोरमा लुकेको राजनीतिक स्वार्थ

राजनीतिक दलहरूले बुटवलको फोहोरोमा पनि राजनीतिक चरित्र देखाएका छन् । बुटवल नगरपालिकाले छनोट गरेको बुटवल-१५ बेलवासको जग्गा दलहरूको असहयोगका कारण उपलब्ध हुन सकेन । राजनीतिक दलका निर्वाचित पदाधिकारीहरू नहुँदा कर्मचारीहरूबाट चल्दैआएको नगरपालिकालाई असफल तुल्याएर फोहोरमा राजनीति गर्ने दाउमा बुटवलका एक जना पूर्व प्रतिनिधिले जग्गा नदिन जनतालाई उक्साएको बुझिएको छ । नगरपालिकाका कार्यकारी प्रमुख सूर्यमणी पौडेल दलहरूले जनतालाई सम्झाई दिन आग्रह गरिएको तर बेवास्ता गरेको गुनासो गरेका छन् ।

जनतालाई बुझाउन हामीले कार्यक्रमहरू पनि आयोजना गरेका थियौं तर दलका प्रतिनिधिहरूसमेत आएनन् । जिल्लामा क्रियाशील एमाले, कांग्रेस, माओवादीलगायतका दलका प्रतिनिधिहरूले आफूलाई श्रेय आउने गरि काम गर्न चाहेको बुझिएको छ । समस्या जति जटिल बन्छ उनीहरूलाई त्याति फाइदा हुने हुँदा समस्यामा उदास देखिएको नगरपालिकाका कार्मचारीहरू बताउँछन् । आफ्ना कार्यकालमा काम गर्न पाए त्यसलाई सधैँभरि राजनीतिक

एजेण्डा बनाएर हिँड्न पाउने हुँदा उनीहरू मौन देखिएको दावी छ ।

## प्रतिवद्धता र संवेदनशीलताको खाचो

फोहोर मैला व्यवस्थापन अझै पनि पहुँच बाहिर गइसकेको अवस्था छैन । सम्बन्धित निकायले प्रतिबद्धता गरेर संवेदनशीलता देखाएमा समाधान गर्न सकिने प्रशस्त आधारहरू छन् । अब पनि समयमै सबै फोहोर उत्पादक शहरी बासिन्दा र स्थानीय निकाय सञ्चालकहरूबीचमा प्रभावकारी समन्वय गरी समस्या समाधानमा संवेदनशीलता देखाएमा समाधान त्यति टाढा पुगिसकेको छैन ।

शहरी क्षेत्रबाट निष्काशन हुने ८० प्रतिशत फोहोर घरायसी हो । सो फोहोरलाई प्रत्येक व्यक्तिले आ-आफैँ छुट्टयाएर पुनः प्रयोगमा ल्याउने चेतना जागृत गराउन सकेमा मात्र पनि ठूलो मात्राको फोहोरले स्वतःफूर्त अन्त्य हुनसक्छ । त्यसो त अस्पतालजन्य फोहोरलाई इन्सिनेरेशन वा वाष्पीकरण गर्ने नयाँ प्रविधिका निर्माण गरी फोहोर गर्नेहरूबाट शुल्क लिएर एकीकृतरुपमै तह लगाउन सकिने वातावरणीय सरोकार केन्द्र बुटवलका संयोजक महेन्द्र पाण्डे बताउँछन् ।

द्रूत गतिमा बढेको वस्ती विकासका कारण केही वर्षमै फोहोर व्यवस्थापन गर्ने स्थान अभाव नहोला भन्न सकिँदैन । त्यसैले समयमै नगरपालिकाले बुटवलको तामनगरको मात्र जग्गा हेरेर बस्नु बुद्धिमानी हुन सक्तैनन् । नगर क्षेत्रभित्र अन्य स्थानमा पनि यस्तो उपयुक्त जमिन छन् । त्यसतर्फ तत्काल ध्यान दिनुपर्ने पुनरावेदन अदालत बुटवल वारका अध्यक्ष बाबुराम पाण्डे बताउँछन् ।

## जथाभावी फोहोर फाल्ने प्रवृत्ति

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय निकायलाई आफ्नो क्षेत्रको नीति-निर्माण गर्ने र कार्यान्वयन गर्ने जिम्मेवारी दिएको छ । स्थानीय स्वायत्त शासन ऐनकै दफा ९६ मा नगरपालिकाले फोहोर मैला संकलन गर्ने, ढुवानी गर्ने तथा तह लगाउनेसम्बन्धी कामको सञ्चालन र व्यवस्थापन गर्ने

गराउने कर्तव्य बोकेको छ । साथै, सोही ऐनको दफा १६५ मा नगरपालिकाले तोकेको निर्दिष्ट स्थानमा फोहोर नफाली जताततै फालेमा त्यस्तो फोहोर मैला हटाउन लाग्ने खर्चसमेत सम्बन्धित व्यक्तिबाट असुल गरी एक हजार पाँच सय रुपैयाँसम्म जरिवाना गर्न सक्ने प्रावधान छ । तर ऐन-कानुनमा जेसुकै व्यवस्था भए पनि यसको कार्यान्वयन र अनुगमन कतैबाट भएको छ ।

कार्यान्वयन पक्ष एकदमै फितलो छ । यसरी नगरपालिकाहरूले जथाभावी फोहोर गरेवापत उनीहरूलाई सजाय भएको एउटा उदाहरण पनि छैन । त्यसो त सजाय नै नभए पनि जथाभावी फोहोर फाले कानुनी कारवाही हुन्छ भन्ने अनुभूतिसमेत सर्वसाधारणमा छैन ।

त्यसो त कानुनी कारवाही गर्ने जिम्मेवारी पाएको बुटवल नगरपालिका आफैँले नदी किनारमा फोहोर फालेर कानुनी राज्यको उपहास गरेको छ । त्यसले सर्वप्रथम कार्यपालिका अझै जिम्मेवार बनेर अघि बढे सर्वसाधारण सबैलाई त्यसतर्फ अग्रसर गर्न सजिलो देखिन्छ ।

## अदालती आदेशको पनि बेवास्ता

सार्वजनिक सरोकारको विषयमा रहेर बुटवल नगरपालिकाविरुद्ध फोहोर मैला जथाभावी फालेको भन्दै परेको मुद्दामा पुनरावेदन अदालत बुटवलले गरेको आदेशको पालना भएको छैन । स्थानीय कानुनी जनसरोकार मञ्चका केशरमणि अर्याल, जीवनारायण अधिकारीलगायतले २०६१ वैशाख १६ गते दायर गरेको उक्त रिटमा करिब ५ महिनापछि न्यायाधीश विश्वनाथ जोशी र केशवप्रसाद मैनालीको संयुक्त इजलासले तत्काल वैकल्पिक व्यवस्था गरी तिनाउ नदीमा फोहोर मैला नफाल्न आदेश दिएको थियो ।

अदालतको उक्त आदेशमा भनिएको छ- 'नगरवासीहरूलाई प्रदूषणमुक्त वातावरणमा बाँच्न पाउने वातावरण तयार पार्ने दायित्व बुटवल नगरपालिकाकै देखिँदा निवेदन माग-दाबीबमोजिम नगरक्षेत्रमा बग्ने ढल तथा फोहोर मैला तिनाउ नदीको किनारमा नफाल्न भनी बुटवल नगरपालिकाका नाममा निषेधाज्ञा जारी हुनुका साथै सक्रियरुपमा ल्याण्डफिल्ड साइटको निर्माण गर्ने कार्य जे-जो गरी जसको सहयोग परामर्शसमेत लिनपर्ने हो लिई सो निर्माण गर्नेतर्फ

सक्रियता अपनाउन बुटवल नगरपालिकाको नाममा परमादेश आदेश जारी हुने ठर्हछ ।'

तर अदालतले गरेको आदेश लामो समयसम्म पनि कार्यान्वयनतर्फ तदारुकता नदेखाएर आदेशको उल्लङ्घन गरिएको छ । स्वच्छ, स्वस्थ, सुन्दर, हराभराजस्ता कर्णप्रिय नाराहरू, लेटर प्याडमा लेखेर प्रचार गर्ने नगरपालिकाले कानुनको उल्लङ्घन गरिरहेको छ । एक ठाउँको फोहोर मैला उठाएर अर्को ठाउँमा जथाभावी फ्याँक्नुमै आफ्नो जिम्मेवारी पूरा भएको मान्ने प्रवृत्ति नगरपालिकामा रहेको अधिवक्ता जीवनारायण अधिकारी बताउँछन् । लामो समय बितिसक्दा पनि पुनरावेदन अदालत बुटवलको आदेश नगरपालिकाले नटेरेको उनको भनाई छ ।

## फैसलामा देखिएको कमजोरी

पुनरावेदन अदालत बुटवलले सार्वजनिक सरोकारको विषयमा परेको मुद्दामा निषेधाज्ञासमेतको रिट जारी गरेर वातावरणसम्बन्धी कानुनको कार्यान्वयनका लागि न्यायपालिकालाई आदेश गरेको छ । तर उक्त मुद्दाको फैसलामा कार्यान्वयनको समयावधि किटान नहुनु र दुवै मुद्दामा निरीक्षण अनुगमनसम्बन्धी उल्लेख नगरिनु कमजोरी पक्ष भएको वारका अध्यक्ष बाबुराम पाण्डे बताउँछन् । उनका अनुसार समय किटान गरिएको भए नगरपालिकालाई बढी तातो लाग्ने थियो ।

त्यसैगरी निरीक्षण तथा अनुगमनका बारेमा मुद्दा फैसलामा उल्लेख गरिएको भए पारदर्शी हुने उनको आशय छ तर पुनरावेदन अदालत बुटवलका मुख्य न्यायाधीश मोहनप्रकाश सिटौला त्यसमा सहमत छैनन् । 'सबैमा आफ्नो जिम्मेवारीबोध नहुँदासम्म यस्ता विषयमा अदालतले भनेर मात्र केही हुँदैन ।' उनले भने- 'अदालतले भन्ने मात्र हो कार्यान्वयन भए नभएको हेर्ने काम प्रशासनको हो ।'

## कार्यान्वयन गर्न सर्वदलीय समिति

बुटवल नगरपालिकाले पनि भन्दैआएको कुरा फोहोर व्यवस्थापनमा सबैको सहयोग आवश्यक छ। त्यस्तै अदालतले पनि जो-जससँग सहयोग र परामर्श लिनपर्ने हो लिएर समस्या समाधान गर्ने भनेको छ। अतः सरोकारवालाहरू एकजूट भएर समाधानमा हिस्सेदारी नहुँदासम्म समस्या सधैं रहिरहने निश्चित छ। नगरपालिकाका कार्यकारी अधिकृत सूर्यमणि पौडल राजनीतिक दलका प्रतिनिधिहरू, नगरपालिकामा नहुँदा समस्या झन् जटिल भएको बताउँछन्। उनले भनेझैँ सर्वपक्षीय समिति निर्माण गरेर काम गरे सम्मानित अदालतको आदेश त पालन हुन्छ नै झन्-झन् जञ्जीरमा फस्दैगएको फोहोर मैलाको समस्याको टुङ्गो लाग्नेछ।

त्यसका लागि नगरपालिकाको अगुवाईमा सबै राजनीतिक दल, नागरिक समाज, आम-सरोकारवालाहरू एक ढिक्का भएर आफ्नो समस्या आफैँ टुङ्गो लगाउनुपर्छ। त्यसका लागि सबैले आ-आफ्नो दायित्व सम्झेर हातमा हात मिलाउन आवश्यक छ। फोहोरबाट प्रत्यक्ष मारमा परेका बुटवलभन्दा तलपट्टिका पीडित किसानहरूका लागि नगरपालिकाले क्षतिपूर्तिस्वरुप खेतमा मल तथा बीउ-बिजन निःशुल्क उपलब्ध गराएर आफ्नो जिम्मेवारीप्रति प्रतिबद्ध हुनुपर्छ।

## समस्याको समाधान

सर्वप्रथम प्रत्येक घरबाट निष्काशन हुने फोहोर मैलालाई घर-घरमा प्रयोगमा ल्याउनु जरुरी छ। त्यति गर्न सके मात्र ८० प्रतिशत फोहोर कम हुन जान्छ।

त्यसैगरी शहरबाट निस्कने बोत्तल, सीसा, फलामका टुक्रा तथा सिरिञ्जहरू पनि पुनः प्रयोगमा ल्याउन जरुरी छ। त्यसका लागि आवश्यक नीति-नियम र सचेतनाको आवश्यकता देखिन्छ। फोहोर मैला समस्या मात्र होइन यसलाई जाने मोहर नजाने फोहोरका रुपमा पनि हेरिन्छ। अतः यसलाई कार्यान्वयनमा तदारुकता देखाउन असल काम गर्नेलाई पुरस्कार र तथा खराब

काम गर्नेलाई दण्डको व्यवस्था जरुरी छ । त्यसका लागि नगरवासीहरू पनि निकै चनाखो हुनुपर्छ । 'आफ्नो फोहोर आफैँ सोहोर'को नीति आवश्यक छ ।

## सहकार्य आवश्यक

कानुनी राज्यको अनुभूति गरी सबैले आ-आफ्नै जिम्मेवारी सम्झेर अघि बढ्नुपर्नेमा पुनरावेदन अदालत बुटवलका मुख्य न्यायाधीश मोहनप्रकाश सिटौलाको जोड छ । हामीले आदेश गरेको हो नगरपालिका स्रोत-साधनको अभाव देखाएर बस्ने अन्य निकाय आफ्नो जिम्मेवारी नभएको भन्दै पन्छिएर समस्याको निकास ननिस्कने उनको भनाई छ । देशभरि नै राजनीतिक अस्थीरताका कारण कर्मचारीहरूले स्थानीय निकाय सम्हालेकोले पनि उनीहरूलाई जनताको विश्वास जित्न गाह्रो भएको हो । उपभोक्ता हित संरक्षण मञ्च रुपन्देहीका अध्यक्ष नर्बु लामा पनि सहकार्य गरेर लामो समयदेखि बल्झिँदैआएको फाहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्ने पक्षमा देखिन्छन् ।

नगरपलिकाले  गरेन भनेर चूप लागेर बस्न हुँदैन सरकारी निकाय र स्थानीय संघ-संस्था तथा समुदाय मिलेर अघि बढ्नुपर्छ ।

त्यसो त सार्वजनिक सरोकारको विषयमा नगरपलिकाविरुद्ध रिट दायर गर्नेमध्येका केशरमणी अयार्ल पनि सहकार्य र सामूहिक प्रयास गरेर समस्याको दिर्घकालीन समाधानमा लाग्नुपर्ने बताउँछन् । चाहे जेहोस्, बुटवल नगरपालिका फोहोर मैला व्यवस्थापनमा देखिएको समस्या समाधान गर्न सामूहिक प्रयास महत्वपूर्ण देखिन्छ ।

यता तानसेनमा पनि समस्या उस्तै तानसेन नगपारिकालाई फोहोर व्यवस्थापन गर्न अदालतले दिएको समयावधि पूरा हुँदा पनि कार्यान्वयनमा उदासीन देखिएको छ । तानसेन नगरपालिकाले तानसेन-तम्घास सडकको बनदेवी क्षेत्रमा नगरपालिकाले फाल्दैआएको फोहोरलाई देउराली सामुदायिक वन उपभोक्ता समूहले फाल्न नदिएपछि पटक-पटक समस्या हुँदैआएको छ ।

वनदेवीमा नगरपालिकाले फाल्दैआएको फोहोरलाई तत्काल वैकल्पिक व्यवस्था गर्न पुनरावेदन अदालत बुटवलले डेढ वर्षअघि तानसेन नगरपालिकालाई

आदेश दिए पनि उक्त आदेशको बेवास्ता गर्दै नगरपालिकाले सोही ठाउँमा फोहोर फाल्दैआएको छ । वातावरण सुधार केन्द्र फिल्पेकले तल-माथि वस्ती भएको र पानीको मुहान भएको स्थानमा फोहोर फालेकोले वातावरणलाई प्रत्यक्ष असर पारेको भन्दै पुनरावेदन अदालत बुटवलमा मुद्दा दायर गरेपछि पुनरावेदन अदालतले तानसेन नगरपालिकालाई त्यस्तो आदेश दिएको हो ।

तानसेन नगरपालिकाले फालेको फोहोरको कारण प्रत्यक्षरूपमा तानसेनको वसन्तपुर, कैलाशनगर, बतासे, प्रभास र तेल्घा गाविस प्रभावित हुँदैआएका छन् ।

नगरपालिकाका सचिव टिकाराम ज्ञवाली फोहोर व्यवस्थापनका लागि गृहकार्य भए पनि बजेट अभावले काम अगाडि नबढेको बताउँछन् । उनले तानसेन नगरपालिका-१२ शिवपोखरीमा ल्याण्डफिल्ड साइड निर्माणका लागि जग्गा खरिद गरी सडक सञ्चालन गर्न थालेकोले अदालतको अपहेलना नभएको दाबी गरे ।

**सुझाव :**

- **विषयवस्तुले सूचना प्रविधिका उपयोग गर्न प्रेरित गरेको छ ।**
- **सूचना प्रविधिबाट हुने लाभको यो एउटा प्रमाण हो ।**
- **उल्लेखित विषयवस्तु उपयुक्त र पूर्ण छ ।**
- **विषयवस्तुले सरकारी निकायले अदालतको आदेशलाई समेत ख्याल नगरेको देखाउाछ ।**
- **नगरपालिकाले जनस्वास्थ्य र वातावरणीय स्वच्छतालाई पटक्कै ध्यान नदिएको देखिन्छ ।**
- **स्थानीय समस्यालाई राजनीतिकरण गरी चर्काउने प्रवृत्तिको नमूना हो यो ।**

# अदालतकै आदेशमा बालक गैरकानुनी थुनामा

◆ ईश्वरी न्यौपाने
कान्तिपुर दैनिक



मुद्दामा आरोप लागेका बालबालिकालाई चार महिनाभन्दा बढी बन्दी बनाउन नपाइने कानुनविपरित यहाँका एक बालकलाई लामो समयसम्म अदालतकै आदेशमा थुनामा राखिएको छ ।

कानुनले अपराध ठहऱ्याएर सजायका क्रममा बन्दी भएको नभई मुद्दाको पुर्पक्षका क्रममै १४ वर्षीय बालक गैरकानुनी थुनामा रहेका हुन् । अदालतले मुद्दा फैसलामा

**'बालबालिकालाई लामो समय राख्दा उनीहरुमा नकारात्मक प्रभाव पर्ने तथा वितृष्णा हुने भएकोले चार महिनामै फैसला गर्नुपर्ने ब्यवस्था कानुनले गरेको हो' कास्की जिल्ला अदालत बाल ईजलाशमै बाल–मनोविज्ञका रूपमा रहेकी गुरूङ भन्छिन्– 'कानुनले तोकेको अवधिभित्र मुद्दाको किनारा नलगाएर अदालत नै बाल न्यायको कानुनप्रति गैरजिम्मेवार देखिन्छ ।'**

# न्यायमा ढिलाई

जिल्लास्थित बाल ईजलासमा फैसला ढिलो हुने गरेको गुनासो बढेको छ । बालन्याय (कार्यविधि) नियमावली, २०६३ को दफा १६ मा 'बाल अदालत वा बाल ईजलाशले मुद्दा दायर भएको एक सय २० दिनभित्र फैसला गरिसक्नुपर्नेछ' उल्लेख छ । बालबालिकाको मुद्दामा छिटो न्याय दिनुपर्ने स्पष्ट कानुनको व्यवस्थालाई अदालतबाट नै उल्लङ्घन भएको पीडितहरू बताउँछन् ।

एक बालिकालाई जबर्जस्ती करणीको अभियोगमा पोखरा-१० रामघाटका बालकको मुद्दा २०६४ बैशाखमै दायर भएको थियो । 'उमेर नपुगेको व्यक्तिमाथिको अभियोग स्पष्ट देख्दा-देख्दै उक्त मुद्दालाई साविक ईजलाशमै राखेर बाल ईजलाशको व्यवस्थालाई नै अदालतबाट अवज्ञा भयो' बाल-मनोविज्ञ एवं अधिवक्ता कृष्णकुमारी गुरुङले भनिन्- 'पछिल्लो अवधिमा बाल ईजलाशमा लगियो । तर त्यसमा पनि कानुनले तोकेको समयभित्र मुद्दा फैसला गर्न अझै ढिलाई गरेका कारण एक वर्ष बित्दा पनि बन्दी बन्न विवश छन्- पोखरा-१० रामघाटका बालक सुरेश गुरुङ ।

कास्की जिल्ला अदालतमा दायर भएको जबर्जस्ती करणी मुद्दाका आरोपित ती बालक भक्तपुरस्थित बाल सुधारगृहमा बन्दी छन् । उनी सुधारगृहमा बसेको सात महिना भइसकेको छ । त्यसअघि कास्की कारागारमै उनलाई पाँच महिना थुनामा राखिएको थियो ।

बालन्याय (कार्यविधि) नियमावली, २०६३ को दफा १६ मा बालबालिकाको मुद्दा दायर भएको १ सय २० दिनभित्र फैसला गरिसक्नुपर्ने उल्लेख छ । उनको मुद्दा गत बैशाख १० गते दायर भएको थियो । त्यसको तीन दिनपछि १३ गते तत्कालीन जिल्ला न्यायाधीश वीरेन्द्र बाटाजुले ती बालकलाई पुर्पक्षका निम्ति थुनामा राख्ने आदेश दिएका थिए ।

अदालत अग्रसर छैन ।'

तत्कालीन न्यायाधीश वीरेन्द्र बाटाजुर र काशिनाथ पोखरेल दुवै जनाले बाल ईजलाशअन्तर्गत मुद्दा राखेनन् । न्यायाधीश पवनकुमार शर्माले भने, उक्त मुद्दालाई पुस २ गतेमा बाल ईजलाशमा राखेका थिए । बाल ईजलाशमा तोकिएको समय नाघिसक्दा पनि अझै मुद्दा सरिरहेको छ । उनै न्यायाधीश शर्मा काठमाडौंबाट आइनपुगेकोले अहिलेको पेशी सर्न गएको तहसिलदार कृष्ण पौडेलले बताए । 'केही जटिलताका बाबजूद छिटो टुङ्ग्याउनुपर्ने महसूस गरेर आगामी साता नै बाल ईजलाशको मुद्दा पेशीमा राखिएको छ' पौडेलले भने- 'न्यायाधीश शर्माको २६ गतेसम्म निर्वाचनमा काजमै रहनुभएको र सोही काममा आयोगमा राजधानी जानुभएको हो ।'

लामो समयसम्म बन्दी बनाउँदा बाल-मानसिकतामा नै असर पर्न सक्ने मनोविज्ञानलाई ध्यान दिएर बाल ईजलाशको मुद्दा छिटो टुङ्ग्याउनुपर्ने कानुनी बाध्यता राखिएको हो । फैसला भएर सजाय तोकिएको बाहेक पुर्पक्षका लागि लामो समय थुनामा राख्न नपर्ने कानुनी व्यवस्थाविपरित १४ वर्षीय बालक गैरकानुनी थुनामा रहेका हुन् ।

लामो समय थुनामा राखेर मुद्दामा अल्मल्याउन नहुने बाल-मनोविज्ञानलाई ध्यानमा राखेर छिट्टै फैसला गर्नुपर्ने कानुनी प्रावधान अदालतबाट पालना नभएको अधिवक्ता तथा बाल-मनोवैज्ञानिक कृष्णकुमारी गुरुङले बताइन् । 'बालबालिकालाई लामो समय राख्दा उनीहरूमा नकारात्मक प्रभाव पर्ने तथा वितृष्णा हुने भएकोले चार महिनामै फैसला गर्नुपर्ने व्यवस्था कानुनले गरेको हो' कास्की जिल्ला अदालत बाल ईजलाशमै बाल-मनोविज्ञका रुपमा रहेकी गुरुङ भन्छिन्- 'कानुनले तोकेको अवधिभित्र मुद्दाको किनारा नलगाएर अदालत नै बाल न्यायको कानुनप्रति गैरजिम्मेवार देखिन्छ ।'

उनलाई स्थानीय पाँच वर्षीया बालिकालाई जबर्जस्ती करणी गरेको

आरोप लागेको छ । प्रहरीले पक्राउ गरी अनुसन्धानपछि अदालतमा मुद्दा दायर गरेको थियो ।

ती बालक असहाय हुन् । आमाले ज्याला मजदूरी गरी पालिएका उनको तर्फबाट प्रतिवादी लगाउनसमेत एडभोकेसी फोरम र वार एशोसियसनले सहयोग गरेको थियो ।

कानुनले बालबालिकालाई कारागारमा अन्य ठूला बन्दीसँग राख्न निषेध गरेको छ । तर उनलाई कास्की कारागारमा उक्त कानुनविपरित अन्यसरह नै राखिएको थियो । एडभोकेसी फोरमले थाहा पाएपछि उनलाई असोज २० गते सुधारगृहमा स्थानान्तरण गरिएको हो । तत्कालीन न्यायाधीश काशिनाथ पोखरेलले ती बालकलाई सुधारगृह पठाउन आदेश दिएका थिए ।

१६ वर्षभन्दा कम उमेरका आरोपितहरूको मुद्दा बाल ईजलाशबाट हेर्नुपर्दछ । यसका लागि अदालतमा साविकबाहेक नै ईजलाशको व्यवस्था गरेको छ । जसमा न्यायाधीशको बेञ्च र 'बाल-मैत्री कक्ष' अलग-अलग दुई खण्ड हुन्छन् । र 'बाल-मैत्री कक्ष' मा राखेर आरोपित बालकलाई कुनै मनोवैज्ञानिक असर नपर्ने गरी फकाई-फुलाई खेलौनासमेत दिएर विज्ञले कुराकानी गरेको दृश्य सिसी क्यामेरामार्फत् न्यायाधीशले अध्ययन गर्ने प्रावधान छ ।

तर उक्त मुद्दा बाल ईजलाशमा अध्ययन गर्ने कार्य हुनसकेको छैन । भक्तपुरको सुधारगृहले कास्की अदालतमा बालकलाई नपठाएका कारण यसअघि मुद्दाको पेशी सरेको श्रेस्तेदार महेन्द्रनाथ उपाध्ययले बताए । राजधानी उपत्यका बाहिरका अदालतमा सुधारगृहले बालकलाई लाने/ल्याउने प्रावधान नै नभएको सुधारगृहले जानकारी दिएको छ । 'मुद्दा अध्ययनमा समस्या परिरहेको छ' उपाध्यायले भने ।

सुधारगृहले अदालतमा नपठाएपछि बाल मनोविज्ञ गुरुङ र समाजसेवी लक्ष्मीकुमारी श्रेष्ठ उहीँ गएर बालकलाई भेटी अदालतमा प्रतिवेदन बुझाइसकेका छन् । तर अदालतका कर्मचारीले भने यो मुद्दामा बाल-न्यायसम्बन्धी कानुनअनुसार ढिलाई नभएको जिकिर गरेका छन् । तहसिलदार कृष्ण पौडेलले अदालतको तर्फबाट दिएअनुसार सुरुमा यी बालकको मुद्दालाई बाल ईजलाशमा राखिएको थिएन । पुसमा मात्र जिल्ला न्यायाधीश पवनकुमार शर्माले यो

मुद्दालाई बाल ईजलाशबाट हेर्ने गरी ताकेका थिए । 'अहिले मुद्दाको सबै अङ्ग पुगिसकेको छ, यही २४ गते मुद्दाको सुनुवाई हुनेछ, संभवतः त्यही दिन टुङ्गिएमा कानुनी व्यवस्थालाई अङ्गिकार गरेको मानिनेछ' उनले भने ।

तर बाल ईजलाशमा मुद्दा तोक्नुअघि नौ महिनाको समयमा पनि ती बालक अदालतकै आदेशअनुसार थुनामा बसिरहेका थिए । कास्की अदालतमा बाल ईजलाशअन्तर्गत परेको यो पहिलो मुद्दा हो ।

**सुझाव :**

- **विषयवस्तु राम्रो छ ।**
- **अदालतसमेत कानुन मिचेर अगाडि बढ्छ भन्ने देखिन्छ ।**
- **अदालतले फैसलामा गर्ने ढिलासुस्तीको पनि प्रमाण मिलेको छ ।**
- **यस्ता प्रकृतिका मुद्दालाई अधिकारकर्मीले गम्भीरतापूर्वक लिनुपर्दछ ।**
- **बालबालिकासम्बन्धी ऐन, २०४८ लाई पनि सँगसँगै अध्ययन गर्नुपर्ने थियो ।**
- **विषयसँग सम्बन्धित कानुनको अध्ययनमा कमी देखियो ।**

# अदालतमा अव्यवस्थित अभिलेख

◆ **पुरुषोत्तम सुवेदी**
**रासस**

जिल्ला अदालत नवलपरासीमा तामेली कागजात व्यवस्थित हुन नसक्दा चाहिएका कागजपत्र समयमै पाउन सकिँदैन । कागजपत्रहरू खोज्न लेखन्दासहरूलाई लगाउनु पर्दछ, जसबाट अदालत आउने सर्वसाधारणलाई आर्थिक भार परेको छ ।

**कागजपत्रहरु खोज्न लेखन्दासहरुलाई लगाउनु पर्दछ, जसबाट अदालत आउने सर्वसाधारणलाई आर्थिक भार परेको छ।**

वसन्त रेग्मीले त तीन दिनसम्म लेखन्दासलाई कागजात खोज्न लगाउनसमेत पाएका छैनन् । नवलपरासी माकर-२ का उनी नौ वर्षको कागजातको खोजीमा छन् । ‘म बाहिर भएको बेला दाजुभाई मिली आपसमा अंशवण्डा भाग लगाई मुद्दा मिलापत्र गरी मलाई अंश हकबाट बञ्चित गरेको थाहा पाएर मुद्दा

गर्न आएको तर मिलापत्रको कागजपत्र नै भेट्न गाह्रो पर्‍यो' उनले भने ।

तामेली भनेको तत्काल प्राप्त प्रमाणहरूका आधारमा मुद्दाको अन्तिम किनारा गर्दा व्यक्तिका नैसर्गिक हक-अधिकारमाथि आघात पर्ने देखिएकोले पुनः कारवाही गर्न मिल्ने गरी तत्कालको कारवाहीलाई रोकी राख्ने प्रक्रिया हो । तामेली विशेष गरी अंश नामसारी मुद्दामा अपनाइने कार्यविधि भए पनि अदालती तामेलीअन्तर्गत छिनोफानो भएका वा कारवाही सुरु गरिएको अदालतबाट फैसला भई गएका वा फैसलापश्चात् तहसिल फाँटबाट फैसला कार्यान्वयन गर्ने कार्य सम्पन्न भइसकेका मिसिलहरू सबैलाई र तामेली वा मुलतवी आदेश भई पुनः जगाई कारवाही किनारा गर्ने मिसिल हो ।

अदालतमा अन्तिम कागजात मिसिलहरू राय किताबहरू, दर्ता किताबहरू, चलानी किताबहरू साथै अदालती प्रक्रियामा वार्षिकरुपमा प्रयोगमा ल्याइने आम-नागरिकहरूको सरोकार रहेका सम्पूर्ण कागजातहरू अभिलेख फाँटले अभिलेख वा रेकर्ड राख्ने गर्दछ । उसो त ६३ वर्षीया नजिमुल्लाह जोल्हाले पनि सर्वोच्चबाट फैसला भइआएको मिसिल अभिलेख फाँटमा नभेटिएकोमा दुखित छन् । जिल्ला वार इकाईका अध्यक्ष गणेश सापकोटा पुराना मिसिलहरू सडे/गलेका, अक्षरमा प्वाल परेका भए पनि ध्यान दिएर खोज्दा फेला पर्ने बताउँछन् ।

सूचना र प्रविधिको युगमा पनि अदालतमा कप्यूटरको व्यवस्था हुन नसक्नु दुर्भाग्यपूर्ण हो । यदि कम्प्यूटरमा कागजात रहने हो भने खोज्न झन्झट हुने थिएन । जिल्ला अदालतका अभिलेख फाँट डिट्ठा कृष्णप्रसाद भट्टराईले अदालतमा एउटा कम्प्यूटर रहे पनि सबै मिसिल त्यसमा राख्न सम्भव नभएको बताए ।

**सुझाव :**

- **अदालत कति अव्यवस्थित छ भन्ने झलक दिएको छ, समाचारले ।**
- **सर्वसाधारणले व्यहोर्नुपर्ने आर्थिक भार के र कति हो भन्ने खुलाएको भए राम्रो हुने थियो ।**
- **अदालतमा कति वर्ष पुराना मिसिल राखिन्छ, ती सबैको स्थिति के छ भन्ने तथ्य रोचक हुनसक्थ्यो । खोजबीन जरुरी छ ।**

# यी मुद्दा अदालत पुग्दैनन्

◆ **रितेश त्रिपाठी**
**न्यू वीरगञ्ज दैनिक**

**बालविवाह र अवैध गर्भधारणका मुद्दाहरु अदालतमा नपुगेको महिला अधिकारकर्मी निर्मला भण्डारी बताउँछिन्। अधिवक्ता वीरेन्द्र यादव पनि यी मामिलाहरु प्रतिष्ठा र सामाजिक स्तरको विषय ठानी कानुनी प्रक्रियामा नजाने बताउँछन्।**

नाबालिकाले अवैध गर्भ बोकेको लफडा विवाहमार्फत् समाधान गर्ने निर्णय २०६३ साल साउनमा पर्साको अलौमा गाउँलेहरूको भेलाले गऱ्यो । नेपालको मुलुकी ऐनमा बालविवाह गर्ने गराउनेलाई दण्ड जरिवाना हुने उल्लेख रहे पनि यो विषय अदालतसम्म पुगेन ।

विवाह नगरिदिएको भए १७ वर्षीया किशोरी दुखानी कुमारीको भविष्य अन्धकारमय मात्र हुने थिएन, आजीवन सामाजिक तिरस्कार सामना गर्नुपर्ने थियो । आफ्नै गाउँका मदन नुनीयासँग प्रेमसम्बन्धको फल थियो, उनको गर्भ ।

२०६३ साल साउन २६ गते दिन स्थानीय राम-जानकी मन्दिरमा गाउँलेहरूको एक भेलाको निर्णयअनुसार प्रेमी जोडीलाई गैरकानुनी विवाह गराइयो । दुवै जनाको उमेर १८ वर्ष पुगेको थिएन, विवाह गैरकानुनी थियो । तर व्यवहारमा यसको विकल्प थिएन । अधिवक्ता राजेश्वर तिवारीको उपस्थितिमा विवाह गराइएको थियो । अब केटाकेटी दुबैको उमेर पुगेको छ, यो विवाह परिपक्व भइसकेको छ । बालविवाह र अवैध गर्भधारणका मुद्दाहरू अदालतमा नपुगेको महिला अधिकारकर्मी निर्मला भण्डारी बताउँछिन् । अधिवक्ता वीरेन्द्र यादव पनि यी मामिलाहरू प्रतिष्ठा र सामाजिक स्तरको विषय ठानी कानुनी प्रक्रियामा नजाने बताउँछन् ।

उसो त गोविन्दपुरकी २५ वर्षीय एकल महिलाले गत जेठ १७ गते आफ्नी नौ वर्षीय छोरी शोभा कुमारीको बिहे ३५ वर्षीय भारतीय नागरिकसँग गराउन खोजेको थिइन्, स्थानीय महिलाहरूले त्यसलाई रोके । तर, त्यही दिन राति विन्दवासिनी मन्दिरमा पुगेर विवाहको प्रयास भयो । स्थानीय पारालिगल कमिटीले सिन्दूर दानको चरणसम्म पुगेको विवाह फेरि रोकिदियो ।

मन्दिरका पुजारीलाई बालविवाह दण्डनीय अपराध हो भनेर सम्झाइयो । मन्दिरमा बालविवाह दण्डनीय हो भनेर साइनबोर्ड झुण्ड्याइयो । त्यसपछि त्यहाँ बालविवाह हुन छोडेको पारालिगलका अध्यक्ष बताउँछन् । पर्सा जिल्ला अदालतका श्रेस्तेदार अतिउल्ला अन्सारी भन्छन्- हामीलाई थाहा छ, तराईमा बालविवाह एक ठूलो समस्याको रुपमा रहेको छ । तर मुद्दा लिएर अदालत कोही आउँदैन ।

**सुझाव :**

- **विषयवस्तुले सामाजिक संस्कारको झलक दिन खोजेको छ ।**
- **पारालिगल कमिटीको परिचय खुलेन ।**
- **यस्ता समाचारलाई मिडियाले महत्व दिनुपर्दछ ।**
- **विषयवस्तु अझ विस्तारित गरेको भए रोचक हुने थियो । जस्तै : विवाहित जोडीको भनाई, विवाह रोकिएकाको भनाई आदि समेटेर ।**

# धरौटी फिर्ता हुन्छ र ?

◆ **रोशन थापा**
**अभ्यास दैनिक**

धरौटी राखेर रिहा भएका एक सर्वसाधारण अदालतबाट आफूले फिर्ता पाउनुपर्ने धरौटी रकम लिन अझैसम्म गएका छैनन् ।

हेटौंडा-११ निवासी बुद्ध डिमडुङ्गले आफूलाई अदालतले रकम फिर्ता दिन्छ भन्ने जानकारी नै नभएको बताउँछन् । उनले भने- 'धरौटी फिर्ता पाइने सुनेर वकिलसँग जानकारी लिंदा फिर्ता पाउनेभन्दा बढी खर्च हुने देखियो ।' २०६५ भदौ २ गतेसम्म रकम लिन नगए जफत हुने अदालतले जनाएको छ ।

**वाइस दिन थुनामा बसेपछि ३३ सय रूपैयाँ धरौटीमा रिहा भएका डिमडुङ्गले थुनामा बसेर ५५० रूपैयाँ कट्टा गरी २७५० रूपैयाँ फिर्ता पाउनु पर्दथ्यो । जिल्ला अदालत मकवानपुरबाट २०६३ असोज ३० गते डिमडुङ्गलाई १२ सय जरिवानाको फैसला भयो ।**

थाहा नपाएर अर्काले चोरी गरेको पाइप किन्दा पाइप धनीले प्रहरीलाई जाहेरी दिएपछि डिमडुङ्गलाई चोरी मुद्दाअन्तर्गत कारवाही चलाइएको थियो ।

वाइस दिन थुनामा बसेपछि ३३ सय रुपैयाँ धरौटीमा रिहा भएका डिमडुङ्गले थुनामा बसेर ५५० रुपैयाँ कट्टा गरी २७५० रुपैयाँ फिर्ता पाउनु पर्दथ्यो । जिल्ला अदालत मकवानपुरबाट २०६३ असोज ३० गते डिमडुङ्गलाई १२ सय जरिवानाको फैसला भयो । त्यसपछि सरकारी वकिलको कार्यालयले उनलाई कम जरिवाना भएको भन्दै पुनरावेदनमा मुद्दा दर्ता गरायो ।

पुनरावेदन अदालतले पनि जिल्ला अदालतकै फैसलालाई २०६४ भदौ ३ गते सदर गरेको थियो । फैसला भएको ६ महिना बिते पनि डिमडुङ्ग रकम फिर्ता लिन गएनन् ।

रकम फिर्ता लिन दुवै अदालतको फैसलाको नक्कल सारेर जिल्ला अदालत मकवानपुरमा निवेदन दिनुपर्ने हुन्छ । नक्कल सार्न आफूले नजान्ने, तर वकिलले धेरै पैसा मागेको उनको भनाई छ ।

**सुझाव :**

- **समाचार अपुरो छ ।**
- **समाचारमा एकजनाको मात्र कुरा आयो ।**
- **यसरी रकम नबुझ्नेहरूको सिङ्गो समाचार भएको भए कति रोचक हुन्थ्यो ।**
- **सर्वसाधारणसाग वकिलले गर्ने लेनदेन चाहीा समाचारले बाहिर ल्याएको छ ।**
- **वकिलका कुरा पनि आएको भए राम्रो हुन्थ्यो ।**
- **पीडितले कुन वकिललाई भेटेको भन्ने पनि खुलेन ।**

# भाग

# चार

# गर्भपतनलाई वैधता थाहा नपाउने महिला अधिक



◆ रुपा गहतराज
मध्यपश्चिम सन्देश रा.दै.

**गर्भपतन गराउन भारत जाने महिलाले त्यहाँ अमानवीय व्यवहार झेल्नुपरेको पाइन्छ। धेरै ग्रामीण महिला कानुनी अज्ञानताले यही समस्या झेलिरहेका छन्। गर्भपतनपछि अपनाउनुपर्ने स्वास्थ्यसम्बन्धी सल्लाह नपाउँदा कतिपय महिलाको स्वास्थ्य थप जोखिममा पर्ने गरेको छ।**

सरकारले गर्भपतनलाई वैधता दिएको चार वर्ष बितेको थाहा नपाउने नेपाली महिलाको संख्या सानो छैन ।

रोल्पा इरिवाङ्गकी मनरुपा पुन (नाम परिवर्तन) एउटा उदाहरण हुन् । कानुनी अधिकार थाहा नपाएकैले तीन महिनाको गर्भपतन गराउन उनी भारतको बहराइचस्थित एक निजी क्लिनिकमा पुगेर गर्भपतन गराइन् । नेपालमा गर्भपतन गराउँदा जेल सजाय हुन्छ भन्ने डरले आफन्तका साथमा उनी भारत गएकी

थिइन् । गर्भपतन गरी फर्कनासाथ उनको स्वास्थ्यमा असर पर्‍यो । अधिक रक्तश्राव भएपछि उनी फेरि भारत गइन् । बारम्बार यो क्रम चलिरहेको छ । यसबाट उनले स्वास्थ्यका साथ-साथै समय र आर्थिक क्षति पनि व्यहोर्नु परेको छ ।

पछिल्लो पटक स्वास्थ्य परिक्षण गराएर ५ बैशाखमा नेपालगञ्ज आएकी उनले भनिन- 'यहाँ गर्भपतन गर्‍यो भने कारवाही हुन्छ भन्ने सुनेकी थिए, त्यसैले भारत गए । साह्रै दुःख पाइयो ।' गर्भपतनका लागि मात्र १० हजार रुपैयाँ खर्च गरेको बताउँछिन्, उनी । सुरक्षित गर्भपतन निम्ति नेपालका अस्पतालमा १ हजारदेखि १ हजार ५ सयसम्म खर्च लाग्छ । 'मलाई नेपालमै सस्तो पर्छ भन्ने थाहै थिएन' उनले भनिन् ।

बाँके खजुराकी चारुमती विक (नाम परिवर्तन) पनि सीमावर्ती रुपैडिहाको एक क्लिनिकबाट औषधि प्रयोग गरी गर्भपतन गराउँदा समस्यामा परेको तथा दशौं हजार खर्च भएको गुनासो गर्छिन् । पुन र विक त पात्रमात्र हुन्, उनीजस्तै धेरै ग्रामीण महिला कानुनी अज्ञानताले यही समस्या झेलिरहेका छन् । गर्भपतन गराउन भारत जाने महिलाले त्यहाँ अमानवीय व्यवहार भोल्नुपरेको पाइन्छ । गर्भपतनपछि अपनाउनुपर्ने स्वास्थ्यसम्बन्धी सल्लाह नपाउँदा कतिपय महिलाको स्वास्थ्य थप जोखिममा पर्ने गरेको छ ।

उसो त बर्दिया मैनाखरकी जगमोहनी चौधरीले पनि भारतको बलैगाउँमा रहेको एक क्लिनिकमा गर्भपतन गराइन् । त्यसपछि उनको योनीबाट सेतो पानी बग्न थाल्यो । सामान्य उपचारबाट उनको रोग निको भएन । अनि फेरि बच्चा नजन्माउने निर्णय लिन बाध्य भइन् । उनकै भनाईमा, गर्भपतनका क्रममा पहिला सुई लगाइयो, अनि संवेदनशील अङ्गमा फलामको सुईरो घुसाइयो । अनि रक्तश्राव हुनथालेको थियो । 'दुई महिनाको गर्भ त तुहियो तर धेरै दुःख पाएँ' उनले दुखेसो पोखिन् ।

मुलुकी ऐनको एघारौं संशोधन विधेयकले महिलालाई सुरक्षित गर्भपतनको कानुनी अधिकार दिएको छ । महिलाले बच्चा जन्माउन नचाहेमा सामान्यतया ४ महिना, हाडनाता करणीबाट रहेको गर्भ १८ हप्तामा र बच्चा र आमाको स्वास्थ्यमा खतरा देखिएमा डाक्टरको सल्लाहबमोजिम जहिले पनि गर्भपतन गर्न पाइन्छ ।

शिक्षण अस्पताल नेपालगञ्जका चिकित्सक डा. जामुन सिंहले गर्भपतनसम्बन्धी कानुनी ज्ञान नभएका महिलाहरू भारतमा असुरक्षित

## चिकित्सक छैनन्

सरकारी अस्पतालमा गर्भपतन गराउने चिकित्सकको अभाव छ । चार वर्षअघि सरकारले कानुनतः मान्यता दिए पनि चिकित्सक अभावले गर्दा भेरी अञ्चल अस्पतालले अहिलेसम्म सेवा सुरु नै गरेको छैन ।

इजाजतप्राप्त चिकित्सकले मात्र गर्भपतन गराउन सक्ने व्यवस्थाका कारण सेवा उपलब्ध गराउन नसकिएको दावी अस्पतालका सुपरिटेन्ड श्यामसुन्दर यादवको छ । 'गर्भपतन गराउन तीनहप्ते केकपेक तालिमको आवश्यकता पर्छ, हामीसँग त्यो तालिम लिएका चिकित्सक छैनन्' उनले भने ।

गर्भपतन गराउन जाने गरेको बताउँछन् । बच्चा र आमाको स्वास्थ्य सुरक्षित रहेको अवस्थामा बाहेक सुरक्षित गर्भपतन गराउन सकिन्न । 'गर्भपतन महिलाको कानुनी अधिकार हो' सिंहले भने । कानुनी मान्यता मिले पनि सामाजिक र पारिवारिक अपहेनाका डरले महिला असुरक्षित गर्भपतन गराउन बाध्य भइरहेको अधिवक्ता विष्णु पोखलको तर्क छ । गोप्य गर्भपतनको व्यवस्था गर्न सके यो समस्या कम हुने अपेक्षा गरिन्छ । उसो त इस्लामिक धर्म मान्ने महिलालाई जे जस्तो व्यवस्था गरे पनि गर्भपतन सम्भव छैन । यो समुदायले गर्भपतनलाई निधेष गरेको छ । कानुनी अधिकारलाई लागू गर्नु एउटा चुनौती रहेको मुस्लिम अगुवा महिला मोहम्मदी सिद्धीकी बताउँछिन् ।

### नेपालभित्रै समस्या

उसो त धनगढी घर भई नेपालगञ्ज बस्दैआएकी उर्मिलाले नेपालकै निजी क्लिनिकबाट गर्भपतन सेवा लिएर पनि समस्या भोल्नुपर्‍यो । अधिकांश महिलाले सुचीकृत नभएका स्वास्थ्य क्लिनिकमा गर्भपतन गराउँदा समस्या भएको डा. सिंहले बताए । सुचीकृत संस्थामा तालिमप्राप्त चिकित्सकबाट एक हजार शुल्क लिई गर्भपतन सेवा उपलब्ध गराउने व्यवस्था छ । तर, धेरै निजी क्लिनिकले जथाभावी शुल्क लिई असुरक्षित गर्भपतन गराउने गरेको बताइएको

छ । एक अध्ययनले २० प्रतिशत ग्रामीण महिला, २८ प्रतिशत ग्रामीण पुरुषमा तथा ४४ प्रतिशत शहरी महिला, ५४ प्रतिशत शहरी पुरुषहरू गर्भपतन सेवाले कानुनी मान्यताप्रति सचेत रहेको औंल्याएको छ ।

डा.सिंहको अनुभवमा सामाजिक कुसंस्कार र कानुनी ज्ञान नभएकैले ग्रामीण महिलाहरूले औषधि खुवाएर, तीखो काठले घोचेर, कुपिण्डो चुक खुवाएर तथा धामी-झार्कीको जडिबुटी प्रयोग गरेर पनि गर्भपतन गराउने गरेका छन् ।

कानुनी मान्यतापछि मुलुकका ७१ जिल्लाका एक सय ७७ मान्यता प्राप्त केन्द्रबाट एक लाख ६५ हजार ९ सय ६६ जना महिलाले गर्भपतन गराएको एक तथ्याङ्कमा उल्लेख छ। तर तेह्रथुम, रुकुम, रोल्पा तथा कालिकोटमा भने उक्त सेवा पुग्नसकेका छैन । बाँकेमा सम्भावित गर्भधारण १५ हजार ६ सय ४९ जनामा गर्भपतन गराउनेको सङ्ख्या १ हजार ८ सय रहेको परिवार नियोजन सङ्घको तथ्यांकमा उल्लेख छ। गर्भपन सेवाबारे जानकारी गराउन सके मातृ मृत्युदरमा कमी आउने जनस्वास्थ्य बाँकेका प्रमुख केहरसिंह गोदार बताउँछन् । 'गर्भपतनलाई महिलाको अधिकारका रुपमा लिनुपर्छ' उनको भनाई छ ।

**सुझाव :**

- **समाचारको विषयवस्तु राम्रो छ ।**
- **वार्षिकरुपमा कति महिला भारतमा गर्भपतन गराउाछन्, त्यसबाट के के समस्या भयो ? अनि तथ्याङ्कहरू कहााबाट लिइएको हो भनेर खुलाउन जरुरी छ ।**
- **समाचारमा उल्लेख भएको गर्भपतनसम्बन्धी तथ्याङ्क कहिलेदेखि कहिलेसम्म को हो, खुलेन । तथ्याङ्कको स्रोत पनि स्पष्ट पारेको भए गज्जब हुन्थ्यो ।**
- **समाचार तयार गर्दा सम्बन्धित कानुनलाई समेत अध्ययन गरेको भए कति राम्रो हुन्थ्यो होला ।**

# किन हुन्छ महिलाका मुद्दा फछ्र्यौटमा ढिलाई ?

◆ **मधुसुदन भट्टराई**
**गोरक्ष राष्ट्रिय दैनिक**



न्यायालयको ढिलासुस्तीले गर्दा महिलासम्बन्धी मुद्दाको किनारा लाग्न ढिलाई हुने गरेको छ । महिलामाथि आइपर्ने समस्या छिटो टुङ्ग्याउने कानुनी प्रावधान नभएकाले समस्या आइपरेको पीडितहरूले बताएका छन् ।

दाङ, देउखुरी जिल्ला अदालतमा परेका महिलासम्बन्धी मुद्दामध्ये ६ भागको ५ भाग पनि फछ्र्यौट भएको छैन । राजनीतिसँग जोडिएका मुद्दालाई बढी समय दिनुपर्ने

**अदालतमा दायर मुद्दा लामो समयसम्म फछ्र्यौट नहुँदा महिलाहरु मानसिक तनाव, आर्थिक भार, घरेलु हिंसा र असुरक्षित जीवनयापन गर्न बाध्य छन् । अदालतमा महिलाका मुद्दालाई प्राथमिकता दिने भनिए पनि व्यवहारमा त्यस्तो छैन ।**

## किन ढिलाई

पम्परागत न्याय प्रणालीका कारण अदालतमा मुद्दा फछ्र्योटमा ढिलाई हुने गरेको छ । अदालत स्रोतका अनुसार, मुद्दा दर्ता भएपछि ३० दिनसम्म प्रतिवादीलाई अदालतमा आउने समय दिइने, समयभित्र आउन नसके थप ३५ दिन म्याद दिइने, मुद्दा तामेलीमा प्रतिवादीको घर पुग्न समस्या हुने, स्थानीय जनप्रतिनिधि नहुँदा तामेली नै हुन नसक्ने समस्याले ढिलासुस्ती भएको हो ।

अदालतमा मुद्दा दर्ता भएको एक वर्षसम्ममा किनारा लगाउनुपर्ने कानुनी व्यवस्था छ । तर, व्यवहार ठिकविपरित छ । जिल्ला वार एशोसियसनका ठाकुर डिसि अदालती कार्य प्रक्रिया छिटो-छरितो बनाउन समय सान्दर्भिक नयाँ न्यायिक कानुन आवश्यक हुने बताउनुहुन्छ ।

र संविधानसभा निर्वाचनमा न्यायालयका कर्मचारी खटिएकाले पनि यो स्थिति आएको हो ।

यसको मार भने महिलाहरूमा परेको छ । न्यून आय भएका महिलाले समेत २-३ वर्षसम्म मुद्दा लड्न धाइरहनु परेको छ । अधिवक्ता गोमा महरा न्याय प्रणालीमा सुधार नभएसम्म यी समस्या हट्ने स्थिति नदेखिएको बताउँछिन् ।

उनकै भनाईमा अदालतमा दायर मुद्दा लामो समयसम्म फछ्र्यौट नहुँदा महिलाहरू मानसिक तनाव, आर्थिक भार, घरेलु हिंसा र असुरक्षित जीवनयापन गर्न बाध्य छन् । अदालतमा महिलाका मुद्दालाई प्राथमिकता दिने भनिए पनि व्यवहारमा त्यस्तो छैन ।

जिल्ला अदालत दाङमा आर्थिक वर्ष सुरुदेखि २०६४ फागुनसम्म एक

सय ७६ वटा मुद्दा परेका थिए । त्यसमध्ये २० वटा फछ्र्यौट भएको अदालतले जनाएको छ । त्यसमध्ये पनि आठ वटा मुद्दा त मिलापत्र नै भयो ।

**सुझाव :**

- **अदालती रिर्पोटिङका लागि गरेको प्रयास सह्रानीय छ ।**
- **वार्षिकरुपमा महिलासम्बन्धी मुद्दा जिल्ला अदालतमा कति पर्ने गरेका थिए समाचारमा खुलेन ।**
- **कस्ता कस्ता प्रकृतिका महिलासम्बन्धी मुद्दा अदालतमा दर्ता भएका छन् ?**
- **महिलाको हक र अधिकारसाग गासिएका मुद्दाहरू ढिलो फैसला हुनुको कारण (व्यवहारिक र सैद्धान्तिक) खुलेन ।**
- **समाचारमा अदालतका न्यायाधीश वा वरिष्ठ अधिकारीको भनाई समेत राखेको भए राम्रो हुने थियो ।**

# बन्द इजलास नियमावलीमा छ, व्यवहारमा छैन



◆ हेमराज शर्मा
सूचनापत्र साप्ताहिक

दाङ जिल्ला अदालतमा बन्द इजलासका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था हुनसकेको छैन । न्यायाधीश नारायणप्रसाद श्रेष्ठका भनाईमा, आवश्यक रकम प्राप्त नभएकाले यो स्थिति रहेको हो ।

जिल्ला अदालत नियमावली, २०५२ मा बन्द इजलासको व्यवस्था गरिए पनि पूर्वाधार नहुँदा सञ्चालन हुनसकेको छैन र बन्द इजालासबाट गर्नुपर्ने फैसला साधारण इजलासबाट गरिएको जिल्ला अदालत दाङले

**बन्द इजलास नहुँदा पीडितले आफ्ना कुरा निर्धक्क राख्न नसकेले अभियुक्तहरु उम्कने मौका मिलिरहेको कानुन व्यवसायी निर्मल गौतमको तर्क छ ।**

जनाएको छ ।

नियमावलीमा बालबालिका, जबर्जस्तीकरणी, जीउ मास्ने-बेच्ने, नाता कायम, सम्बन्ध-बिच्छेद वा खुला इजलासबाट सुनुवाइ गर्न मनासिव नभएको भनी ठहर भएमा अदालतले बन्द इजलासबाट हेर्ने उल्लेख छ ।

बन्द इजलासअन्तर्गत मुद्दाको कारवाही चल्दा सम्बन्धित कानुन व्यवसायी, सरकारी वकील, विशेषज्ञ, अभियुक्त, पीडित व्यक्ति, निजको संरक्षक तथा अदालतले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र उपस्थित हुन सक्छन् ।

यसैगरी बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी र पीडितबाहेक अरूलाई दिन नहुने नियमावलीमा उल्लेख छ । जबर्जस्ती करणी र बालबालिकासम्बन्धी मुद्दाहरू तत्काल बन्द ईजलासमार्फत् हेरिनुपर्ने कानुन व्यवसायीहरू बताउँछन् । करणी र बालबालिकाले खुला इजलासमा आफ्ना कुरा राख्न हिच्किचाउने भएकाले पनि बन्द इजलास जरुरी हुने उनीहरूको भनाई छ ।

बलात्कृत भएकाहरूले समाजको डरले खुला इजलासमा तथ्य बताउन हिच्किचाउने गरेको कानुन व्यवसायी गोमा महराले बताइन् ।

बन्द इजलास नहुँदा पीडितले आफ्ना कुरा निर्धक्क राख्न नसक्दा अभियुक्तहरू उम्कने मौका मिलिरहेको कानुन व्यवसायी निर्मल गौतमको तर्क छ । उसो त अन्तरिम संविधान, २०६३ ले मौलिक हकअन्र्तगत गोपनीयताको हक समावेश गरेकाले पनि बन्द इजलास अनिवार्य हुनुपर्ने देखिन्छ ।

सर्वोच्च अदालतले पनि विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ जारी गरेको छ । बन्द ईजलासअन्तर्गतका मुद्दाहरूको न्यायसम्पादन कार्यलाई अझ बढी प्रभावकारी बनाउने ठानेर यस्तो निर्देशिका ल्याइएको हो । निर्देशिकाले मुद्दा दर्ता भएदेखि नै सम्बन्धित व्यक्तिको गोपनीयता सुरक्षित गर्नुपर्ने व्यवस्था गरेको छ । यसैगरी निर्देशिकामा मुद्दाअन्तर्गत पीडितको नाम गोप्य राखी सांकेतिक नाम राखेर अनुसन्धान प्रक्रिया अगाडि बढाउनुपर्ने, गोप्य राखिएको व्यक्तिको परिचय खुल्ने विवरण प्रकाशन वा प्रसारणमा ल्याउन नहुने, गोप्य

राखिएको व्यक्तिको गोपनीयता भङ्ग गरिएमा अदालतको अपहेलना गरेको मानी कारवाही चलाइने व्यवस्था छ ।

त्यस्तै, बलात्कार, गर्भपतन, यौन दुर्व्यव्यवहार, मानव बेचबिखन, जीउ मास्ने-बेच्ने, हाडनाता करणी एवं महिलाविरुद्धको हिंसालगायतका मुद्दामा पीडितका रुपमा महिला भएका फौज्दारी मुद्दाहरू, बाल अदालत वा बाल ईजलासबाट हेरिने बालबालिका पक्षका फौज्दारी मुद्दाहरू र एच.आई.भी. एड्सबाट प्रभावित वा संक्रमित व्यक्तिहरूसँग सम्बन्धित मुद्दाहरूमा गोपनीयता संरक्षण गरी न्याय सम्पादनको कार्य गर्नुपर्ने व्यवस्था छ ।

## मुद्दाको स्थिति

अदालतको तथ्याङ्कअनुसार चालू आर्थिक वर्षको चैतसम्म २ सय ७५ वटा मुद्दा दर्ता भएका छन् । त्यसमध्ये करिव एक तिहाई बन्द इजलासमा सुनुवाइ गर्ने प्रकृतिका मुद्दा छन् ।

चैतसम्म जिल्ला अदालत दाङमा सम्बन्ध-बिच्छेदका २४ र जबर्जस्ती करणीका ४ वटा मुद्दा दर्ता भएका छन । यस्ता प्रकृतिका मुद्दाहरूलाई बन्द इजलासमा राखेर सुनुवाइ गर्नुपर्ने कानुनी व्यवस्था छ। अघिल्लो आर्थिक वर्षमा सम्बन्ध-बिच्छेदका ३२, जबर्जस्ती करणीका ३, जीउ मास्ने-बेच्ने र नाता कायमका एक-एक गरी दुई वटा मुद्दा दर्ता भएका थिए ।

**सुझाव :**

- **समाचार राम्रो छ । अझ गहिराईमा पुगेको भए झनै राम्रो हुने थियो ।**
- **कति समयमा बन्द इजलास निर्माण गर्ने भन्ने पक्ष आएन ।**
- **बन्द इजलास नहुदा मुद्दामा परेको असरको एउटा पनि घटना आएन ।**
- **अभियुक्त सजिलै उम्किएका उदाहरण पनि आएनन् ।**

# दलित कानुन व्यवसायी पलायन

◆ लालबहादुर ऐरी
रासस



व्यवसायबाट छाक टार्न धौ-धौ परेपछि डडेल्धुराका एकमात्र दलित कानुन व्यवसायी चन्द्रबहादुर कैनी व्यवसाय छोड्न बाध्य भएका छन । उनी कानुन व्यवसाय छोडेर शिक्षण पेशामा गएका छन् ।

'कानुन व्यवसायबाट परिवारको त कुरै छोडौँ आफ्नो पेटै पाल्न कठिनाई भयो' उनले भने-'अनि पेशाबाट पलायन हुनुपऱ्यो ।' कानुन व्यवसायी बन्न उनले के गरेनन्, २०५० सालमा अध्ययनार्थ राजधानी गएका उनले नेपाल ल क्याम्पसबाट बिएलसम्मको अध्ययन गरे ।

**कानुन ब्यवसायमा पनि जातीय छुवाछुत र सामाजिक विभेदले भाँजो हाल्यो, अनि पलायन हुनुको विकल्प रहेन उनीसँग । 'अहिले म कानुन ब्यवयास गर्ने चाहाना लुकाएर शिक्षण पेशामा छु' उनले भने ।**

अनि आफ्नो ठाउँलाई माया गर्दै डडेल्धुरा फर्के र, व्यवसायमा लागे । केही गैरदलितका कानुन व्यवसायीहरूसँग मिलेर साहरा ल फर्म नामक कानुनी सहायता सम्पर्क केन्द्र खोले, दुई बर्षसम्म केन्द्रमै आवद्ध रहे उनी ।

कानुन व्यवसायमा पनि जातीय छुवाछुत र सामाजिक विभेदले भाँजो हाल्यो, अनि पलायन हुनुको विकल्प रहेन उनीसँग । 'अहिले म कानुन व्यवयास गर्ने चाहाना लुकाएर शिक्षण पेशामा छु' उनले भने ।


उनी जिल्लाकै एक मात्र दलित कानुन व्यवसायी भएको नेपाल वार एशोसिएसन डडेल्धुराका अध्यक्ष अधिवक्ता गणेशराज भट्टले जानकारी दिए ।

कैनी त एक पात्र हुन्, मुलुकभर नै दलित कानुन व्यवसायीको हालत यस्तै रहेको अनुमान गरिएको छ । राज्यले न्यायालयमा दलितहरूको पहुँच बढाउन संरक्षण दिनुपर्ने विचार राख्छन्, कानुनी सहायता समितिका संयोजक अधिवक्ता नरेन्द्र रोकाया ।

**सुझाव :**

- **समाचारको विषयले समावेशीकरणलाई जोड दिएको छ ।**
- **समाचार रोचक छ, तर देशभर कति दलित कानुन व्यवसायी छन्, तिनको हालत के छ भनेर जोड्न सके राम्रो ।**
- **कैनीले कुन सालमा पेशा छोडेको भनेर खुलेन ।**

# अधिकांश मुद्दा कर्तव्य ज्यानसम्बन्धी



◆ **बलराम पाण्डेय**
**अभियान दैनिक**

पुनरावेदन अदालत महेन्द्रनगरमा पुनरावेदन भएका सरकारवादी फौजदारी ५९ मुद्दामध्ये चैत मसान्तसम्ममा १७ वटा फछ्र्यौट भएको छ । त्यसमध्ये १३ वटा गत आर्थिक वर्षबाट जिम्मेवारी सरिआएका मुद्दा हुन् । यस वर्ष भने दर्ता भएका ४० मध्ये चार वटा मात्र फछ्र्यौट गरिएको छ ।

पुनरावेदन भएकामध्ये अधिकांश मुद्दा कर्तव्य ज्यानसम्बन्धी छन् । अरू जीउ मास्ने-बेच्ने, लागूऔषध, चोरी, किर्ते ठगी, वन्यजन्तु ओखेटो ओसारपसार आदिसँग सम्बन्धित मुद्दा थिए ।

**पुनरावेदन सरकारी वकिल कार्यालय कञ्चनपुरले कर्तव्य ज्यानसम्बन्धीका मुद्दाहरुको सबैभन्दा बढी पुनरावेदन गरेको छ । गत वर्ष र यस वर्ष जम्मा ३८ वटा मुद्दा पुनरावेदन भएकोमा १४ वटा कर्तव्य ज्यानसम्बन्धी मुद्दा रहेका छन् ।**

पुनरावेदन सरकारी वकिल कार्यालय कञ्चनपुरले कर्तव्य ज्यानसम्बन्धीका मुद्दाहरूको सबैभन्दा बढी पुनरावेदन गरेको छ। गत वर्ष र यस वर्ष जम्मा ३८ वटा मुद्दा पुनरावेदन भएकोमा १४ वटा कर्तव्य ज्यानसम्बन्धी मुद्दा रहेका छन्।

कार्यालयले यस आर्थिक वर्षमा सात वटा परमादेशसम्बन्धी मुद्दामा वहस गऱ्यो। सो कार्यालयका अनुसार, गत वर्षबाट जिम्मेवारी सरिआएका चारवटा र यस वर्षका तीनवटा गरी सातवटामा वहस गरेको हो।

## सरकारवादी मुद्दा बढी

पुनरावेदन अदालतमा व्यक्तिवादी फौजदारीभन्दा सरकारवादी फौजदारीको पुनरावेदन बढी भएको छ।

अदालतका अनुसार, व्यक्तिवादी फौजदारीमा २२ वटा मुद्दाको पुनरावेदन गरिएको छ भने सरकारवादी फौजदारीमा ५४ वटा मुद्दाको पुनरावेदन गरिएको छ।

**सुझाव :**

- **ज्यादै औपचारिक भयो।**
- **समाचार तथ्यांक केन्द्रित छ।**
- **अदालतका एकजना अधिकृतसाग समेत कुरा नगरेर समाचारको आधिकारिकता बलियो हुन सकेन।**

# भाग पाँच

# सञ्चारगृहले लत्याए अदालतको फैसला

◆ नगेन्द्र लम्साल
विकल्प साप्ताहिक



श्रमजीवी पत्रकारले अदालतबाट न्याय पाउँछन्, तर सञ्चारगृहले अदालतको आदेश कार्यान्वयन नगरिदिँदा उनीहरूले न्यायको अनुभूति गर्न पाउँदैनन् ।

ठूला सञ्चारगृहले अदालतबाट भएका फैसलाहरू कार्यान्वयन नगर्ने क्रम बढ्दो छ । फैसला कार्यान्वयन नगर्ने सञ्चारगृहमा कान्तिपुर पब्लिकेशन, राजधानी दैनिकको प्रकाशक संस्था उत्सर्ग प्रकाशन प्रा.लि. र बन्द भइसकेको स्पेस टाइम पब्लिकेशन पर्छन् ।

अवकाश मुद्दामा पुनरावेदन अदालत पाटन र सर्वोच्च अदालतबाट

**ठूला सञ्चारगृहले अदालतबाट भएका फैसलाहरु कार्यान्वयन नगर्ने क्रम बढ्दो छ । फैसला कार्यान्वयन नगर्ने सञ्चारगृहमा कान्तिपुर पब्लिकेशन, राजधानी दैनिकको प्रकाशक संस्था उत्सर्ग प्रकाशन प्रा.लि. र बन्द भइसकेको स्पेस टाइम पब्लिकेशन छन् ।**

आफ्नो पक्षमा भएको फैसला कान्तिपुर पब्लिकेशनले कार्यान्वयन नगर्दा थप पीडित छन्, पत्रकार श्रीलाल साह । कान्तिपुर र दि काठमाडौं पोस्ट दैनिकको स्थापनाकाल २०४९ साल फागुन ७ गतेदेखि राजविराज समाचारदाता रहेका उनलाई व्यवस्थापनले डेढ वर्षपछि अकारण अवकास दिएको थियो । त्यसविरुद्ध उनले पुनर्वहाली गरी पाऊँ भनी श्रम विभागमा २०५१ साल भदौ २ गते निवेदन दिएका थिए ।

विभागले साहद्वारा पेश गरिएको परिचय पत्रको आधारमा पब्लिकेशन्सको स्थापनाकालदेखि समाचारदाता रहेको देखिएकाले २०५१ साल मंसिर ५ गते श्रम ऐन, २०४८ को दफा ४ को उपदफा १ र २ बमोजिम नियुक्ति पत्र र निजले काम गरेको अवधिको बाँकी पारिश्रमिक पब्लिकेशन्स व्यवस्थापनले उपलब्ध गराउनुपर्ने निर्णय दियो ।

निर्णय कार्यान्वयन गर्न भन्दै विभागले कान्तिपुर पब्लिकेशनलाई २०५१ साल मंसिर ११ गते पत्र लेख्यो । असहमति देखाउँदै पब्लिकेशन निर्णय पुनरावेदन गरिपाऊँ भनी पुनरावेदन अदालत पाटन गयो । न्यायाधीशद्वय सोमबहादुर कोइराला र खेमराज शर्माको संयुक्त ईजलासले नोकरीबाट बर्खास्तीलाई गैरकानुनी ठहर गर्दै श्रम विभागबाट गरिएको निर्णय सदर हुने फैसला २०५३ साल असार ११ गते दियो । कान्तिपुर पब्लिकेशन पुनः यही मुद्दा लिएर सर्वोच्च अदालत पुग्यो । सर्वोच्चबाट पनि पुनरावेदनकै फैसलालाई सदर गरिदियो ।

पत्रकार साहले सर्वोच्च अदालतको फैसला कार्यान्वयनका लागि श्रम कार्यालय बागमती अञ्चलमा निवेदन दिएका थिए । कार्यालयले बारम्बार फैसला कार्यान्वयनका लागि पत्राचार गर्‍यो, तर कान्तिपुर पब्लिकेशनले टेरपुच्छर लगाएन । फैसला कार्यान्वयन नभएपछि २०५८ साल चैत १४ गते श्रम कार्यालयले श्रम ऐन, २०४८ को दफा ५५ (२) बमोजिम कारवाहीस्वरुप एक सय एक रुपैयाँ जरिवाना गरी फैसला कार्यान्वयन गर्न पब्लिकेशन्सलाई पत्राचार गरेको थियो ।

फैसला कार्यान्वयन नगरे थप कारवाहीको लागि श्रम ऐन, २०४८ को दफा ५७ बमोजिम श्रम विभागमा पठाइने निर्णय गरिएको व्यहोरा पत्रमा थियो । तर पनि एक दशकसम्म फैसला कार्यान्वयन गरिएको छैन । साहले हरेस खाइसकेका छन्, अहिले फैसला कार्यान्वयनको पहल नै गर्न छोडिदिएका छन् । 'कान्तिपुरले कानुनी शासनको उपहास गरेको छ, आफ्नो

## कानुनी सहायता चाहिन्छ

त्यसो त सञ्चारमाध्यममा काम गर्ने पत्रकारहरूको पेशा यति असुरक्षित छ कि व्यवस्थापनले जुन कुनै बेला श्रमजीवी पत्रकारको रोजगारी खोस्नसक्छ । त्यसरी रोगजारी खोसिएका कतिपय सञ्चारकर्मी न्यायका लागि अदालतसम्म पुग्दैनन् भने पुग्न चाहनेले पनि लामो समय आफ्नो रकम खर्चेर मुद्दा लड्नै सक्दैन ।

'तसर्थ पीडित पत्रकारका लागि बलियो संस्था र कानुनी सहायता अपरिहार्य छ' श्रमजीवी पत्रकार संघर्ष समितिका सह-संयोजक रामप्रसाद दाहाल भन्छन् ।

पक्षमा भएका फैसला मान्ने तर विपक्षमा आएको फैसला नमान्ने प्रवृत्ति भनेको कानुनको ठाडो अवज्ञा हो' साह भन्छन् । फैसला कार्यान्वयन निम्ति नेपाल पत्रकार महासंघदेखि कानुनी शासनका चर्का कुरा गर्ने कुनै संगठनले चासो दिएका छैनन् ।

उसो त साह जस्तै पीडित पत्रकारहरूको संख्या बढ्दो छ । १९ माघ २०५९ को निरंकुश शाही शासनका बेला लोकतन्त्र, प्रेस स्वतन्त्रता र मानवअधिकारका पक्षमा सशक्त कलम चलाएका पत्रकार रामप्रसाद दाहाल अकारण राजधानी दैनिकबाट निकालिए । प्रमुख समाचारदाता रहेका उनलाई प्रकाशक महेन्द्र शेरचन र सम्पादक कपिल काफ्लेले शाही शासनविरुद्ध आक्रामक समाचार नलेख्न चेतावनी दिँदैआएका थिए, तर उनले स्वतन्त्र पत्रकारिताको मर्मअनुसार लोकतन्त्रका पक्षमा कलम चलाउँदै गएपछि २०६१ फागुन १९ गते व्यवस्थापन पक्षले प्रकाशन गृहबाट अवकाश नै दियो । दाहालले गैरकानुनी अवकाश बदर गरिपाऊँ भनी श्रम अदालतमा २०६२ वैशाख ६ गते मुद्दा दायर गरे ।

श्रम अदालतले २०६३ असोज २२ गते अवकाश बदर गरी सेवामा पुनर्वहाली गराई अवकाश मितिदेखि पुनर्वहालीसम्मको तलब-सुविधा पाउने

फैसला गरेको थियो । काम गरेको अवधि करिव ७ महिनाको तलबभत्ता दिनसमेत फैसलामा भनिएको थियो । दाहालले प्रकाशन गृहलाई फैसला कार्यान्वयन गर्न लिखित निवेदन दिँदा पनि कुनै संकेत नमिलेपछि कार्यान्वयनका लागि २०६३ मंसिर २८ गते श्रम कार्यालय वागमती अञ्चलमा निवेदन दिए । फैसला कार्यान्वयनका लागि श्रम कार्यालयले बारम्बार गरेको पत्राचारलाई राजधानी दैनिक व्यवस्थापनले अवज्ञा गरिदियो ।

दाहालले २०६३ चैत २८ गते राजधानी दैनिक व्यवस्थापनविरुद्ध फैसला कार्यान्वयन नगरी अदालतको अपहेलना भएको भनी श्रम अदालतमा अपहेलना मुद्दा दायर गरे । अदालतले प्रकाशक महेन्द्र शेरचनलाई सशरीर उपस्थित गराएर बयान पनि लियो । तर, फैसला आइसकेको छैन, यो मुद्दा श्रम अदालतमा विचाराधीन छ । तीन वर्षदेखि दाहाल अदालत धाइरहेका छन् । 'सञ्चार मालिकहरू छोटेराजा जस्तै छन्, कानुनको बर्खिलाप गरे पनि उनीहरूमाथि कसैले केही गर्न सक्दैन भन्ने दम्भ रहेकाले नै फैसला कार्यान्वयन हुन नसकेको हो' उनी भन्छन्-'अन्यायमा परेका पत्रकारका पक्षमा बोलिदिने नेपाली धर्तीमा कोही छैनन्, तसर्थ यस्ता समस्या पत्रकारले झेल्नु परेको हो ।'

श्रमजीवी पत्रकारका पक्षमा सशक्त आवाज उठाउने र अन्यायमा पर्दा हेरिदिने काम नेपाल पत्रकार महासंघलगायत पत्रकारितासँग सम्बन्धित संस्थाहरूबाट हुन नसकेको उनको पनि गुनासो छ । 'नत्र मेरो पक्षमा भएको फैसला कार्यान्वयन गर्छु भनेर नेपाल पत्रकार महासंघकै प्रतिनिधिसँग लिखित सम्झौता गरेका राजधानी दैनिकका प्रकाशकले कानुन नमान्ने आँटै गर्ने थिएनन्' दाहाल भन्छन् ।

सरकारले समेत कानुन उल्लङ्घनकर्तालाई पुरस्कृत गरिरहेको दावी गर्दै दाहालले श्रमिकको पक्षमा रहेको बताउने माओवादी मन्त्री रहेको सूचना तथा सञ्चार मन्त्रालयले राजधानीका प्रकाशकलाई श्रमजीवी पत्रकारको पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समितिमा राखेर गाईजात्रा देखाएको टिप्पणी गरे ।

पत्रकार प्रदिप घिमिरेको पक्षमा भएको फैसला भने स्पेसटाइम पब्लिकेशनले आंशिक पालना गरेको छ । स्पेसटाइम दैनिकमा २०५९ जेठ २२ गतेदेखि वरिष्ठ उप सम्पादकको रुपमा कार्यरत पत्रकार घिमिरेलाई व्यवस्थापन

पक्षले २०५९ फागुन १४ गते गैरकानुनी अवकाश दिएको थियो । घिमिरेले श्रम अदालतमा २०५९ चैत ४ गते अवकाश बदर गरिपाऊँ भनी मुद्दा दायर गरेका थिए । अदालतले २०६० फागुन २६ गते घिमिरेको पक्षमा फैसला गर्दै अवकाश बदर गरी सेवामा पुनर्वहाली हुने ठहर गर्‍यो ।

विभिन्न प्रयास गर्दा पनि स्पेसटाइम पब्लिकेशसले फैसला कार्यान्वयन गरेन, अनि घिमिरेले पब्लिकेशनविरुद्ध अदालतको अपहेलनामा २०६३ कात्तिक २१ गते श्रम अदालतमा मुद्दा दायर गरे । अदालतमा उपस्थित भएर अध्यक्ष बहादुरकृष्ण ताम्राकार र प्रबन्ध निर्देशक जमिम शाहले फैसला कार्यान्वयन गर्ने प्रतिवद्धता जनाए र फैसलाको आंशिक कार्यान्वयन भयो । उनलाई पुनर्वहाली गरियो र अवकाशदेखि पुनर्वहालीसम्मको तलबभत्तावापत अढाई लाख रुपैयाँ पनि दिइयो । तर, घिमिरेले फैसलाको पूर्ण कार्यान्वयन नभएको भन्दै पुनः अपहेलना मुद्दा कायम राख्न अदालतमा निवेदन गरेका छन् ।

श्रमजीवी पत्रकारका पक्षमा वकालत गर्दैआएका अधिवक्ता ऋषिराम घिमिरे परम्परागत कानुनी पद्धति र फैसला कार्यान्वयन गराउनै पर्ने बाध्यात्मक कानुन नरहेकाले अदालतको आदेश कागजी खोस्टो बनिरहेको भन्दै दुःख व्यक्त गर्छन् । श्रमजीवी पत्रकारका मुद्दामा अदालतले वर्षौं फैसला नगरेका उदाहरण दिँदै घिमिरे भन्छन्-'फैसला छिटो गराउने र कार्यान्वयन प्रक्रिया सशक्त बनाउन सके मात्र पत्रकारले न्याय पाउँछन् ।'

सर्वोच्च अदालतका सह-प्रवक्ता हेमन्त रावल फैसला कार्यान्वयन प्रक्रियामा जटिलता भई पीडित पक्षले कागजमा मात्र न्याय पाएर नहुने भएकाले कानुनमा संशोधन गर्नुपर्ने तर्क गर्छन् । 'न्याय लिनुपर्ने पक्षले छिटो प्राप्त गर्न खोजे पनि न्याय दिनुपर्ने पक्षले ढिलो गर्न सहयोग पुग्ने कानुनी प्रक्रिया फेर्नुपर्छ' उनले भने ।

श्रम अदालतका रजिष्ट्रार कृतबहादुर बोहराले अदालतबाट भएका फैसलाहरू श्रम अदालत कार्यविधि नियमावली, २०५२ नियम २५ अनुसार नेपाल सरकारले कार्यान्वयन गर्नुपर्ने बताए ।

श्रम कार्यालय बागमती अञ्चलका वरिष्ठ कारखाना निरीक्षक बरुणकुमार झा श्रम अदालतबाट भएका फैसलाहरू कार्यान्वयनका लागि निवेदन परेमा

फैसला पालना गर्नुपर्ने पक्षलाई पत्राचार र कानुनी प्रक्रिया अपनाउने उल्लेख बताउँछन् । उनले भने- सम्बन्धित पक्षले फैसला कार्यान्वयन नगरेमा थुनछेक वा जरिवाना गर्न सक्ने अधिकार कार्यालयलाई नभएकाले न्याय पाउनुपर्ने पक्ष न्यायका लागि अदालतको मानहानीमा जान सक्छ ।

नेपाल पत्रकार महासंघका अध्यक्ष धर्मेन्द्र झा पत्रकारसंग सम्बन्धित मुद्दामा पत्रकारका पक्षमा भएका फैसलाहरूका बारेमा महासंघलाई जानकारी गराए कार्यान्वयनका लागि पहल गर्ने बताउँछन् । सुरु तहको अदालतले फैसला गरेपछि असफल पक्ष सामान्य कार्यविधि ऐनअनुसार मुलुकी ऐन अदालती बन्दोवस्तीको १९३ बमोजिम पुनरावेदन गर्ने ३५ दिन तथा संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ११(क) ३ बमोजिम ३० दिन र थामी पाउने ३० दिने म्याद फैसलामा चित्त नबुझेमा पुनरावेदन गर्न तोकेको छ ।

सामान्य कार्यविधि ऐनअनुसार ६५ दिन र संक्षिप्त कार्यविधि ऐनअनुसार ६० दिनभित्र दोस्रो तहको अदालतमा पुनरावेदन फैसलामा असहमत पक्षले गर्नुपर्दछ । सो म्यादभित्र पुनरावेदन नगरेको अवस्थामा सुरु अदालतले गरेको फैसला कार्यान्वयनको चरण सुरु हुने कानुनी व्यवस्था छ ।

तोकिएको समयभित्र पुनरावेदन नगरेको खण्डमा प्रचलित कानुनबमोजिम सुरु अदालतबाट सफल प्राप्त गर्ने पक्षले दोस्रो तहबाट समेत मुद्दामा सफलता प्राप्त गरेमा मात्र फैसलाको कार्यान्वयन सुरु हुन्छ ।

**सुझाव :**

- **विषयवस्तु राम्रो छ । यस्ता विषयवस्तुलाई प्राथमिकता दिनुपर्छ ।**
- **कानुन पालना नगर्ने पक्षको भनाई नराखिएकाले सन्तुलन भएन ।**
- **पत्रकार रघु मैनालीको केश छुट्यो ।**
- **पत्रकार महासंघ आफूसँग सम्झौता गरेको सञ्चार मालिकले फैसला कार्यान्वयन नगरेकोमा के सोचिरहेको छ भन्ने जिज्ञासा मेटिएन ।**

# अलपत्र आदेश



◆ **विकास भट्टराई**
**समाचारपत्र दैनिक**

**तनहुँ र चितवनको संगमस्थल देवघाट क्षेत्रको ४२ विगाह जमिन मेडिकल कलेजलाई दिने सरकारको निर्णय बदर गराउन सर्वोच्च अदालतले २०५३ साल बैशाख १७ गते आदेश दिएको थियो, कार्यान्वयन अझै भएको छैन । धार्मिक क्षेत्रमा मेडिकल कलेज बनाउन नहुने दावी गरी योगी नरहरीनाथसमेतले रिट निवेदन दायर गरेका थिए ।**

समाजमा आफ्नो हैकम देखाउन विवाहमा सयौंलाई जन्ती लगेर होस् या व्रतवन्ध, पास्नीजस्ता कार्यमा हजारौँलाई भोजमा डाकेर खर्च गर्ने चलन नेपाली समाजमा कायम छ । यो सरकारले कानुन पालना गराउन नसकेको परिणाम हो । सर्वोच्च अदालतले आठ वर्षअघि सरकारलाई यस्ता गैरकानुनी काम रोक्न आदेश दिएकै हो, तर पालना भइरहेको छैन ।

यो एउटा उदाहरण मात्र हो, सर्वोच्च अदालतले दिएका कैयौं आदेश सरकारले पालना गरेको छैन । नेपाल

अधिराज्यको संविधान, २०४७ र अन्तरिम संविधान, २०६३ को धारा ११६ को उपधारा (१) मा न्यायालयले दिएको आदेश सम्बन्धित निकायले पालना गर्नुपर्ने बाध्यात्मक व्यवस्था छ ।

तनहुँ र चितवनको संगमस्थल देवघाट क्षेत्रको ४२ विगाह जमिन मेडिकल कलेजलाई दिने सरकारको निर्णय बदर गराउन सर्वोच्च अदालतले २०५३ साल बैशाख १७ गते आदेश दिएको थियो, कार्यान्वयन अझै भएको छैन । धार्मिक क्षेत्रमा मेडिकल कलेज बनाउन नहुने दावी गरी योगी नरहरीनाथसमेतले रिट निवेदन दायर गरेका थिए ।

यसैगरी काठमाडौंको मध्यभागमा रहेको रानीपोखरीमा भएको अतिक्रमण र प्रदूषण हटाई ३ महिनाभित्र यसको संरक्षण गर्नु भनी सर्वोच्च अदालतले २०६३ साल पुस ३ गते सरकारलाई आदेश दिएको थियो । यसको पनि कार्यान्वयन भएन । आदेश कार्यान्वयन नभएकोमा सर्वोच्च अदालतको अनुगमन तथा निरीक्षण महाशाखाले पत्राचारसमेत गरेको थियो । महाशाखाका प्रकाश पण्डित भन्छन्- "हामीलाई सरकारको सम्बन्धित निकायबाट सर्वोच्च अदालतको आदेश कार्यान्वयन प्रक्रियामा रहेको भनी जवाफ पठाएको छ । कति समयमा कार्यान्वयन पूरा हुन्छ भनी स्पष्ट गरिएको छैन ।"

२०५८ साल माघ २६ गते मुलुकमा भइरहेको प्रदूषण रोकथाम तथा नियन्त्रणका लागि आवश्यक मापदण्ड निर्धारण गर्नु/गराउनु भनी सर्वोच्च अदालतले आदेश दिएको थियो । आदेश कार्यान्वयन नभएकोबारे सर्वोच्चले सोधपुछ गऱ्यो । पण्डित भन्छन्-'सरकारले जवाफ नै पठाएको छैन ।"

अधिवक्ता प्रकाशमणि शर्मा, भोजराज ऐर, रमा पन्तलगायतले बागमती नदी वरिपरी फोहर नगर्न आदेशको माग गरी रिट निवेदन दायर गरेका थिए । सो सम्बन्धमा सर्वोच्च अदालतले २०५८ पुस २ गते बागमती नदी क्षेत्रमा वातावरणीय दुष्प्रभाव नहुने गरी फोहोर मैला व्यवस्थापन गर्नु/गराउनु भन्ने आदेश दियो । रिट निवेदिका पन्त भन्छिन्-'खै कार्यान्वयनको अनुभूति नै मिलेन, बागमती नदी उस्तै फोहर छ ।"

आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री-वितरण नियन्त्रण) ऐन, २०४९ को दफा १३ मा खाद्य वस्तुको अनुगमन गर्न एक निरीक्षक तोक्नुपर्ने

व्यवस्था छ । ऐन जारी भएको लामो समय बितिसक्दा पनि त्यस्तो निरीक्षक नतोकिएको कारण सोबमोजिम कार्यान्वयन गराउन अधिवक्ता राजुप्रसाद चापागाईंले रिट निवेदन दायर गरेका थिए ।

रिट निवेदनमा बजारमा विभिन्न प्रकारका खाद्य पदार्थ उत्पादन गरी बिक्री-वितरण हुन थालेकाले आमाको दुध प्रतिस्थापन हुँदैगएको उल्लेख गरिएको थियो । त्यस्था पदार्थको अनुगमन गरी बच्चाको स्वास्थ्यमा असर गर्नेलाई नियन्त्रणमा लिन निरीक्षक तोक्न रिट निवेदनमा माग गरिएको थियो ।

सर्वोच्च अदालतले २०६१ साल कात्तिक २० गते सरकारलाई यस्तो आदेश दियो- "आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री-वितरण नियन्त्रण) ऐन, २०४९ को दफा १३ बमोजिम निरीक्षक तोक्नु र यसका सम्पूर्ण प्रावधानहरू तदारुकताका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु ।" तर आदेशअनुरुप कदम चालिएको छैन ।

सार्वजनिक स्थलमा धुमपान र सूर्तिजन्य पदार्थ सेवन नगर्नु/नगराउनु र सो सम्बन्धमा जनचेतना जगाउने कार्यक्रम सञ्चालन गर्नु/गराउनु भनी सर्वोच्च अदालतले सरकारलाई दिएको आदेश पनि अलमलियो ।

वादी जातिबाट जन्मेका शिशुको जन्म दर्ता गर्न इन्कार नगर्न, सडक विस्तार गर्नुपर्ने भए कानुनबमोजिम जग्गा प्राप्त गरी कानुनबमोजिम गर्न, स्वर्गद्वारी आश्रमको नाममा दर्ता रहेको जग्गालाई संरक्षण प्रदान गर्न/गराउन, प्लाष्टिकका झोलाहरूको बेचविखन एवम उपभोगसम्बन्धमा नीति तयार गर्न, भाडाका साधनमा प्रिन्टरसहितको स्वचालित डिजिटल मिटर जडान गरी मूल्य अनुगमन गर्न भनी सर्वोच्च अदालतले आदेश दिएको धेरै वर्ष भयो, तर कार्यान्वयन सून्य छ ।

ऐतिहासिक महत्वका स्थल र क्षेत्र मासिने, छेकिने गरी कुनै कार्य नगर्न, हलिया कमैयाहरूका लागि उत्थान गर्न आवश्यक समिति गठन गर्न, छुवाछुत अन्त्य गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न, मदिराको विज्ञापनले पार्ने दुरगामी असरको विचार गर्न, सवारी दुर्घटनामा मृत्यु हुने पीडितले तत्काल क्षतिपूर्ति रकम पाउने गरी सरल र सहज कार्यविधि तर्जुमा गरी लागू गराउन पनि अदालतले आदेश दिएको छ । तर ती सबै

अलपत्र परेका छन् र, सर्वोच्चले आदेश कार्यान्वयन नभएकोबारे सरोकार राख्दासमेत सरकारी निकायहरूले यति मात्र भन्ने गरेका छन्-'कार्यान्वयन प्रक्रियामा रहेको छ ।'

**सुझाव :**

- **आठ वर्षको आदेशको विवरण, कुन कानुनअन्तर्गत रोक्ने र, त्यसमा के छ ?**
- **कुन मेडिकल कलेजलाई जग्गा दिने भनिएको हो ?**
- **आदेश पालना नभएको बारे सरकारको भनाई के छ ?**
- **फैसला विवरणको स्रोत के हो ?**
- **सम्बन्धित निकायले सर्वोच्चको आदेश पालना गरेन भने के कस्तो कारवाही अगाडि बढाउछ ? खुलाएको भए सुन्दर हुने थियो ।**

# सर्वोच्चका न्यायाधीशको एक वर्षको काम



◆ यम विरही
राजधानी दैनिक

'ढिलो न्याय दिनु न्याय नै नदिनु हो' भन्ने हेक्का भएकैले सर्वोच्च अदालतले अदालत सुदृढीकरण र विकासका लागि रणनीतिक योजना लागू गरेको हुनसक्छ । यो योजना लागू भएपछि अदालतको कामकाजमा तिव्रता आएको छ भने न्यायाधीशहरूमा जिम्मेवारीपन बढेको छ । मुद्दाहरू छिटो किनारा लाग्न थालेको छ । यद्यपि न्यायमा ढिलासुस्ती हुने गरेको सर्वसाधारणको गुनासा भने कायम छ ।

योजनाको पहिलो वर्ष आर्थिक

**योजनाको पहिलो वर्ष आर्थिक वर्ष २०६१/०६२ मा जम्मा लागत २३ हजार आठ सय चालिसमध्ये सात हजार चार सय ८४ मुद्दा फछ्र्योट भएको छ । जबकी अघिल्लो आर्थिक वर्ष २०६०/०६१ मा २४ हजार पाँच सय ७० मध्ये ६ हजार सात सय ८६ मुद्दा फछ्र्योट भएको थियो ।**

वर्ष २०६१/०६२ मा जम्मा लागत २३ हजार आठ सय चालिसमध्ये सात हजार चार सय ९४ मुद्दा फछ्र्योट भएको छ । जबकी अघिल्लो आर्थिक वर्ष २०६०/०६१ मा २४ हजार पाँच सय ७० मध्ये ६ हजार सात सय ९६ मुद्दा फछ्र्योट भएको थियो ।

योजनाको तेस्रो वर्ष ०६३/६४ मा जम्मा लागत १९ हजार सात सय ९५ मध्ये ६ हजार तीन सय १९ फछ्र्योट भएको छ । सर्वोच्चका अनुसार, गत आर्थिक वर्ष ०६२/०६३ बाट जिम्मेवारी सरेका मुद्दा र रिट १४ हजार एक सय ९६ तथा ०६३/०६४ मा पाँच हजार पाँच सय ९९ दर्ता भएका छन् । यस आर्थिक वर्षमा परेको भन्दा सात सय २० थान मुद्दा बढी फछ्र्योट भएको छ ।

## न्यायाधीशका काम

योजना लागू भएपछिको पछिल्लो आर्थिक वर्षमा तत्कालीन प्रधानन्यायाधीश दीलिपकुमार पौडेलले २ सय २९ दिन काम गरेका छन् । उनले जम्मा एक सय ८० वटा मुद्दा हेरे ।

वर्तमान प्रधानन्यायाधीश केदारप्रसाद गिरीले दुई सय पचास दिन काम गरे भने सात सय अठार मुद्दा हेरे । न्यायाधीश मिनबहादुर रायमाझीले दुई सय ४४ दिन काम गरेका छन् भने ६ सय २७ मुद्दा सम्पादन गरेका छन् ।

न्यायाधीश रामनगीना सिंहले एक सय ४१ दिन कार्य गरेका छन् भने पाँच सय ४९ मुद्दा सम्पादन गरेका छन् । उनले २६ माघ २०६३ मा अवकाश पाइसकेका छन् । न्यायाधीश अनुपराज शर्माले दुई सय ६० दिन काम गरेर आठ सय एक मुद्दा हेरेका छन् । न्यायाधीश रामप्रसाद श्रेष्ठले दुई सय ५८ दिन कार्य काम गरेर आठ सय ३६ मुद्दा सम्पादन गरेका छन् । खिलराज रेग्मीले दुई सय २६ दिन कार्य गरेका छन् भने सात एक मुद्दा सम्पादन गरेका छन् । यस्तै, सारदाप्रसाद पण्डितले दुई सय ६२ दिन कार्य गरेका छन् । उनले आठ सय ६७ वटा मुद्दा सम्पादन गरे ।

न्यायाधीश शारदा श्रेष्ठले दुई सय ५९ दिन कार्य काम गरेर नौ सय ४२ मुद्दा हेरेका छन् । न्यायाधीश बद्रिकुमार बस्नेतले ६६ दिन कार्य गरेका

## किन लागू भयो योजना

सर्वोच्च अदालतको सुदृढीकरण र विकासका लागि पहिलो पटक रणनीतिक योजना लागू भएको हो ।

सर्वोच्चको पूर्ण वैठकबाट पारित भई १ साउन, २०६१ देखि योजना कार्यान्वयनमा ल्याइयो । यो योजनाअन्तर्गत न्यायपालिकाका विद्यमान स्थितिको विश्लेषण एवं समिक्षा गर्दै पूर्णरुपमा कार्यान्वयन गर्ने भनिएको थियो ।

योजनामा कानुनी शासन र मानवअधिकारको मूल्य-मान्यता स्थापित गरी स्वतन्त्र, छिटो-छरितो एवं जनमुखी न्याय प्रणालीको स्थापना गर्ने उद्देश्यसमेत राखिएको छ। योजनाले चार वटा कार्यमा जोड दिएको छ ।

योजनामा कानुनको वैधानिकता परिक्षणसँग सम्बन्धित सबै मुद्दाहरू एक वर्षभित्र फछ्र्योट गर्ने, दर्ता भएका सार्वजनिक सरोकारका रिट निवेदन दर्ता भएका मितिले एक वर्षभित्र टुङ्गो लगाउने, पुराना वक्यौता रिट निवेदनहरू ७५ प्रतिशतले न्यून गर्ने, सबै मुद्दाहरू तोकिएको समयभित्र किनारा लगाउने र त्यस्ता मुद्दाहरूको संख्या ५० प्रतिशतले घटाउने उल्लेख छ ।

छन् । उनले २४ कात्तिक २०६३ मा अवकाश लिए । न्यायाधीश बलराम के.सी.ले दुई सय ३८ दिन काम गरेका छन् भने आठ सय ३२ मुद्दा सम्पादन गरेका छन् । न्यायाधीश राजेन्द्रकुमार भण्डारीले दुई सय ४९ दिन काम गरे, १२ सय ५९ मुद्दा सम्पादन गरे । अरूको उनले बढी मुद्दा सम्पादन गरेको देखिन्छ । तपबहादुर मगरले दुई सय ६६ दिन काम गरेका छन् । उनले छ सय २९ मुद्दा सम्पादन गरेका छन् । यस्तै, दामोदरप्रसाद शर्माले दुई सय ४९ दिन कार्य गरेका छन्, ६ सय ३४ मुद्दा सम्पादन गरेका छन् ।

रामकुमारप्रसाद शाहले दुई सय ५६ दिन काम गरेका छन् भने पाँच सय ४२ मुद्दा हेरेका छन् । यस्तै कल्याण श्रेष्ठले दुई सय ५६ दिन काम गरी सात सय ७६ मुद्दा सम्पादन गरेका छन् । गौरी ढकालले दुई सय ५६ दिन काम गरेकी छिन्, उनीबाट आठ सय २० मुद्दा सम्पादन भयो ।

परमानन्द झाले ४७ दिन कार्य गरेका छन् भने एक सय १४ मुद्दा हेरेका छन् । उनले अवकाश प्राप्त गरिसकेका छन् ।

पवनकुमार ओझाद्वारा दुई सय ५८ दिन काम भयो र, सात सय ७२ मुद्दा टुङ्गो लाग्यो । उनले अवकाश प्राप्त गरिसके । न्यायाधीश ताहिर अलि अन्सारीले दुई सय २४ दिन काम गर्दै एक हजार ३४ मुद्दा सम्पादन गरे । न्यायाधीश राजेन्द्रप्रसाद कोरालाले दुई सय ४८ दिन काम गरेका छन् भने नौ सय ११ मुद्दा सम्पादन भएको छ । यी सबै विवरण आर्थिक वर्ष २०६३/०६४ को हो ।

**सुझाव :**

- **तथ्याङ्क बढी भयो । तथ्याङ्कको स्रोत के हो खुलेन ।**
- **योजना लागू भएपछि मात्र न्यायाधीशले बढी मुद्दा हेर्न थालेका हुन् ? यसबारेमा न्यायाधीशसागै कुराकानी गरेको भए हुन्थ्यो ।**
- **न्याय छिटो भएको अनुभूति सर्वसाधारणले गरेका छन्/छैनन् भन्ने पक्ष छुट्यो ।**
- **योजना कति प्रतिशत पूरा भयो भन्ने कुरा पनि खुलेन ।**

# प्रशासकीय अदालतलाई थप अधिकार चाहियो

◆ मदन गौतम
रासस

एकै प्रकृतिका मुद्दामा दोहोरोपन आउन नदिन र सर्वोच्च अदालतको कार्यबोझ कम गराउन प्रशासकीय अदालतले नै कर्मचारीसँग सम्बन्धित सबै प्रकारका विवादको निरूपण गर्नुपर्ने माग बढेको छ ।

कर्मचारीका बढुवाका अङ्क जोड-घटाउ गर्ने र सरुवाका विषयमा समेत समय बिताउनुपरेकाले प्रशासकीय अदालतले कर्मचारीसँग सम्बन्धित सबै विवाद निरूपण गर्नुपर्ने माग बढेको हो ।

**सर्वोच्च अदालत र प्रशासकीय अदालत कर्मचारीका सबै समस्याको निरूपण प्रशासकीय अदालतबाट हुनुपर्नेमा एकमत छन, तर सरकारका तीनवटै अङ्गको समन्वय हुन नसक्दा माग पूरा हुनसकेको छैन ।**

# विशेष प्रकृतिका मुद्दामा गोपनीयताको अधिकार

विशेष प्रकृतिको मुद्दाको कारवाहीमा महिलाले गोपनीयता कायम राख्न पाउने अधिकार पाएका छन् । सर्वोच्च अदालतले महिलाहरूको लैगिङ्ग संवेदनशिलता, उनीहरूले व्यहोर्नु परेको लाञ्छना र विभेदलाई ध्यानमा राखी महिलाहरूसँग सम्बन्धित मुद्दामा मुद्दा दर्तादेखि फैसला पछिसम्म पनि रेकर्डको गोपनीयता राख्न पाउने अधिकारको प्रत्याभूति गर्दै त्यस्ता मुद्दामा व्यक्तिको आत्मसम्मानको अधिकारलाई सुनिश्चित गर्ने मुख्य आधार गोपनीयताको अधिकार हो भनेको छ ।

उक्त अदालतका न्यायाधीशद्वय खिलराज रेग्मी र कल्याण श्रेष्ठको संयुक्त इजलासले गत पुस १० गते महिला कानुन र विकास मञ्चको तर्फबाट अधिवक्ता सपना प्रधान मल्ल प्रधानले दायर गर्नुभएको विशेष प्रकृतिको मुद्दाको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने रिट निवेदनमा जारी आदेशबाट महिलालगायत बालबालिका र एचआईभी पीडितसमेतले पनि यो अधिकारको उपभोग गर्न पाउने भएका छन् ।

फैसलाको अंशमा "जीवनका अधिकारले व्यक्तिको भौतिकरुपमा जिउने पाउने अधिकार मात्र नजनाई निजले

सर्वोच्च अदालत र प्रशासकीय अदालत कर्मचारीका सबै समस्याको निरुपण प्रशासकीय अदालतबाट हुनुपर्नेमा एकमत छन, तर सरकारका तीनवटै अङ्गको समन्वय हुन नसक्दा माग पूरा हुनसकेको छैन ।

निजामती सेवा ऐनको दफा ६९ बमोजिम निजामती कर्मचारीलाई विभागीय सजायसम्बन्धी निर्णयको पुनरावेदन सुन्ने अधिकार प्रशासकीय अदालतलाई तोकिएको छ भने अन्तरिम संविधानको धारा १०७(२) तथा

सम्मानपूर्वक जिउन पाउने अधिकारसमेतलाई जनाउँदछ, व्यक्ति वा नागरिकका अत्यन्त निजी सूचनाहरू कुनै खास कानुनी प्रयोजनका लागि खुला गर्नुपर्ने भएमा बाहेक खुला गर्न लगाइयो भने अनावश्यकरुपमा व्यक्ति वा नागरिकको प्रतिरक्षामा पुग्दछ र पूर्ण आत्म-विश्वासका साथ आफूले गर्न चाहेका काम गर्न नसक्ने अवस्थामा पुग्दछ भनिएको छ ।

विद्यमान बन्द इजलासलाई अर्थपूर्ण वनाउन र सोभन्दा उच्चस्तरको न्यायिक प्रत्याभूति पीडित तथा संवेदनशील पक्षलाई सुनिश्चित गर्न अपराध अनुसन्धानकै चरणदेखि निजहरूको परिचयात्मक र व्यक्तिगत विवराण तथा अन्य सूचनाहरू गोपनीयता राख्न थप प्रावधानहरू गर्नु जरुरी पनि भएको फैसलामा उल्लेख छ । संयुक्त राष्ट्रसंघलगायत अन्य मुलुकमा गोपनीयताको हकले विशेष महत्व पाएको छ ।

संयुक्त राष्ट्रसंघको वडापत्रको प्रस्तावनाले महिला तथा पुरुषको मौलिक मानवअधिकार एवं आत्मसम्मानको अधिकारलाई पुनः पुष्टी गरेको छ भने मानवअधिकारको विश्व्यापी घोषणापत्र, १९४८ को धारा १२ ले सबै व्यक्तिको सम्मान तथा निजको आवास परिवार तथा पत्राचारको गोपनीयताको अधिकारलाई सुनिश्चित गरेको छ । नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १७, बालअधिकार महासन्धि १९८९ को धारा १६, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २२,

नेपाल अधिराज्यको संविधानको धारा ८८ (२) बमोजिम रिट निवेदनको रूपमा दायर भएका कर्मचारीको सरुवा, बढुवा र प्रहरी तथा संस्थानका कर्मचारीका अन्य विवादको निरूपणसमेत सर्वोच्च अदालतले गर्दैआएको छ । सर्वोच्च अदालतमा परेका तेह्र हजार ४७६ मुद्दामध्ये २० प्रतिशत मुद्दा कर्मचारीसँग सम्बन्धित रहेको र ती मुद्दा चार वर्ष अघिसम्मको रहेको तथ्याङ्कमा उल्लेख छ ।

अन्तरिम संविधान, २०६३ को धारा २८ ले गोपनीयताको अधिकारलाई मौलिक अधिकारको रुपमा लिएको छ ।

सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६७(क), पुनरावेदन नियमावली, २०४८ को नियम ६०(क) र जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६(ख) ले केही मुद्दामा बन्द इजलासबाट हेर्ने व्यवस्था गरे पनि महिला बालबालिका र एड्स पीडित व्यक्तिका मुद्दामा निजहरूको नाम र पहिचान गोप्य राख्न स्पष्ट कानुनी व्यवस्था नगरिएका कारणले त्यस्ता व्यक्तिको आर्थिक, समाजिक, सांस्कृतिक र साम्पतिक अधिकार हनन हुन पुगेको थियो । इजलासले गोपनीयताको हकसम्बन्धी कानुन बनाउन सरकारका नाममा निर्देशनात्मक आदेश पनि जारी गर्नुका साथै उक्त कानुन नबनेसम्म जारी निर्देशिका बमोजिम व्यवस्था पालना गर्न/गराउन पनि आदेश दिएको छ ।

निर्देशिकामा बलात्कार तथा जिउ मास्ने-बेच्ने मुद्दा, एचआईभी र एड्सबाट संक्रमितको मुद्दा र गोपनीयता कायम राख्नुपर्ने भनी अदालतबाट तोकिएका अन्य मुद्दाका सम्बन्धमा पीडितको व्यक्तिगत सूचनालाई छुट्टै लेखवद्ध गरेर संकेत नम्वर दिनुपर्ने, पीडितको उपस्थितिमा पनि कारवाही अघि बढाउँदा संकेत नम्बर वा चिह्नबाटै गर्नुपर्ने, मुद्दाका सम्बन्धमा प्रतिवादीलाई जनकारी दिइसकेपछि पीडित व्यक्तिका सूचना पुनः सिलवन्दी

सर्वोच्च अदालतबाट समयमै न्यायसम्पादन हुन नसक्दा एउटा कर्मचारीको बढुवाविरुद्ध अन्यायमा परेका अर्का कर्मचारीले दायर गरेको रिट निवेदनको चार वर्षपछि मात्र बढुवा बदर हुने गरी टुङ्गो लागेर अघि बढुवा भएको कर्मचारीलाई तल्लो पदमा फर्काउनुपर्दा र विनासूचना ९० दिनभन्दा बढी समयसम्म अनुपस्थित रहने कर्मचारीलाई कानुनबमोजिम सेवाबाट हटाउने निर्णयविरुद्ध पछि दायर भएको रिट निवेदनबमोजिम टुङ्गो लागेर अघि गरेको

गर्नुपर्ने तथा फैसला तयार पार्दासम्म पनि गोप्य कुरालाई प्रकाशन नगरिने र कसैलाई यस्ता कुरा प्रकाशन गरेमा मनासिव माफिकको क्षतिपूर्ति भराइनेलगायत विषय छन् । उक्त विषयमा रिट दायर गर्ने अधिवक्ता सपना प्रधान मल्ल फेसला हुनु र कानुनसरह निर्देशिका जारी हुनु सकारात्मक कुरा भए पनि यसको कार्यान्वयनका लागि पीडित पक्षले थाह पाउने गरी सरकारले प्रसार-प्रसार गर्नुपर्नेमा जोड दिनुहुन्छ ।

फैसला भएपछि आफूहरूले उक्त फैसलासहित निर्देशिका छापेर अदालत, प्रहरी र महान्याधिवक्ताको कार्यालयमा पठाइएको, काठमाडौं, ललितपुर, काभ्रेपलाञ्चोक र नवलपरासीका न्यायाधीश तथा श्रेस्तेदारलाई यस विषयमा प्रशिक्षण पनि दिइसकेको र पीडित पक्षलाई जानकारी दिलाउने काममा लागेको उहाँले उल्लेख गर्नुहुन्छ ।

काठमाडौं जिल्ला अदालतका श्रेस्तेदार कृष्णराम कोइराला भन्नुहुन्छ-गोपनीयताको सम्बन्धमा मुद्दा दर्तादेखि फैसला पछिसम्म पनि गोप्य राख्ने विषय र पीडित पक्षको सांकेतिक नाम राख्नुपर्ने सम्बन्धमा तीनवटै तहका अदालतका प्रतिनिधि बसेर छलफल गर्ने तयारी भइरहेको छ ।

कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयले गोपनीयताको सम्बन्धमा कानुन बनाउन एक कार्यदल गठन गरेर मस्यौदा गरिरहेको प्रवक्ता केदार पौडेल बताउनुहुन्छ ।

निर्णय बदर गर्नुपर्ने हुँदा प्रशासनयन्त्रमा अनुशासनहीनता बढेको टिका-टिप्पणी हुँदैआएको छ । एउटा कर्मचारीलाई अर्को कार्यालयमा सरुवा गरी त्यस स्थानमा अर्को कर्मचारी ल्याउँदा सरुवा भएर जाने कर्मचारीले दायर गरेको रिट निवेदनको टुङ्गो समयमै नलाग्दा एकै पदमा दुई कर्मचारीलाई हाजिर गराउनुपर्ने बाध्यता पनि छ ।

यसैगरी सरकारवादी भएका विवादमा समयमै अदालतबाट मुद्दा किनारा

नहुँदा कतिपय विकास निर्माणका काम रोकिएका, त्यस्ता विवादमा अन्तरिम आदेश जारी भएपछि निर्णय हुँदा तोकिएको समयको काम निरर्थक हुन पुग्दा र अन्तरिम आदेशले सरकारी निर्णयहरू कार्यान्वयन हुन नसकेको स्थिति पनि यथावत् छ, तीन वर्षअघि कलङ्कीदेखि सोल्टीमोडसम्म बाटो विस्तार गर्न लाग्दा सर्वोच्चको आदेशले काम रोक्नुपरेको उदाहरण छ ।

प्रधानन्यायाधीश केदारप्रसाद गिरीले सर्वोच्च अदालतको कार्यबोझ कम गरी संवैधानिक दायित्व सफलतापूर्वक निर्वाह गर्न र सर्वोच्च अदालतलाई अझ बढी सक्षम बनाउन सरकारी कर्मचारीका सरुवा, बढुवा र सार्वजनिक संस्थानका कर्मचारीका मुद्दासमेत प्रशासकीय अदालतको क्षेत्राधिकार तोकिनु आवश्यक भएकोले यस विषयमा सरकार र व्यवस्थापिकाबाट पनि पहल हुनुपर्ने बताउँदै आउनुभएको छ । निजामती सेवा ऐनबमोजिम निजामती कर्मचारीउपर गरिएको विभागीय कारवाहीको न्यायिक जाँच गर्ने अन्तिम अदालतको रूपमा प्रशासकीय अदालतको परिकल्पना गरिए पनि सबै प्रकृतिका विवाद हेर्ने क्षेत्राधिकार यसलाई नहुँदा काममा दोहोरोपन आएको अदालतका अध्यक्ष काशीराज दाहाल बताउँछन् ।

दाहालका दृष्टिमा निजामती कर्मचारीलाई गरिएका सबै प्रकारका विभागीय सजायउपरको पुनरावेदन सुन्ने, ती कर्मचारीको सरुवा, बढुवाउपरको उजुरी सुन्ने, कर्मचारीले कानुनबमोजिम गर्नुपर्ने कार्य नगरेको उपर सम्बन्धित पक्षको गुनासा तथा उजुरी सुनी त्यसमा उपयुक्त आदेश दिने र प्रहरी तथा सार्वजनिक संस्थानका कर्मचारीलाई विभागीय सजाय गरी सेवाबाट हटाइएको वा बर्खास्त गरिएको सजायउपर पुनरावेदन सुन्ने क्षेत्राधिकार प्रशासकीय अदालतलाई दिइनुपर्छ ।

यसका लागि निजामती सेवा ऐनको दफा ६९ मा संशोधन हुनुपर्ने हुन्छ । यो दफा परिमार्जनका लागि प्रक्रियागत चरणमा गृहकार्य भइरहेको सामान्य प्रशासन मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद कुसुम बताउँछन् ।

## अख्तियारबाटै अख्तियारीको दुरुपयोग

यसैबीच, प्रशासकीय अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अधिकार निर्धारण गरी सोअनुरुप काम गर्न ध्यानाकर्षण गराएको छ । विभागीय

सजाय पाएका एक राष्ट्रसेवक कर्मचारीलाई आयोगले आफ्नो सीमा बाहिर रही सजायको किटानी गरी पत्र लेखेकाले सो अदालतले आयोगलाई ध्यानाकर्षण गराएको हो ।

अदालतका अध्यक्ष काशीराज दाहाल तथा सदस्यद्वय चित्रदेव जोशी तथा डा.गोविन्दप्रसाद कुसुमले गरेको फैसलामा राष्ट्रिय सर्तकता केन्द्रका उपसचिव दण्डपाणी बरालविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेतको मुद्दामा "संविधानको व्यवस्थाबमोजिम विभागीय कारवाहीअर्न्तगत विभिन्न स्वरुपका सजायमध्ये यो सजाय नै गर्नु भनी स्पष्ट किटानी सजायको निर्णय गरी फैसलामा अख्तियारवालासमक्ष लेखी पठाउने अधिकार आयोगलाई रहे भएको देखिन्न भनिएको छ ।

कानुन र न्यायको मान्य सिद्धान्त प्रतिकूल हुने गरी कुनै पनि अङ्ग वा पदाधिकारीले काम गर्छ भने त्यस्तो कार्य स्वयम्मा अख्तियार दुरुपयोग भएको मानिने पनि फैसलामा जनाइएको छ । राष्ट्रिय सर्तकता केन्द्रका कार्यवाहक प्रमुख अधिकृत कृष्णकुमार श्रेष्ठले गरेको सजायको निर्णय पर्चामा आरोपित व्यक्तिउपरको समर्थित हुने आधार खुलाउन नसकेको, सवुत प्रमाणको मूल्याङ्कनद्वारा न्यायिक मनको प्रयोग गरी निर्णय गरेको नदेखिएको र सो आयोगको निर्णयबमोजिम यन्त्रवत्रुपमा उनलाई गरेको विभागीय सजायको निर्णय कानुन र न्यायको प्रतिकूल हुँदा बदर हुने ठहर्ने उल्लेख गरिएको छ ।

सल्यान जिल्ला विकास समितिको निमित्त स्थानीय विकास अधिकारी रहेका बखत उपसचिव बरालले आर्थिक वर्ष २०५९/०६० को अन्त्यमा सामान खरिद गर्दा भएको अनुचित कार्यमध्ये ठहर भएको ३५ हजार रुपैयाँ सरकारी बाँकीसरह राजस्वमा जम्मा गर्न र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा ३ को खण्ड ख, ङ, र छ अनुसार दुई तलब वृद्धि रोक्का गर्ने भनी आयोगबाट निर्णय भइआएकोले राष्ट्रिय सर्तकता केन्द्रले १८ साउन २०६२ मा स्पष्टिकरण पत्र लेखेको थियो ।

राष्ट्रसेवकको हैसियतले आफूलाई सुम्पिएको कार्यभार असल नियत राखी गरेको र ती कार्य गर्दा बदनियत नराखेकोले विभागीय सजाय नपाउनुपर्ने र दुई तलब बृद्धि पनि रोक्नु नपर्ने भनी स्पष्टिकरण दिएका आरोपित व्यक्ति

बरालसँग दोस्रो पटकको स्पष्टिकरण पत्रको जवाफ लिइयो । र, सो केन्द्रले निजामती सेवा ऐन, २०४९ को दफा ६८ बमोजिम परामर्शका लागि लोकसेवा आयोगलाई पत्र लेखेकोमा आयोगले पनि सोही ऐनको दफा ५९ खण्ड (क) २ बमोजिम तलब बृद्धि रोक्का गर्न पत्र पठाएको थियो ।

**सुझाव :**

- **अख्तियारको भनाई आएन ।**
- **विषयवस्तुमा आएका तथ्य पुष्टि गर्ने घटना राखेको भए राम्रो हुन्थ्यो ।**
- **यस विषयवस्तुलाई अझ खोजी गर्न सकिन्थ्यो ।**

# अनुसूचीहरु

# अनुसूची–१

मिति २०६४ असार ५ गतेदेखि ९ गतेसम्म पाटन पुनरावेदन अदालतलाई केन्द्रित गरी काठमाडौंमा सञ्चालन भएको कानुनी पत्रकारिता तालिममा सहभागी पत्रकारहरूको नामावली निम्नअनुसार छ ।

| क्रसं | नाम | सम्बद्ध संस्था | इमेल | कैफियत |
|---|---|---|---|---|
| १. | लक्ष्मी बस्नेत | नेपाल एफएम | laxminepal@gmail.com | |
| २. | यशोदा अधिकारी | छलफल साप्ताहिक | yashu_00@yahoo.com | |
| ३. | रामहरि त्रिपाठी | घटना र विचार | ramharisabaiko@gmail.com | |
| ४. | युवराज पुरी | अन्नपूर्ण पोष्ट | baraju200@yahoo.com | |
| ५. | दिनेश दाहाल | जनप्रहार साप्ताहिक | dahaldinesh@hotmail.com | |
| ६. | अमरेन्द्र यादव | नेपाल एफएम | amarmaithil@yahoo.com | |
| ७. | रोहितचन्द्र भट्टराई | नेपाल समाचारपत्र | rohit.bhattarai@gmail.com | |
| ८. | सन्तोषकुमार चौधरी | अन्नपूर्ण पोष्ट | santochy@gmail.com | |
| ९. | शुभक महतो | नेपाल जापान अनलाइन | subhak_mahato@yahoo.com | |
| १०. | शारदा सिलवाल | सञ्चारिका समूह | sharada.silwal@gmail.com | |
| ११. | विमल योगी | स्टार एफएम | bimalradio@hotmail.com | |
| १२. | गंगाप्रसाद खतिवडा | नेपाल टेलिभिजन | patlepani@hotmail.com | |
| १३. | विश्वामित्र खनाल | नयाँ रुपरेखा सा.,नुवाकोट | rkmitra@hotmail.com | |
| १४. | नेमिष गौतम | राजधानी दैनिक | nemishgautam@gmail.com | |
| १५. | रामबहादुर रावल | दृष्टि साप्ताहिक | rawalram@gmail.com | |
| १६. | मधुसुदन गुँरागाईं | काभ्रे टाइम्स साप्ताहिक | mguraigain@gmail.com | |
| १७. | रीता सापकोटा | रेडियो एचविसी | sapkota424@gmail.com | |

मिति २०६४ भदौ ५ गतेदेखि ९ गतेसम्म धनकुटा, इलाम, विराटनगर र राजविराज पुनरावेदन अदालतले समेटेका क्षेत्रलाई केन्द्रित गरी धनकुटामा सञ्चालन भएको कानुनी पत्रकारिता तालिममा सहभागी भएका व्यक्तिहरूको नामावली निम्नअनुसार छन् ।

| क्रसं | नाम | सम्बद्ध संस्था | इमेल | कैफियत |
|---|---|---|---|---|
| १. | हिमा चेम्जोङ | जनविश्वास साप्ताहिक | himachemjong@yhoo.com | |
| २. | सन्तवीर लामा | ब्लाष्ट टाइम्स रा.दैनिक | blast@gmail.com | |
| ३. | ईश्वर सेडाई | दर्शन दैनिक,विराटनगर | ishwar_sedai@redifmail.com | |
| ४. | सुदिप श्रेष्ठ | आँखा साप्ताहिक | gurunj_kaya2005@yahoo.com | |
| ५. | दिपेन्द्र शाक्य | संखुवासभा पोष्ट | dipendra_my@yahoo.com | |
| ६. | एक्सन खम्बु | औजार दैनिक | eksonrai@gmail.com | |
| ७. | युवराज घिमिरे | देशान्तर साप्ताहिक | youbrajg@yahoo.com | |
| ८. | रामबाबु यादव | इमेज च्यानल | raajyadav@yahoo.com | |
| ९. | सुरेन्द्र सुवेदी | कान्तिपुर पब्लिकेशन | subedigee@gmail.com | |
| १०. | सन्तोष सुवेदी | गोरखापत्र दैनिक | madhursantosh@yahoo.com | |
| ११. | रमेशचन्द्र अधिकारी | कान्तिपुर पब्लिकेशन | anuska646@ntc.net.com | |
| १२. | टेकेन्द्र प्र.अधिकारी | उद्घोष दैनिक,विराटनगर | tekendraadhikari@gmail.com | |
| १३. | राजकुमार पासवान | औजार दैनिक, धरान | rajkumar2001@yahoo.com | |
| १४. | रेनुका राई | नयाँ पत्रिका दैनिक | smiriti_rai2003@yahoo.com | |
| १५. | लवदेव ढुङ्गाना | कान्तिपुर दैनिक,पाँचथर | devlawa@yahoo.com | |
| १६. | एलिना हिङ्माङ् | द धनकुटा हेराल्ड सा.ध. | mguraigain@gmail.com | |
| १७. | मनिता चाम्लीङ | दिव्य रोशनी सा.सुनसरी | manitachamling@yahoo.com | |
| १८. | मनोज श्रेष्ठ | अन्नपूर्ण पोष्ट दैनिक | press_rasika@yahoo.com | |
| १९. | विजयसन्तोषी राई | धनकुटा साप्ताहिक | fnjdkt@yahoo.com | |

मिति २०६४ मंसिर १४ देखि १८ गतेसम्म हेटौंडा, बाग्लुङ, पोखरा र बुटवल पुनरावेदन अदालतले समेटेका क्षेत्रलाई केन्द्रित गरी पोखरामा सञ्चालन भएको कानुनी पत्रकारिता तालिममा सहभागी भएका व्यक्तिहरूको नामावली निम्नअनुसार छन् ।

| क्रसं | नाम | सम्बद्ध संस्था | इमेल | कैफियत |
|---|---|---|---|---|
| १. | शैलज नेपाल | श्रीनगर एफएम | shailajnepal@gmail.com | |
| २. | किरण कौशल | कम्यूनिकेशन कर्नर | injoywith_kiran@yahoo.com | |
| ३. | हेमराज बराल | रेडियो नेपाल | hemrajbaral@hotmail.com | |
| ४. | श्याम कुँवर | पोखरापत्र दैनिक | puranshingha@yahoo.com | |
| ५. | वि.वि आले | सञ्चार दर्पण साप्ताहिक | alebb30@hotmail.com | |
| ६. | तेजेन्द्र के.सी | नवतिलोत्तमा दैनिक,बुटवल | tejendra_kc2001@yahoo.com | |
| ७. | विक्रम खड्का | दैनिक लुम्बिनी | jurnallistbkctoo@gmail.com | |
| ८. | के.वी. राना | हाम्रो एफएम,नवलपरासी | kb_ruchang@yahoo.com | |
| ९. | सुपेन्द्र वस्नेत | साप्ताहिक पाक्षिक रा.प.संजाल | supendrahtd@hotmail.com | |
| १०. | रितेश त्रिपाठी | न्यू वीरगञ्ज दैनिक | newbirgunjdaily@yahoo.com | |
| ११. | ईश्वरी न्यौपाने | कान्तिपुर पब्लिकेशन | ishowrinp@gmail.com | |
| १२. | रामप्रसाद कडेल | धौलागिरी एफएम | | |
| १३. | कल्पना शर्मा | धौलागिरी एफएम | kalpana_sharma@yahoo.com.in | |
| १४. | सुवास कँडेल | बाग्लुङ एफएम | phutkumari@yahoo.com | |
| १५. | रामप्रसाद तिमेल्सेना | समाधान दैनिक | ramukonews@gmail.com | |
| १६. | विनोद कु.चौलागाईं | हेटौंडा सन्देश | rjbilin26@gmail.com | |
| १७. | रोशन थापा | हेटौंडा सन्देश | roshan_anup@yahoo.com | |
| १८. | पुरुषोत्तम सुवेदी | रासस | kbasyal@ntc.net.np | |
| १९. | सम्पदा बास्तोला | रेडियो अन्नपूर्ण एफएम | sambs_6@yahoo.com | |

मिति २०६४ पुस ३० देखि माघ ४ गतेसम्म बाँके, सुर्खेत, तुल्सीपुर, महेन्द्रनगर, डोटी र जुम्ला पुनरावेदन अदालतले समेटेका क्षेत्रलाई केन्द्रित गरी दाङमा सञ्चालन भएको कानुनी पत्रकारिता तालिममा सहभागी भएका व्यक्तिहरुको नामावली निम्नअनुसार छन् ।

| क्रसं | नाम | सम्बद्ध संस्था | इमेल | कैफियत |
|---|---|---|---|---|
| १. | दीपा थापा | रेडियो जनआवाज,बाँके | dthapa_2008@yahoo.com | |
| २. | गोमा बस्नेत | रेडियो कोहलपुर, बाँके | | |
| ३. | शिवराज खत्री | सुदूर सन्देश राष्ट्रिय दैनिक | khatri_shiba@yahoo.com | |
| ४. | प्रदिप पाण्डे | नयाँ पत्रिका दैनिक | pradippandeya@yahoo.com | |
| ५. | विश्वराज बोगटी | रेडियो चुपलमालीका एफएम | | |
| ६. | रुपा गहतराज | रेडियो भेरीआवाज,बाँके | rupa_npj@yahoo.com | |
| ७. | हेमराज शर्मा | इन्द्रेणी एफएम, दाङ | hemraj195@gmail.com | |
| ८. | आनन्दमोहन नमस्कार | गणतन्त्र रा.दैनिक, दाङ | | |
| ९. | अमरक्षितिज भण्डारी | रेडियो इन्द्रेणी, दाङ | amarpremj@gmail.com | |
| १०. | वलराम पाण्डे | अभ्यास दैनिक,महेन्द्रनगर | उबलमबथादबबिचक२न्कबषीअफ | |
| ११. | सन्ध्या शाह | बागेश्वरी एफएम, बाँके | hah_sanwriterose@yahoo.com | |
| १२. | दिपक सिंग | राजधानी दैनिक,डडेल्धुरा | sindeepu@gmail.com | |
| १३. | लालबहादुर ऐरी | रासस, डडेल्धुरा | lal_preti@gmail.com | |
| १४. | लक्ष्मी आचार्य | नयाँ युगबोध दैनिक,दाङ | acharaya.laxmi@gmail.com | |
| १५. | हिमालय जोशी | महाकाली एफएम | | |
| १६. | मधुसूदन भट्टराई | रेडियो स्वर्गद्वारी, दाङ | | |
| १७. | हेमलता जीसी | रेडियो भेरी आवाज,बाँके | prativanpj@yahoo.com | |
| १८. | सुशील बस्नेत | रेडियो तुल्सीपुर, दाङ | sushil_basnet80@yahoo.com | |
| १९. | इन्द्र डिसी | गोरक्ष राष्ट्रिय दैनिक,दाङ | indra_dc@yahoo.com | |
| २०. | प्रतिमा शर्मा | रेडियो देउखुरी, दाङ | | |

मिति २०६४ माघ २३ देखि माघ २८ गतेसम्म सर्वोच्च अदालतलाई कार्यक्षेत्र बनाई कार्य गरिरहेका आम-सञ्चारकर्मीहरुका लागि काठमाडौंमा सञ्चालन भएको कानुनी पत्रकारिता तालिममा सहभागी भएका व्यक्तिहरूको नामावली निम्नअनुसार छन् ।

| क्रसं | नाम | सम्बद्ध संस्था | इमेल | कैफियत |
|---|---|---|---|---|
| १. | प्रकाश सिलवाल | आजको शिक्षा | silwal.prakash@gmail.com | |
| २. | खीला कार्की | गोर्खा एफएम | khilakarki@gmail.com | |
| ३. | नगेन्द्र लम्साल | विकल्प साप्ताहिक | nagendralamsal@gmail.com | |
| ४. | सरोज दहाल | नेपाल एफएम | sarojdahal@hotmail.com | |
| ५. | यम विरही | राजधानी दैनिक | birahiabc@yahoo.com | |
| ६. | विकाश भट्टराई | नेपाल समाचारपत्र दैनिक | bikash_bhattari2002@yahoo.com | |
| ७. | होमप्रसाद लम्साल | विकल्प साप्ताहिक | hom_lamsal500@yahoo.com | |
| ८. | मदन गौतम | रासस | mgautam022@yahoo.com | |
| ९. | राजकुमार श्रेष्ठ | हेडलाइन्स एफएम | raj.stha22@gmail.com | |
| १०. | केपी ढुङ्गाना | नयाँ पत्रिका | kpdhungana@gmail.com | |
| ११. | नरेन्द्र सावद | हिमालय टाइम्स दैनिक | narendrasaud@yahoo.com | |
| १२. | छत्र शंकर | सगरमाथा टेलिभिजन | chhatra2005@yahoo.com | |
| १३. | इन्द्र अधिकारी | नेपाल न्यूज डटकम | journp.indra@yahoo.com | |
| १४. | कृष्ण सापकोटा | फ्रिडम फोरम | skrishp@hotmail.com | |
| १५. | प्रमोद आयाम | एभिन्यूज टेलिभिजन | pramod.htd@gmail.com | |

# अनुसूची–२

पाँचवटै तालिम कार्यक्रममा सहभागी भएका सञ्चारकर्मीहरुमध्येबाट उत्कृष्ट २५ जनालाई “कानुनी पत्रकारिता लेखनवृत्ति” प्रदान गरिएको थियो । वृत्तिका लागि छानिएको २५ जनालाई लेखनवृत्तिस्वरुप जनही रु.१५ हजार प्रदान गरिएको थियो । लेखनवृत्ति कार्यक्रमको अन्तिम चरणसम्म छनौट गरिएका वृत्तिप्राप्तकर्तामध्ये २३ जनाले समयमै कार्यसम्पन्न गरी अन्तिम प्रतिवेदन प्रस्तुत गरेका थिए । यस लेखनवृत्ति कार्यक्रमअन्तर्गत छानिएका सहभागीहरू निम्नअनुसार छन् ।

| क्रसं | वृत्तिप्राप्तकर्ताको नाम | जिल्ला | संलग्न सञ्चारमाध्याम | कैफियत |
|---|---|---|---|---|
| १. | सारदा सिलवाल | काठमाडौं | सञ्चारिका समूह | कार्यसम्पन्न गरिसकेको |
| २. | सन्तोष चौधरी | काठमाडौं | अन्नपूर्ण पोष्ट, दैनिक | कार्यसम्पन्न गरिसकेको |
| ३. | रामबहादुर रावल | काठमाडौं | दृष्टि साप्ताहिक | कार्यसम्पन्न गरिसकेको |
| ४. | युवराज पुरी | सिन्धुपाल्चोक | अन्नपूर्ण पोष्ट, दैनिक | कार्यसम्पन्न गरिसकेका |
| ५. | रमेशचन्द्र अधिकारी | धनकुटा | कान्तिपुर दैनिक | कार्यसम्पन्न गरिसकेको |
| ६. | सन्तवीर लामा | धनकुटा | ब्लाष्ट टाइम्स | कार्यसम्पन्न गरिसकेको |
| ७. | एलिना हिङ्माङ् | धनकुटा | द धनकुटा हेराल्ड | कार्यसम्पन्न गरिसकेको |
| ८. | सन्तोष सुवेदी | सिराहा | गोखापत्र दैनिक | कार्यसम्पन्न गरिसकेको |
| ९. | मनोज श्रेष्ठ | विराटनगर | अन्नपूर्ण पोष्ट दैनिक | कार्यसम्पन्न गरिसकेको |
| १०. | ईश्वरी न्यौपाने | पोखरा | कान्तिपुर दैनिक | कार्यसम्पन्न गरिसकेको |
| ११. | विक्रम खड्का | बुटवल | लुम्बिनी दैनिक | कार्यसम्पन्न गरिसकेको |
| १२. | पुरुषोत्म सुवेदी | नवलपरासी | रासस | कार्यसम्पन्न गरिसकेको |
| १३. | रोशन थापा | हेटौंडा | अभ्यास दैनिक | कार्यसम्पन्न गरिसकेको |
| १४. | रितेश त्रिपाठी | वीरगञ्ज | न्यू वीरगञ्ज डेली | कार्यसम्पन्न गरिसकेको |
| १५. | हेमराज शर्मा | दाङ | इन्द्रेणी एफएम | कार्यसम्पन्न गरिसकेको |
| १६. | मधुसूदन भट्टराई | दाङ | गोरक्ष राष्ट्रिय दैनिक | कार्यसम्पन्न गरिसकेको |
| १७. | लालबहादुर ऐरी | डडेल्धुरा | रासस | कार्यसम्पन्न गरिसकेको |
| १८. | बलराम पाण्डे | महेन्द्रनगर | अभियान दैनिक | कार्यसम्पन्न गरिसकेको |
| १९. | रुपा गहतराज | नेपालगञ्ज | रेडियो भेरी आवाज | कार्यसम्पन्न गरिसकेको |
| २०. | यम विरही | काठमाडौं | राजधानी दैनिक | कार्यसम्पन्न गरिसकेको |
| २१. | विकास भट्टराई | काठमाडौं | नेपाल समाचारपत्र दैनिक | कार्यसम्पन्न गरिसकेको |
| २२. | नगेन्द्र लम्साल | काठमाडौं | विकल्प साप्ताहिक | कार्यसम्पन्न गरिसकेको |
| २३. | मदन गौतम | काठमाडौं | रासस | कार्यसम्पन्न गरिसकेको |

# अनुसूची–३

कानुनी पत्रकारिता तालिम कार्यक्रमका पाँचवटै चरणमा संलग्न रहनुभएका प्रशिक्षक तथा अतिथि प्रशिक्षकहरूको नामावली यसप्रकार रहेको छ ।

| क्रसं | नाम | सम्बद्ध संस्था | पद | कैफियत |
|---|---|---|---|---|
| १. | श्रीकृष्ण भट्टराई | फ्रिडम फोरम | अधिवक्ता | |
| २. | धमेन्द्र झा | नेपाल पत्रकार महासंघ | अध्यक्ष | |
| ३. | मा.न्या.बलराम केसी | सर्वोच्च अदालत | न्यायाधीश | |
| ४. | कल्याण श्रेष्ठ | सर्वोच्च अदालत | न्यायाधीश | |
| ५. | राजेन्द्र दाहाल | प्रेस काउन्सिल | अध्यक्ष | |
| ६. | तारानाथ दाहाल | फ्रिडम फोरम | अध्यक्ष | |
| ७. | हरीहर विरही | प्रेस काउन्सिल | पूर्वअध्यक्ष | |
| ८. | कृष्णमुरारी भण्डारी | कान्तिपुर पव्लिकेशन | वरिष्ठ पत्रकार | |
| ९. | डा.राम कृ.तिमिल्सेना | सर्वोच्च अदालत | रजिष्ट्रार | |
| १०. | भीर्मार्जुन आचार्य | सर्वोच्च अदालत | अधिवक्ता | |
| ११. | शेरबहादुर केसी | सर्वोच्च अदालत | अधिवक्ता | |
| १२. | प्रकाश थापा | अमेरिकन लाइब्रेरी | निर्देशक | |
| १३. | सन्तोषबाबु सिग्देल | आर्टिकल १९ | नेपाल प्रतिनिधि | |
| १४. | रामकृष्ण निराला | सर्वोच्च अदालत | अधिवक्ता | |
| १५. | शिव गाउँले | नेपाल पत्रकार महासंघ | वरिष्ठ पत्रकार | |
| १६. | जीवनहरि अधिकारी | पुनरावेदन अदालत, पाटन | रजिष्ट्रार | |
| १७. | अग्नि प्र.कोइराला | जिल्ला अदालत धनकुटा | न्यायाधीश | |
| १८. | प्रेमराज कार्की | पुनरावेदन न्यायाधिवक्ताको कार्यालय,धनकुटा | सह-न्यायाधिवक्ता | |
| १९. | संजयसन्तोषि राई | प्रेस काउन्सिल नेपाल | केन्द्रीय समिति | |
| २०. | नारायण कार्की | समाधान दैनिक | वरिष्ठ पत्रकार | |
| २१. | भरतमणी खनाल | | | |
| २२. | महेन्द्र उपाध्याय | कास्की जिल्ला अदालत, पोखरा | | |
| २३. | डण्डपाणी शर्मा | पुनरावेन अदालत, पोखरा | | |
| २४. | नातिबाबु लामिछाने | पुनरावेदन अदालत, तुलसीपुर, दाङ | रजिष्ट्रार | |
| २५. | मोहन सापकोटा | जिल्ला प्रशासन कार्यालय, दाङ | प्र.जिल्ला अधिकारी | |
| २६. | दीपककुमार थापा | जिल्ला प्रहरी कार्यालय | प्रहरी उपरिक्षक | |
| २७. | रेवतीरमण भट्टराई | महेन्द्र बहुमुखी क्याम्पस, दाङ | उपप्राध्यापक, अधिवक्ता | |

## तालिममा सहजकर्ताहरू

| क्र.सं | स्थान | नाम |
|---|---|---|
| १. | काठमाडौं (पहिलो) | प्रदिप घिमिरे |
| २. | धनकुटा | विजय मिश्र/विजयसन्तोषी राई |
| ३. | पोखरा | रमेश पौडेल |
| ४. | दाङ | सनत आचार्य/विपुल पोखरेल |
| ५. | काठमाडौं (दोस्रो) | सुवास शर्मा |

# फ्रिडम फोरम

## कानुनी पत्रकारिता तालिम

## फेलोसिप कार्यक्रम

## मूल्याङ्कन फारम

| क्र.स. | नाम | कक्षा गतिविधि–२० | | | | प्रस्ताव–३० | | | | | | प्रकाशित/प्रसारित समाचार–२५ | कक्षा कार्य–२५ | जम्मा १०० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अनुशासन–५ | नियमितता–५ | उत्सुकता–५ | सक्रियता–५ | विषयवस्तु–५ | अध्ययन विधि–५ | समय सीमा–५ | स्रोत सम्पर्क–२ | स्थलगत अवलोकन–३ | अध्ययनको संख्या–१० | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

# फ्रिडम फोरमका प्रकाशनहरू

## पुस्तकहरू :

(१) संविधानसभाको संरचना र निर्वाचन पद्धति
(२) नेपाल रिपोर्ट – २०६२
(३) समावेशी लोकतन्त्र
(४) लोकतन्त्रमा समावेशीकरण
(५) मधेश आन्दोलनमा मिडिया
(६) अदालती समाचार (स्रोत तथा प्रशिक्षण दिग्दर्शन)
(७) पत्रकारिता नीति तथा कानुन
(८) नेपालको सूचनाको हकसम्बन्धी कानुनमाथिको टिप्पणी
(आर्टिकल–१९ र पत्रकार महासंघसँग संयुक्तरुपमा)
(९) अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड एक संग्रह

## पुस्तिकाहरू :

(१) भुटान अधिराज्यको मस्यौदा संविधान (२००५)
(२) सूचनाका हक हाम्रो अधिकार
(३) पत्रकारका लागि निर्वाचन समाचार संकलन–सम्प्रेषण निर्देशिका

## पत्रिकाहरू :

(१) स्वतन्त्र आवाज (६ अंक)
(२) Free Expression (6 Issue)

## अन्य :

(१) सूचनाको हकसम्बन्धी विभिन्न पोस्टर तथा पम्पलेटहरू